# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको परिचय

मानिसले आफ्नो जीवन पद्धतिलाई नियमित, सुखमय र सुव्यवस्थित बनाउनको लागि विभिन्न संस्कृतिको विकास गरेको छ । यस्तै क्रममा आफ्नो जैविक एवम् प्राकृतिक आवश्यकतालाई नियमित र व्यवस्थित तरिकाले सम्पन्न गर्नको लागि विवाह रूपी संस्थाको विकास भएको हो । आफ्नो जैविक र सामाजिक आवश्यकताको परिपूर्ति गर्नको लागि विकास गरिएको विवाह संस्थाको विकास प्रत्येक समाजमा एकनासको नभई फरक-फरक किसिमले हुँदै आएको छ । प्रत्येक सामाजिक संस्थाहरूको विकासक्रममा अनेक किसिमका परिवर्तनहरू देखापर्दछन् । परिवर्तनको यो शाश्वत नियमबाट विवाह संस्था पनि अलग रहन सकेको छैन । नेपाली समाज बहुजातीय, बहुसाँस्कृतिक र बहुधार्मिक भएकाले यहाँ विभिन्न किसिमका विवाह पद्धति र संस्कारहरू प्रचलनमा रहेका छन् । नेपालका प्रत्येक जाति र समुदायमा प्रचलित विवाह संस्कारहरूमा आ-आफ्नै मौलिकपनाहरू रहेको पाइन्छ । विवाह संस्कारमा देखिने यो विविधतालाई अध्ययन गर्ने क्रममा नेपालका प्रमुख दुई तागाधारी जातिहरू ब्राह्मण र क्षत्रीहरूको विवाह संस्कारमा विकासको क्रममा कस्ता परिवर्तनहरू देखिएका छन् र यी परिवर्तन ल्याउन कुन-कुन कारक तत्त्वहरूले भूमिका खेलेका छन् भनी अध्ययन गर्नमा यो शोधलाई केन्द्रित गरिएको छ ।

ब्रँह्मण-क्षत्री समूहको विवाह संस्कारमा आएका परिवर्तनको अध्ययन गर्नको लागि स्याङ्जा जिल्लास्थित फेदीखोला गा.वि.स.लाई यसको अध्ययन क्षेत्रको रूपमा चयन गरिएको छ । अध्ययनको प्रकृति अनुरूप यो अध्ययनको शीर्षक “ब्रँह्मण-क्षत्री समूहको विवाह संस्कारमा आएका परिवर्तनहरू स्याङ्जा जिल्लाको फेदीखोलामा आधारित एक अध्ययन” रहेको छ ।

विवाह के हो ? भन्ने सम्बन्धमा विभिन्न धर्म र संस्कृति अँगालेका समाजमा समान किसिमका धारणाहरू पाउन सकिँदैन । समाजमा प्रचलित विवाह पद्धति अनुसार यसलाई फरकफरक ढङ्गले प्रस्तुत गर्ने र बुझ्ने गरिएको छ । कुनै पनि समाजमा विवाहलाई हेर्ने दृष्टिकोण, त्यस समाजलाई निर्देशन गर्ने धार्मिक अवस्थाले प्रभाव पार्दछ । विभिन्न समाजमा समयको विकासक्रममा अनेक प्रकारका विवाह पद्धतिहरू प्रचलनमा आए र

औद्योगीकरण भन्दा अगाडिका पद्धति र औद्यँगीकरणपछिका विवाह पद्धतिमा धेरै फरक पाइन्छ । यसरी समय अन्तरालमा विवाह पद्धतिमा धेरै परिवर्तनहरू आएका हुनाले सबै समाजको लागि मान्य हुने विवाहको एउटै परिभाषा पाउन सकिँदैन । विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले विवाहलाई विभिन्न किसिमले परिभाषित गरेका छन् :-

इ.एस. वोगार्डसका अनुसार, "विवाह स्त्री र पुरुषले पारिवारिक जीवनमा प्रवेश गर्ने वैधानिक संस्था हो ।"

प्रसिद्ध मानवशास्त्री मालिनोस्कीका अनुसार, "विवाह सन्तान उत्पत्ति र देखभालको निम्ति गरिने सम्झौता हो ।"

वेस्टरमार्कका अनुसार, "Marriage is a relation of one or more man, and women which is recognized by custom or law involves certain rights and duties both in case of the parties entering the union and in the case of children."

विभिन्न विद्वान् तथा समाजशास्त्री/मानवशास्त्रीहरूले विवाह सम्बन्धी व्यक्त गरेका परिभाषाहरूबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि विवाह भन्ने संस्थाको उत्पत्ति मानव समाजको उत्पत्तिको अवस्थामा नभएर पछि भएको हो । आफ्नो जैविकीय आवश्यकतालाई व्यवस्थित गर्न तथा वंश निरन्तरता दिनको लागि मानिसद्वारा सिर्जना गरिएको प्राचीन सामाजिक संस्था नै विवाह हो । विवाह दुई विपरीत लिङ्ग भएका सदस्यहरूलाई पारिवारिक जीवनमा प्रवेश गर्ने सामाजिक, धार्मिक तथा कानुनी स्वीकृति हो । जसले स्त्री, पुरुष तथा तिनीहरूबाट जन्मेका बालबच्चालाई विभिन्न समाजिक तथा धार्मिक क्रियामा सहभागी गराउन, सन्तानोत्पत्ति गर्न र आफूले जन्माएका सन्तानहरूको पालनपोषण एवम् सामाजिकीकरण गर्ने कार्य गर्दछ । विवाहले संस्कृतिको हस्तान्तरण गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विवाहको माध्यमबाट एक ठाउँका सांस्कृतिक विशेषताहरू अर्को ठाउँमा पुग्दछन् भने एक पिढीका सांस्कृतिक विशेषताहरू अर्को पिढीसम्म प्रसारण भइरहेका हुन्छन् । विवाहकै परिणामस्वरूप आमाबाबु तथा छोराछोरी बिच विभिन्न किसिमका अधिकार तथा दायित्वको समेत सिर्जना हुन्छ र समाजको संरचना अगाडि बढेको हुन्छ ।

त्यस्तै संसारको सबैभन्दा ठूलो र धेरै मानिसहरूद्वारा अवलम्बन गरिएको क्रिस्चियन धर्ममा विवाहलाई करारको रूपमा लिइएको छ । प्रसिद्ध विद्वान् वेस्टरमार्कको अन्तर्राष्ट्रिय शब्दकोशमा विवाहलाई करारको रूपमा परिभाषित गर्दै लेखिएको छ :-

"Christian people widely regard marriage as a contact requiring ratification in religious rite in civil from of marriage ceremony is now generally provided for" -सुवेदी, २०५६) ।

विश्वको सबैभन्दा पुरानो मानिएको हिन्दू धर्मशास्त्रमा मानिसका विभिन्न सोह्र संस्कारमध्ये विवाहलाई एउटा संस्कार मानिएको छ। संस्कृतमा भनिएको छ :-

“पुनाम नरकात् त्रायते इति पुत्र”

अर्थात पुत्रले पुँ नाम गरेको नर्कबाट बाबुआमालाई तारिदिन्छ। (सुवेदी , २०५६; १) यसको अर्थ विवाह भौतिक सुख सयल वा जैविकीय आवश्यकता मात्र पूरा गर्ने नभएर यो मृत्युपछि मोक्ष प्रँप्त गर्ने साधन पनि हो । (सुवेदीः२०५६) हिन्दू धर्मशास्त्रमा विवाहको बारेमा एकै किसिमको परिभाषा नभए तापनि तिनीहरूको आशय र निष्कर्ष अनुसार समाजद्वारा स्वीकृत पद्धति अनुसार दाम्पत्य सम्बन्ध कायम गर्नु नै विवाह हो ।

यसरी समय र परिस्थिति अनुसार विभिन्न समाज तथा सम्प्रदायमा प्रचलित विवाह पद्धतिमा लामो समय अन्तरालमा धेरै परिवर्तनहरू हुँदै आएका छन्। विवाहरूपी सर्वव्यापक सामाजिक संस्थाको विकासक्रममा धेरै तत्त्वहरूले प्रभाव पारेका हुन्छन् । नेपाली समाज अहिले रूपान्तरणको क्रममा रहेको छ । कुनै पनि पुराना सामाजिक मूल्यमान्यताहरू, तौरतरिकाहरू, संस्कृतिहरू, नियमकानुन तथा सिङ्गो सामाजिक संरचनाहरूमा पनि परिवर्तनका सङ्केतहरू देखिन थालेका छन् । विवाह संस्था पनि उक्त प्रभावबाट अछुतो रहन सकेको छैन। नेपाली समाजमा प्रचलित विवाह संस्थाको अध्ययन गर्ने क्रममा नेपाली समाजको प्रमुख र प्रभावकारी भूमिका निर्वाह गर्दै आएका मुख्य जातिहरू ब्राह्मण र क्षेत्रीहरूको विवाह पद्धतिमा आएका परिवर्तनहरू र ती परिवर्तन ल्याउन मुख्य भूमिका निर्वाह गर्ने कारक तत्वहरूको पहिचान गरी तिनीहरूले पारेको असरबारे अध्ययन गर्नु यो शोधकार्यको मुख्य उद्देश्य रहेको छ।

## १.२ समस्याको कथन

मानव समाजको उत्पत्तिको अवस्थामा विवाहरूपी संस्थाको कुनै अस्तित्व थिएन । मानिसलाई आफ्नो सुरक्षा तथा खानाको आवश्यकता पूरा गर्न एक अर्काको सहयोग आवश्यक पर्ने भएकोले समाजको सिर्जना भएको हो । अन्य जीवहरूको जस्तै मानिसको पनि जैविकीय आवश्यकताको रूपमा रहेको यौन क्रियाकलापलाई व्यवस्थित गर्न विवाह

संस्थाको उत्पत्ति भएको हो । मानव विकासक्रममा विवाह संस्थामा धेरै परिवर्तन भएका छन् । सुरुको अवस्थामा रक्त सम्बन्धमा आधारित भएको विवाह पद्धतिमा परिवर्तन भएर समूह विवाह, बहुपति विवाह, बहुपत्नी विवाह हुँदै आजको एकल विवाह पद्धतिमा आइपुगेको हो । अझै पनि गुरुङ, मगर, राई जस्ता जनजातिहरूमा मामाकी छोरी विवाह गर्ने प्रचलन कायम रहेको भए पनि धेरैजसो समुदायमा नातेदारहरूको बीचमा हुने विवाहलाई वर्जित गरिँदै आएको छ । यसमा वैज्ञानिक तथ्य पनि रहेको छ । नाताभित्र विवाह गर्दा एकै किसिमका जीनहरू सम्मिश्रण भई तिनीहरूबाट जन्मेका सन्तानहरूमा विभिन्न किसिमका विकृतिहरू देखिन्छन् । यसरी विकास क्रममा विवाह संस्थामा परिवर्तन हुँदा संसारका सबै समाजहरूमा एकैनासले भएका छैनन् । कुनै समाजमा थोरै समय अन्तरालमा धेरै परिवर्तनहरू भएका छन् भने कुनै समाजमा धेरै समयसम्म खासै परिवर्तन नभएको पाइन्छ ।

आधुनिक समयसम्म आइपुग्दा सुरुको यौनसाम्यवादी समाजको तुलनामा धेरै परिवर्तन भएका छन् । विश्वका विभिन्न ठाउँहरूमा भएका परिवर्तनहरू एक समाजबाट अर्को समाजमा प्रसारण हुने क्रममा नेपाली समाजमा पनि त्यसको प्रभावस्वरूप विवाह संस्कारमा धेरै परिवर्तनहरू भएका छन् । नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएकोले यहाँ समाज, धर्म, संस्कृति अनुसार विभिन्न किसिमका विवाह संस्कार रहेका छन् । नेपाली समाजमा प्रचलित ब्रँह्मण-क्षत्रीहरूको विवाह संस्कारमा आएका परिवर्तनहरूको अध्ययन गर्ने क्रममा विभिन्न जिज्ञासा उठ्नु स्वभाविक हो । यस अध्ययनको क्रममा निम्न प्रश्नहरूलाई शोध समस्याका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

१. अध्ययन क्षेॅत्रमा भएका ब्राह्मण, क्षेॅत्री समूहमा कस्ता किसिमका विवाह संस्कारहरू कायम रहेका छन् ?

२. अध्ययन क्षेॅत्रमा रहेका ब्राह्मण, क्षत्री समूहको विवाह संस्कारमा विकासको क्रममा के कस्ता परिवर्तनहरू आएका छन् ?

३. ब्राह्मण, क्षत्री समूहमा प्रचलित विवाह संस्कारमा परिवर्तन आउनुमा मुख्य कारक तत्वहरू के के हुन सक्छन् ? वा कस्ता कारक तत्त्वहरूले त्यस समाजमा प्रचलित विवाह संस्थाको स्वरूपमा परिवर्तन ल्याउन मुख्य भूमिका निर्वाह गरेका छन् ?

## १.३ अध्ययनका उद्देश्यहरू

नेपाली समाजमा प्रचलित विवाह संस्कारमा आएका परिवर्तनहरूको अध्ययनमा यो शोधलाई केन्द्रित गरिएको छ । हिन्दू धर्म संस्कृतिमा आधारित ब्राह्मण, क्षत्रीहरूको विवाह संस्कारको अध्ययन गर्ने क्रममा यो अध्ययनका विशिष्ट उद्देश्यहरू यसप्रकार रहेका छन् ।

१. अध्ययन क्षैत्रमा रहेका ब्राह्मण, क्षत्री समूहमा प्रचलित विवाह संस्कारमा आएका परिवर्तनहरूका पक्षहरूको विश्लेषण गर्नु,

२. अध्ययन क्षेत्रमा रहेका ब्रँह्मण, क्षत्री समूहको विवाह संस्कारमा परिवर्तन ल्याउने मुख्य कारक तत्त्वहरूको व्याख्या गर्नु ।

## १.४ अध्ययनको औचित्य

आज विश्वका विभिन्न समाजहरू आधुनिकताको दिशातर्फ द्रुत गतिमा परिवर्तन भइरहेका छन् । त्यसैले वर्तमान समयसम्म संसारभरिका समाजमा पाइने विवाहरूपी सामाजिक संस्थाको स्वरूपमा पनि अनेकौं परिवर्तन भएको पाइन्छ । त्यस्ता परिवर्तनका कारक तत्वहरू धेरै हुन सक्छन् । जस्तै : औद्योगीकरण, सहरीकरण, शिक्षँको प्रचारप्रसार, पाश्चात्य सांस्कृतिक विचारको प्रभाव, सञ्चार माध्यमको बढ्दो प्रभाव, नयाँ प्रकारका विवाह सम्बन्धी कानुनी व्यवस्था, राज्यको कार्यक्षैत्रको विस्तार, धार्मिक प्रभावमा आएको कमी, विश्वमा चलेको महिला आन्दोलन र महिलाको आर्थिक स्वतन्त्रता तथा अन्य सामाजिक र आर्थिक कारणहरूले गर्दा परम्परागत विवाह प्रथामा अनेकौं परिवर्तनहरू आएका छन् । पछिल्ला हजारौं वर्षहरूमा विवाह संस्थामा जति परिवर्तन भएका छन्, त्यो भन्दा बढी परिवर्तनहरू विगतका सय वर्षहरूमा भएका छन् । यसले गर्दा विवाहको परम्परागत स्वरूपमा परिवर्तन आई नयाँ परम्पराहरूको थालनी हुँदै गएको छ ।

विश्वमा भएको विज्ञान र प्रविधिको तीव्र विकासले गर्दा हरेक क्षैत्र प्रभावित हुँदै गइ रहेको छ । विश्वको एउटा कुनामा उत्पत्ति भएका सांस्कृतिक परिवर्तनहरू एउटा समाजबाट अर्को समाजमा प्रसारण हुन धेरै समय लाग्दैन । नेपाली समाज पनि हाल यसको प्रभावबाट अछुतो रहेको छैन । विश्वमा आएको सूचना प्रविधिको विकास, बदलिँदै गएका प्रजातान्त्रिक मूल्य मान्यताको प्रभावले नेपाली समाज सङ्क्रमण कालीन अवस्थामा रहेको छ । यसको प्रभाव अन्य क्षेत्रजस्तै विवाह संस्थामा पनि परेको छ । यी विभिन्न तत्वहरूले नेपाली विवाह परम्परामा कस्तो प्रभाव पारेका छन् भनेर अध्ययन गर्नु आवश्यक छ ।

नेपाली समाज विभिन्न जातजाति, भाषाभाषी र बहुसांस्कृतिक भएको हुनाले यसमा विभिन्न प्रथाहरू प्रचलनमा छन्  र तिनीहरूमा तीव्र दरले परिवर्तन भइ रहेको छ । नेपाली समाजमा प्रचलित विभिन्न धर्म, संस्कृति, मूल्य मान्यता, रीतिरिवाज र संस्कारहरूमा आएको परिवर्तनहरूको अध्ययन गर्ने क्रममा नेपालका प्रमुख जातीहरू ब्रँह्मण, क्षत्रीहरूको विवाह संस्कारमा आएका परिवर्तनहरू र त्यसका कारक तत्त्वहरूको खोजी गरी अध्ययन गर्न आवश्यक छ । यसको लागि स्याङ्जा जिल्लाको फेदीखोला गा.वि.स. अन्तर्गत वडा नं. २ मा बसोबास गर्ने ब्रँह्मण, क्षत्रीहरूको वस्तीलाई छनौट गरिएको छ । नेपाली समाजको प्रतिनिधित्व गर्ने अध्ययन क्षैंत्र पनि विस्तारै ग्रामीण परिवेशबाट सहरीकरणतर्फ अगाडि बढ्ने क्रममा रहेको छ । विभिन्न कारक तत्त्वहरूले त्यहाँ प्रचलित विवाह परम्परालाई कस्तो प्रभाव पारेका छन् भनेर अध्ययन गर्न आवश्यक भएकोले यो अध्ययन तिनै विषयमा केन्द्रित छ ।

## १.५ अध्ययनका सीमाहरू

प्रत्येक अध्ययन अनुसन्धानका आ-आफ्ना सीमा, कमजोरी र वाध्यताहरू रहेका हुन्छन् । उक्त कमजोरी र सीमाबाट यो अध्ययन पनि अछुतो रहन सक्दैन । यो अध्ययनलाई नेपालका ब्राह्मण, क्षत्री (तागाधारी) समूहको विवाह संस्थामा आएका परिवर्तनहरू र उक्त परिवर्तन ल्याउन मुख्य भूमिका खेल्ने कारक तत्त्वहरूको विश्लेषणमा सीमित गरिएको छ । यसमा सीमा तथा कमजोरीहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. प्रत्येक जातजाति, भाषाभाषी र धर्मसंस्कृति अँगाल्ने समूहको विवाह संस्थामा धेरै परिवर्तनहरू आएका छन् । यसलाई विशेषत ब्राह्मण, क्षत्री समूहको विवाह संस्थामा आएका परिवर्तनका पक्षँहरू तथा उक्त परिवर्तन ल्याउन मुख्य भूमिका निर्वाह गर्ने कारक तत्त्वहरू (चलहरू) को विश्लेषणमा मात्र केन्द्रित गरिएको छ ।

२. ब्राह्मण, क्षत्री समूह नेपालको सम्पूर्ण भागमा छरिएर रहेको र जनसङ्ख्याको हिसावले सबैभन्दा ठूलो समूह हो । नेपालभरि तथा विदेशमा समेत छरिएर रहेको यो समूहमा समय, स्थान, परिवेश अनुसार विविध किसिमका वैवाहिक परम्परा, मान्यता, तथा विधिहरू प्रचलनमा छन् तर यसलाई एउटा निश्चित अध्ययन क्षैंत्रमा सीमित गर्दा उक्त क्षैंत्रले सम्पूर्ण समूहको प्रतिनिधित्व नगर्न सक्छ ।

३. क्षैत्र अध्ययनको क्रममा प्रत्येक उत्तरदाताहरूबाट तथ्याङ्क सङ्कलन गर्दा केही व्यक्तिहरूलाई कार्यव्यस्तताको कारणले कैयौं पटक प्रयास गर्दा पनि भेट गर्न नसक्दा उनीहरूका धारणा र विचारहरूलाई चाहँदा चाहँदै पनि वाध्यतावश यसमा समावेश गर्न सकिएको छैन ।

४. विवाहसँग सम्बन्धित कतिपय तथ्यहरू उत्तरदाताहरूले स्मरणको आधारमा व्यक्त गर्ने हुँदा मानवीय स्वभाव अनुसार कतिपय कुराहरू (तथ्यहरू) उनीहरूको मानसपटलबाट विस्मरण भई छुटेका हुन सक्छन् । यसबाट यो अध्ययन प्रभावित हुन सक्छ ।

५. विवाह संस्था सबै किसिमको समाजमा प्रचलित सर्वव्यापी संस्था भएपनि यो व्यक्तिगत चासोको विषय पनि हो । यसले गर्दा कतिपय व्यक्तिहरूले यसलाई प्रष्ट रूपमा बताउन इन्कार गर्ने, हिच्किच्याउने तथा कतिपय तथ्यहरू ढाँटिदिने गर्दछन् । यसले गर्दा यो अध्ययन प्रभावित हुन सक्छ ।

६. उत्तरदाताहरूले व्यक्त गरेका भावना र तथ्यहरूलाई अनुसन्धानकर्ताले ग्रहण गर्ने (बुझ्ने) क्रममा केही तलमाथि पर्न गएका हुन सक्छन् वा अनुसन्धानकर्ताको व्यक्तिगत क्षैमताको कारणले उत्तरदाताहरूसँग पर्याप्त मात्रामा सौहार्दता प्रदर्शन गर्न नसक्दा आउनुपर्ने कतिपय तथ्यहरू आउन नसकेका हुन सक्छन् ।

## १.६ अध्ययनको सङ्गठन

ब्रँह्मण, क्षत्रीहरूको विवाह संस्कारमा आएका परिवर्तनहरूको अध्ययनमा केन्द्रित यो शोधलाई ६ वटा अध्यायहरूमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनका सीमाहरू संलग्न छन् । दोस्रो अध्यायमा अध्ययनसँग सम्बन्धित सैद्धान्तिक समीक्षा, पूर्व साहित्यहरूको अध्ययन तथा सैद्धान्तिक खाकालाई समावेश गरिएको छ । अध्याय तिनमा अनुसन्धान पद्धति अन्तर्गत अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्कको जनसंख्या र नमुना छनौट विधि, तथ्याङ्क संकलन विधि, तथ्याङ्क प्रशोधन र विश्लेषण विधि तथा अध्ययनका सीमाहरूलाई समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको पृष्ठभूमि अन्तर्गत फेदीखोला गा.वि.स.को अवस्थिति सामाजिक जनसांख्यिक विवरण, अध्ययन क्षेत्रको परिचय र अवस्थिति, अध्ययन क्षेत्र छनौटको औचित्यता, अध्ययनमा छनौट गरिएका घरधुरीको जनसांख्यिक संरचना संलग्न छन् । अध्याय पाँचमा ब्रँह्मण, क्षत्री समूहको विवाह संस्कारमा आएका परिवर्तन

सम्बन्धी अवधारणाहरूको तथ्याङ्क र विश्लेषण प्रस्तुत छ भने अध्याय छ मा अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई

## सैद्धान्तिक समीक्षा तथा पूर्व साहित्यको अध्ययन

### २.१ सैद्धान्तिक समीक्षा

#### २.१.१ सामाजिक, साँस्कृतिक परिवर्तन सम्बन्धी अवधारणाहरू

परिवर्तन प्रकृतिको नियम हो । आज भएको कुरा भोलि फरक हुनेछ । सामाजिक संरचनामा निरन्तर परिवर्तन भइरहेको हुन्छ, यो कहिल्यै रोकिँदैन । परिवार, धर्मजस्ता सामाजिक संस्थाहरूमा पनि निरन्तर परिवर्तन आइरहेको छ । “यो सत्य हो कि समाज सदा परिवर्तन भइरहेको छ र यसले समयअन्तरालमा धेरै नयाँ अवस्थाहरू सिर्जना गरेको छ ।” (द्यजगकजबल बलम क्वअजमभखब, द्दण्ड ; ठद्दढ) परिवर्तनशीलता समाजमा जहाँसुकै हुन्छ । परिवर्तन भनेकै पुरानो समाज र सामाजिक सम्बन्धको अवसान र नयाँको जन्म वा निर्माण हो । यसकै निरन्तरता र निरन्तरताको निर्माणमा व्यक्तिको कर्म नै इतिहासको निरन्तरता हो । सबै कालका सबै व्यक्ति, समाज र सामाजिक सम्बन्ध ऐतिहासिक रूपले निर्माण हुन्छन्, सबै मानव जनित हुन्छन् । ‘समाजको परिवर्तनशीलता र नवीनताको जन्म र वयस्कता अन्य क्षेत्रमा पनि देख्न, सुन्न र बोध गर्न पाइन्छ । समाज र सामाजिक सम्बन्धबारे सबैभन्दा आम सत्य यिनको परिर्वतनशीलता नै हो ।’ (मिश्र, २०६७)

यहाँ ‘परिवर्तन’ शब्दले कुनैपनि चिज या वस्तुमा समयअन्तरालमा आउने फरकपन भन्ने बुझिन्छ । ‘त्यसैले सामाजिक परिवर्तन भन्नाले समयअन्तरालमा सामाजिक प्रक्रिया वा सम्बन्धमा आउने परिवर्तन भन्ने बुझिन्छ ।’ -Bhushan and Sachdeva, 2008 ≤ 729_ ‘सामाजिक परिवर्तन भन्नाले मानिसको व्यवहार, सामाजिक सम्बन्ध वा सामाजिक बनावटमा समयको क्रममा आउने परिवर्तन हो ।’ (Regmi, 2003 ; 280)

सामाजिक परिवर्तनलाई धेरै समाजशास्त्रीहरूले विभिन्न किसिमले परिभाषित गरेका छन् । गिलिन र गिलिनका अनुसार ‘सामाजिक परिवर्तन जीवनको स्वीकृत रीति एवम् परम्परामा आउने परिवर्तन हो चाहे, त्यो भौगोलिक अवस्थितिमा होस् वा साँस्कृतिक साधनहरूमा तथा जनसङ्ख्याको बनोटमा होस् वा विचारधारामा अथवा समूहभित्र प्रसार वा आविष्कारले ल्याएको होस् ।’ (Bhushan and Sachdeva, 2008 ; 730)

त्यस्तै जेनसेनका अनुसार "सामाजिक परिवर्तन मानिसको गराइ र सोचाइको तरिकामा आउने परिवर्तन हो ।" (Bhushan and Sachdeva, 2008)

सामाजिक परिवर्तनका तह र आयाम कार्यकारण सम्बन्धमा गाँसिएका हुन्छन् । एक तहमा भएको परिवर्तन अर्को तहको परिवर्तनको कारण बन्छ । "व्यक्तिमा भएको परिवर्तनको छाल परिवार, समुदाय हुँदै मुलुक र विश्वमा ठोकिन्छ र तिनको पुनर्गठनमा परिणत हुन्छ । त्यस्तै मुलुक र विश्वमा भएका परिवर्तनको छाप विभिन्न तह हुँदै व्यक्तिमा पर्छ अनि व्यक्ति पुनर्गठित हुन्छ । समाज पुनर्गठन हुने तर यसको छाप समाजमा, समाजका विभिन्न तहमा नपर्ने भन्ने पनि हुँदैन, किनभने व्यक्ति र समाज अन्योन्याश्रित छन् ।" (मिश्र, २०६७)

सामाजिक परिवर्तनका निश्चित विशेषताहरू हुन्छन् । यो सार्वभौम प्रक्रिया हो, प्रत्येक समाजमा पाइन्छ । कुनै पनि समाज स्थिर रहँदैन । सामाजिक परिर्वतन समूहमा हुने परिवर्तन हो । सामाजिक परिवर्तनको दर प्रत्येक समुदायमा एकै किसिमको हुँदैन, समाजपिच्छे यसको दरमा विभिन्नता पाइन्छ । सामाजिक परिवर्तन निश्चित नियमको आधारमा हुन्छन् । सामाजिक परिवर्तनलाई यसरी नै हुन्छ भनेर भविष्यवाणी गर्न सकिँदैन । समाजको एउटा तत्त्वमा आएको परिवर्तनले अर्को तत्त्वलाई असर गरेको हुन्छ र यो सम्बन्ध विभिन्न तत्त्वहरूबिच सिक्री जस्तै हुन्छ । समाजका विभिन्न तत्त्वहरूको अन्तरक्रिया स्वरूप परिवर्तन आउँछ । सामाजिक परिवर्तन हुँदा एउटा प्रचलित परम्परालाई अर्को प्रचलित तरिकाले विस्थापन गरेको हुन्छ । पहिला प्रचलित टाँगालाई अटोमोबाइलले, पुराना औषधी प्रयोग गर्ने विधिलाई नयाँ विधिले र तानाशाही व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्थाले विस्थापन गरेका छन् ।

सामाजिक परिवर्तनलाई व्याख्या विश्लेषण गर्ने धेरै उपागमहरू प्रचलनमा आएका छन् । त्यसमध्ये प्रकार्यवादी र द्वन्द्ववादी दृष्टिकोण बढी महत्त्वपूर्ण मानिन्छन् । प्रकार्यवादी सिद्धान्तले समाजको स्थिरतालाई जोड दिएको हुन्छ भने द्वन्द्ववादी सिद्धान्तले समाजको परिवर्तनलाई जोड दिएको हुन्छ । धेरै जसो परिवर्तनसँग सम्बन्धित प्रकार्यवादी सिद्धान्तले समाजलाई परिवर्तन पछिको खललबाट कसरी सन्तुलित अवस्थामा ल्याउने भन्नेबारेमा जोडदिएको हुन्छ । समाजमा सन्तुलनको आवश्यकता पर्दछ किनकि समाजमा प्रत्येक तत्त्वहरू एक आपसमा सम्बन्धित भएको  हुन्छ । यो दृष्टिकोण अनुसार समाजका प्रत्येक भागहरूले एक आपसमा मिलेर कार्य गरेको अवस्थामा मात्र समाज सन्तुलित हुन्छ । बाहिरी

वातावरणमा हुने परिवर्तनले पुरानो सन्तुलनलाई विस्थापन गरी नयाँ सन्तुलन कायम गर्दछ । जस्तैः तेलको मूल्यमा आएको अकस्मात् परिवर्तनलाई समायोजन गर्नको लागि तेलको खपत कम गर्ने इन्जिनको निर्माण गरिन्छ, त्यस्तै गाडीको प्रयोग कम गरिन्छ भने वैकल्पिक उर्जाका स्रोतहरूको खोजी गरिन्छ । यो दृष्टिकोण अनुसार समाजको परिवर्तन बाहिरी अवस्थाबाट प्रभावित हुन्छ ।

द्वन्द्वात्मक दृष्टिकोणले व्यक्तिहरू, वर्गहरू, समूहहरू, संस्थाहरूको बीचमा हुने द्वन्द्वको अध्ययन गर्दछ । "कार्लमार्क्सद्वारा प्रतिपादित यो सिद्धान्तले दुई वर्गहरूको बीचमा चल्ने द्वन्द्वले गर्दा सामाजिक परिवर्तन हुन्छ भन्ने कुरामा जोड दिन्छ । यसले परिवर्तनलाई अपरिहार्य मान्दछ किनकि द्वन्द्व तथा प्रतिस्पर्धाले गर्दा परिवर्तन आउँछ । द्वन्द्व परिवर्तनको मुख्य स्रोत हो ।" (Regmi, 2003)

वर्तमान समयमा नेपालमा राजनैतिक परिवर्तनका साथै परिवारको आयतन, संरचना, जीविकोपार्जनको आधार लगायत परिवारभित्रको अन्तरसम्बन्धमा पनि महत्त्वपूर्ण परिवर्तन आएको छ । परिवारका सदस्यहरू बिचको सम्बन्धमा उल्लेख्य परिवर्तन आएको र आउँदै छ । यसरी व्यक्ति-व्यक्तिका बिच वा परिवार-परिवारका बिचमा हुँदै आएको परिवर्तनले सामाजिक परम्परा, संस्कार, मूल्य र मान्यताहरूमा पनि परिवर्तन आइरहेको छ । नेपाली समाजमा समयक्रममा विवाह संस्कारहरूमा पनि धेरै परिवर्तनहरू देख्न र अनुभव गर्न पाइएको छ । "बहुपति र बहुपत्नी प्रथा, संयुक्त एवम् एकल परिवार, ठूलो र सानो परिवार, प्राकृतिक र नियोजनको परिवार, झन्डै पारपाचुके हुनै नसक्नेदेखि पारपाचुके प्रधान परिवार हामीले देखेका वा भोगेका छौं ।" (मिश्र, २०६७ ; १३)

## २.१.२ साँस्कृतिक परिवर्तन सम्बन्धी अवधारणाहरू

मानवले गर्ने फरक फरक व्यवहारको बारेमा जब केही महत्त्वपूर्ण धारणाहरूलाई सैद्धान्तिक रूप दिइयो तब मानव संस्कृतिलाई व्याख्या गर्ने सिद्धान्तविद्हरूले तिनीहरूको लामो क्षेत्र अनुभवको आधारमा तथा विभिन्न कृतिहरूको आधारमा व्याख्या गर्न थाले । संस्कृतिको परिभाषा मानवशास्त्रीय तरिकाले सबैभन्दा पहिला व्याख्या गर्ने व्यक्ति टेलर हुन् । उनले आफ्नो प्रसिद्ध कृति आदिम संस्कृति (१८४१) मा मानव संस्कृति वा सभ्यतालाई व्यापक आधारमा व्याख्या गर्दै परिभाषित गरेका छन् । उनका अनुसार "संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा मानिसले सामाजिक प्राणीका हैसियतले आर्जन गरेका ज्ञान, सिप,

विश्वास, नैतिकता, कानुन, रीतिरिवाज र अन्य क्षमता र व्यवहार समावेश हुन्छन् ।" ९ब्जब, ञ्ढढढ स ढ्ञ० यस परिभाषाले संस्कृतिको सैद्धान्तिक व्याख्यालाई फड्को मार्न महत्त्वपूर्ण सहयोग पुऱ्यायो जसले संसारका सबै संस्कृतिकर्मीलाई आकर्षित गऱ्यो । (झा, २००५ ; २१)

संस्कृतिलाई विभिन्न संस्कृतिकर्मीहरूले (मानवशास्त्रीहरूले) विभिन्न किसिमले परिभाषित गरेका छन् । मकाइवरका अनुसार "हाम्रो व्यक्त गर्ने प्रवृत्ति, बस्ने, सोच्ने, यौन क्रियाकलाप गर्ने ढाँचा, साहित्य, धर्म, सिर्जना तथा मनोरञ्जन गर्ने क्रिया संस्कृति हो ।" (Bhushan and Sachdeva, 2008 ; 776)

संस्कृतिको पारम्परिक परिभाषामा संस्कृतिभित्र धर्म, संस्कार, चाडवाड, जात्रा आदिमात्र समावेश गरिएको पाइन्छ । आजकल संस्कृतिको व्यापक परिभाषा गर्ने परिपाटी सबल बन्दै गएको छ । समाजमा व्यक्ति, परिवार, समुदाय, राष्ट्र, वर्ग र अन्य सङ्गठनका सम्बन्ध केलाउने तरिका नै संस्कृति हो । समाजका मुख्य पाटाहरू अर्थतन्त्र, राजनीति र संस्कृतिबिचको अन्तरसम्बन्ध नै संस्कृति हो । समाजको वृहत्तर तहको एकाइ होस् वा सानो तहको हरेक तहमा गरिने श्रम, सद्भाव र सङ्घर्षको प्रणाली बन्ने सोचका खाका सङ्गठनको चरित्र आदिमा समेत संस्कृति निहित हुन्छ । "हामी कुन तवरले सोच्छौं, सङ्गठित हुन्छौँ, सङ्घर्ष गर्छौं, सद्भाव राख्छौँ, काम गर्छौं भन्नेमा पनि संस्कृति निहित छ । हाम्रो कल्पना गर्ने र सपना देख्ने प्रक्रियामा समेत संस्कृति निहित छ । संस्कृतिबिना कल्पना पनि हुँदैन, अर्थतन्त्र पनि हुँदैन । संस्कृति र राजनीतिको सम्बन्ध पनि अन्योन्याश्रित हुन्छ ।" (मिश्र, २०६७ ; १९२)

यी माथिका परिभाषाहरूबाट प्रष्ट हुन्छ कि मानवशास्त्रमा संस्कृति एउटा विशिष्ट ज्ञानको रूपमा प्रयोग हुन्छ । मानिसहरूको सोचाइ हुन्छ कि शिक्षित मानिस सुसंस्कृत हुन्छ र अशिक्षित मानिस असभ्य हुन्छ । वास्तवमा संस्कृति सिकिने व्यवहार हो । यो समाजको एउटा व्यक्तिबाट अर्को व्यक्तिमा रूपान्तरण हुँदै जान्छ । त्यसकारण कुनै पनि व्यक्ति संस्कृतिको अभावमा बाँच्न सक्दैन । कुनै पनि व्यक्तिलाई उसको संस्कृति सिक्नु जरुरी हुन्छ । "संस्कृतिले गर्दा नै मानिस मानिसको रूपमा रहेको हो । त्यसैले मानिसलाई संस्कृति धारण गर्ने प्राणीको रूपमा लिइन्छ ।" (Bhushan and Sachdeva, 2008 ; 777)

समाजमा रहेका विभिन्नता, असमानता र यी दुईबिच हुने अन्तर्क्रिया र द्वन्द्वले साँस्कृतिक अन्तरविरोध सिर्जना गर्दै साँस्कृतिक परिवर्तनको ढोका खोलेका हुन्छन् । बाहिरी संस्कृतिसँग पनि अन्तरविरोध रहन्छ र यसले आन्तरिक संस्कृतिलाई परिवर्तन ल्याउँछ ।

यसका साथै अर्थतन्त्र र राज्यसत्ता वा राज्यव्यवस्थामा भइरहेका परिवर्तनले संस्कृतिलाई परिवर्तन गर्दछन् । अर्थतन्त्र र राजनीति तुलनात्मक रूपमा छिटो छिटो फेरिने र संस्कृति ढिलो फेरिने मान्यता रहेको पाइन्छ । कुनै ऐतिहासिक काल वा क्षेत्र वा मुलुकमा छिटो, कुनै मुलुकमा कुनै बेलामा त्यो परिवर्तनको प्रक्रिया ढिलो हुन्छ । "राजनीति र अर्थतन्त्र परिवर्तन गर्न लाग्ने समूह बढी सङ्गठित भएर सङ्घर्षमा अगाडि आएमा परिवर्तन अनायस सफल वा विफल भएको देखिन्छ । कुनै पनि परिवर्तन अनायसै हुँदैन, त्यसको विजारोपण मार्क्सको शब्दमा लामो समय अगाडिदेखि नै भइरहेको हुन्छ ।" (मिश्र, २०६७ ; १९५)

साँस्कृतिक परिवर्तनलाई व्याख्या गर्ने विभिन्न उपागमहरूको विकास भएको छ जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :-

क)    उद्विकासवादी धारणा

"उद्विकास भनेको एउटा अवस्थाबाट अर्को अवस्थातर्फ हुने निरन्तर विकासको प्रक्रिया हो । केही मानवशास्त्रीहरूले यसलाई मानवीय संस्थाहरूलाई सरल अवस्थाबाट जटिल अवस्थातर्फको विकासको रूपमा पनि व्याख्या गरेको पाइन्छ ।" (Tylor, 1999 ; 193) शताब्दीऔंदेखि पुरातत्त्वविद्हरूले पहिलेका मानिसहरूले प्रयोग गरेका सामानहरू, हतियार, भाँडाकुडा, खेलौना, मुद्रा तथा उनीहरूले प्रयोग गरेका अन्य सामानहरूको उत्खनन गरेका छन् । यसले भौतिक संस्कृतिको विकासको बारेमा जान्न सहयोग पुऱ्याएको छ । "सबै सांस्कृतिक एकाइहरू चाहे भौतिक हुन् वा अभौतिक कुनै ठाउँमा कुनै समयमा व्यक्तिले आविष्कार गरेको कुरा पत्ता लागेको छ । व्यक्ति संस्कृति परिवर्तनको कारक तत्त्व हो ।"  (Bhushan and Sachdeva, 2008 ; 867) xालमा प्रयोग भइरहेका सांस्कृतिक एकाइहरूले नयाँ सङ्गीत सिर्जना गर्ने सङ्गीतज्ञले पनि पुराना सङ्गीतका वीटहरूलाई समायोजन गरी नयाँ सङ्गीतको सिर्जना गरे जस्तै सांस्कृतिक आविष्कारहरूले पनि अहिलेको सांस्कृतिक तत्त्वहरूलाई मिलाएर जीवन पद्धतिलाई नयाँ आयाम दिएका हुन्छन् ।

संस्कृतिक उद्विकासवादी धारणालाई व्याख्या गर्ने क्रममा टेलरले संस्कृतिको अध्ययन भन्नु नै मानव विकासको इतिहासको बारेमा विस्तृत किसिमले अध्ययन गर्नु हो भनेका छन् । उनका अनुसार मानव समाज जङ्गली अवस्था (Savagery), गवार अवस्था (Barbarism) र सभ्य अवस्था (Civilization) गरी तीन चरणमा विकास भएको हो । मानव समाजको संस्कृति र इतिहासलाई यसरी व्याख्या गर्ने उपागमलाई एकरेखीय उपागम भनिन्छ । (झा, १९९४ ; २९) त्यस्तै टेलरले धर्मलाई दैविक शक्ति माथिको विश्वास भन्दै

कुनै पनि संस्कृति धर्मबाट भिन्न हुन नसक्ने कुरा गर्दै तिनवटा चरणहरू आत्मवाद, बहुदेवतावाद र एकदेवतावादको विकास भएको कुरा उल्लेख गरेका छन् । त्यस्तै प्रसिद्ध अमेरिकी मानवशास्त्री मोर्गनले मानव संस्कृतिको विकासलाई टेलरले झैं जङ्गली, गवार र सभ्य गरी तिन चरणमा बाँडेका छन् ।

"कुनै पनि ठाउँमा विकास भएको संस्कृति त्यहाँ प्रयोग भएको प्रविधि र शक्तिमा भर पर्ने कुरा लेस्ली ह्वाइटले सुत्रबद्ध गरेका छन् । प्रविधि र शक्तिको एकीकृत अध्ययनले कुनै पनि संस्कृतिको उद्विकास बारेमा स्पष्ट धारणा दिन्छ । उनका अनुसार T×E = C हुन्छ । यहाँ त ले प्रविधि भ ले शक्ति र ऋ ले संस्कृति जनाउँछन् ।" (Jha, 1994 ; 52) यसको अर्थ कुनैपनि ठाउँमा प्रयोग गरिएको प्रविधि जति जटिल र उन्नत किसिमको छ, त्यहाँ शक्ति प्राप्त गर्ने मात्रा पनि बढी नै हुन्छ । खाना, लुगाफाटा तथा अन्य समानहरूमा खर्च गरिने शक्ति त्यहाँको प्राविधिक कार्यक्षमतामा निर्भर गर्दछ । अन्य तत्त्वहरू उस्तै रहन्छन् । "प्रतिव्यक्ति प्रतिवर्ष शक्ति खपत हुने दरमा वृद्धि हुँदा अथवा प्रयोग गरिएको सामान (यन्त्र) हरूको कार्य गर्ने क्षमता वृद्धि हुँदा कुनै पनि ठाउँमा संस्कृतिको उद्विकास हुन्छ ।" (Bohannan and Glazer, 1988 ; 340)

ख) प्रसारवादी धारणा

"कुनै पनि ठाउँको संस्कृति वा त्यसको अंश एक ठाउँबाट अर्को ठाउँमा फैलिएर जाने विधिलाई प्रसारण भनिन्छ । कुनै पनि ठाउँका संस्थाहरू, सांस्कृतिक एकाइहरू तथा अन्य जटिलताहरू पनि अन्य ठाउँमा फैलिएर जान सक्दछन् । यस्तो हुनाको मुख्य कारण बसाइँसराइ वा नक्कल हो ।" (Tylor, 1999 ; 165) प्रसारणवादीहरूका अनुसार विभिन्न समयमा संसारका विभिन्न भागहरूमा विकसित भएका संस्कृतिक जटिलताहरू प्रसारण हुँदै एक ठाउँबाट अर्को ठाउँमा फैलिन्छन् । "कुनै एक ठाउँबाट मानिसहरू अर्को ठाउँमा बसाइँ सरेर स्थायी वा अस्थायी किसिमले बसोबास गर्दा तिनीहरूको त्यहाँका स्थानीय मानिससँग सांस्कृतिक आदानप्रदान वा लेनदेन हुन्छ ।" (Jha, 1994 ; 55) उनीहरूका अनुसार ऐतिहासिक समयमा हुने सांस्कृतिक वृद्धि र विकास उद्विकासबाट नभई ऐतिहासिक रूपमा हुने सांस्कृतिक प्रसार र सम्पर्कको कारणबाट हुन्छ । प्रसारणवादलाई व्याख्या गर्ने मुख्य तिनवटा समूहहरूमा बेलायती प्रसारवादीहरू, अमेरिकी प्रसारवादीहरू र जर्मन प्रसारवादीहरू छन् ।

बेलायती प्रसारवादीहरूले प्राचीन इजिप्टको मिश्रलाई संसारभरका संस्कृतिको उद्‌गम स्थल मानेका छन् । तिनीहरूको मुख्य कार्य इजिप्टको सभ्यता र संस्कृतिको अध्ययनमा केन्द्रित रहेको हुनाले इजिप्टोलोजिस्ट पनि भनिन्छ । "संसारका सभ्यताको केन्द्रविन्दु इजिप्ट मात्र नभई त्यहाँ केही संस्कृति विकास भएका भए पनि सबै संस्कृतिको विकास त्यहीबाट मात्र नभएको भनी अमेरिकन तथा जर्मन प्रसारवादीहरूले आलोचना गरेका छन् ।" (Jha, 1994 ; 71)

"जर्मन प्रसारवादीहरूका अनुसार संसारका सबै समाजमा सामाजिक एवम् संस्कृतिक विकास समान छैन । त्यसैले सामँन्य प्रविधि प्रयोग गरेका मानिसहरूको समूहमा पनि विकसित र जटिल किसिमको संस्कृति प्रयोग गरेका हुन सक्दछन् । यिनीहरूले सांस्कृतिक प्रसारको मुख्य माध्यम बसाइँसराइलाई मानेका छन् ।" (Jha, 1994 ; 62)

कुनै पनि संस्कृतिको प्रसार प्रत्यक्ष रूपमा वा अप्रत्यक्ष रूपमा हुन्छ । व्यक्तिहरू वा समूहको प्रत्यक्ष भेटघाटद्वारा प्रत्यक्ष प्रसार हुन्छ भन्ने व्यक्तिगत भेटघाटबिना रेडियो, मुद्रित सामग्रीहरू तथा सामानहरूको आदानप्रदानद्वारा अप्रत्यक्ष प्रसार हुन्छ । संस्कृतिको प्रसारण हुँदा विकसित समूहबाट अविकसित समूहतर्फ मात्र हुँदैन त्यसको विपरीततर्फ पनि हुन्छ । "पश्चिम देशको भौतिक संस्कृति संसारका अन्य क्षेत्रमा फैलिएका छन् भने अमेरिकनहरूले धेरै संस्कृति अरूबाट लिएका छन्, जस्तै :- मकै, आलु, भटमास तथा सुर्ती खेती गर्ने पद्धति उनीहरूले अविकसित देशहरूबाट सिकेका हुन् ।" (Bhushan and Sachdeva, 2008 ; 793)

जब कुनै समाजले अन्यबाट संस्कृति ग्रहण गर्दछ, उसले आफ्नो लागि उपयुक्त हुने संस्कृति मात्र ग्रहण गर्दछ । यसको अर्थ अरूबाट लिने संस्कृति छनौट गरेर मात्र लिन्छ । अरूबाट लिने साँस्कृतिक एकाइको उपयोगिता अनुसार संस्कृति ग्रहण गर्दछ । कहिलेकाहीँ संस्कृति ग्रहण गर्दा त्यसको प्रयोग नयाँ तरिकाले पनि गरिएको हुन्छ ।

ग) द्वन्द्ववादी धारणा

कुनै पनि समाजको सामाजिक बनावट त्यस समाजको शक्ति कस्तो समूहको हातमा छ र त्यहाँको स्रोतमा असमानुपातिक किसिमले कसले नियन्त्रण गरेको छ भन्ने कुरामा निर्भर रहन्छ भन्ने द्वन्द्ववादी धारणाको प्रमुख मँन्यता रहेको छ । "यो दृष्टिकोण अनुसार संस्कृतिको मुख्य काम समाजमा व्याप्त त्यस्ता मान्यताहरूलाई स्वीकृती प्रदान गर्दे तथा

यस्ता असमानताहरूलाई अझैं वृद्धि गर्दै जाने हुन्छ । यो धारणालाई कार्ल मार्क्सद्वारा प्रतिपादित सिद्धान्तमा स्पष्टसँग उल्लेख गरिएको छ ।" (Regmi, 2003 ; 83)

मार्क्सका अनुसार कुनै पनि समाजको संस्कृति उक्त समाजको सामाजिक बनावटको उत्पादक हो । अर्को अर्थमा समाजको आधारभूत सामाजिक र आर्थिक बनावटले उक्त समाजमा मानिसले के जान्दछन्, केमा विश्वास गर्दछन् भन्ने कुरा निर्धारण गर्दछ । आर्थिक बनावटले सामाजिक बनावट, उत्पादन, सम्पत्ति र आयलाई निर्धारण गर्दछ । यस्तै आर्थिक स्तरीकरण, आयको वितरण, तथा सम्पत्तिको निर्माण गर्ने क्रिया समाजको उत्पादन प्रणाली अनुसार हुन्छन् । मार्क्सले संस्कृति र विचारधारालाई उपरी संरचना मानेका छन् किनकि तिनीहरू सामाजिक संरचनाबाट प्रभावित हुन्छन्, न कि तिनीहरूको आफ्नो जीवनबाट । समाजको वास्तविक बनावट भन्नाले सम्पत्तिको वितरण हो । संस्कृति त केबल आर्थिक बनावट (अवस्था)को उत्पादन मात्र हो ।

जीवनको भौतिक अवस्थाको उत्पादन सम्बन्ध सामाजिक, राजनैतिक र बौद्धिक जीवनका सामान्य प्रक्रियाहरू हुन् । "मानिसको चेतनाले उसको अस्तित्वलाई निर्धारण गर्ने नभई उसको सामाजिक अस्तित्वले चेतना निर्धारण गर्दछ । चेतना भन्नाले मूल्य, मान्यता, सोचाइ तथा सामाजिक वास्तविकताको बारेमा हुने बुझाइ हो ।" (Ritzer, 1992 ; 68) विचारधारात्मक रूपहरू त्यस्ता हुन्छन् जसले मानिसलाई समाजमा हुने द्वन्द्वको बारेमा सचेत गराउँछन् । "आर्थिक आधारमा आउने परिवर्तनले सम्पूर्ण उपरी संरचनाहरूमा परिवर्तन ल्याउँछ । उपरी संरचनामा आउने परिवर्तन भन्नाले राजनैतिक, धार्मिक, कला, दर्शन आदि विचारधाराहरूमा आउने परिवर्तन हो । चेतनाको बारेमा उल्लेख गर्दा व्यक्तिगत चेतनाभन्दा पनि वर्गीय चेतनालाई मार्क्सले बढी जोड दिएका छन् ।" (Ritzer, 1992 ; 60) वर्गीय चेतनालाई सामाजिक परिवर्तन र विकासको मुख्य कडीको रूपमा लिइएको छ, समाजलाई स्थिरभन्दा पनि गतिशील रूपमा मानिएको छ ।

"समाजमा रहेका शासक र आश्रित वर्गहरूमध्ये शासक वर्गसँग उत्पादनका साधनहरूको स्वामित्व हुन्छ भने आश्रित वर्ग त्यसबाट वञ्चित हुन्छ । आश्रित वर्गले शासक वर्गको लागि काम गर्दछन् र श्रम प्रदान गरेका हुन्छन् । उक्त श्रमबाट उत्पादित सामानहरूद्वारा नाफा प्राप्त गर्दछन् तर आश्रितलाई त्यसको कुनै अंश प्राप्त नहुने हुँदा उनीहरू शोषणमा परेका हुन्छन् ।" (Regmi, 2003 ; 84)

यसरी एकातिर आर्थिक र राजनीतिक परिवर्तनबिना साँस्कृतिक परिवर्तन हुन सम्भव छैन भने अर्कोतिर साँस्कृतिक आन्दोलनबिना आर्थिक र राजनैतिक विकास पनि खुल्न सक्दैन । "पश्चिम युरोपमा १३ औं देखि १८ औं शताब्दीसम्म लामो जनसंस्कृति नभएको भए जन्मजात असमानता र हुकुमी शासनको बोलावाला हुन्थ्यो । वैज्ञानिक र द्वन्द्वात्मक भौतिकवादी सांस्कृतिक दृष्टिकोण र पहल अत्यन्त कमजोर रहन सक्थ्यो ।" (मिश्र, २०६७ ; २०७)

## २.१.३ विवाह उत्पत्ति र परिवर्तन सम्बन्धी सिद्धान्तहरू

विवाहरूपी संस्थाको उत्पत्ति कहिले र कसरी भयो भन्ने बारेमा विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले फरक-फरक सिद्धान्तहरू प्रतिपादन गरेका छन् । परिवार र विवाह संस्था एक आपसमा अन्तरसम्बन्धित छन् । यसैले विवाह र परिवार मानव संस्कृतिका प्रारम्भिक संस्थाहरू मानिन्छन् र तिनीहरूको उत्पत्ति सिद्धान्त पनि एकआपसमा सम्बन्धित रहेका छन् । विवाह उत्पत्ति सिद्धान्तहरूलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

क) मोर्गनको विवाह उत्पत्ति सिद्धान्त

मोगर्ननका अनुसार मानव समाजको सुरुमा यौन स्वच्छता वा यौन साम्यवाद, पत्नी साटासाट, पत्नी आतिथ्य आदि प्रथाहरू समाजमा प्रचलित थिए । कतिपय उत्सव र पर्वहरूताका समाजमा यौन स्वच्छता कायम थियो । मोर्गनले समरक्त विवाह, समूह विवाह, सिन्डास्मीयन विवाह, पित्तृसत्तात्मक विवाह र एकलगामी विवाह गरी पाँचचरणमा विवाहको उत्पत्ति र विकास भएको बताएका छन् ।

ख) वेस्टरमार्कको विवाह उत्पत्ति सिद्धान्त

वेस्टरमार्कले आफ्नो प्रसिद्ध कृति मानव विवाहको इतिहासमा एक विवाह सिद्धान्तलाई अगाडि सारेका छन् । डार्बिनले भनेको एक विवाह प्रथा पुरुषको हैकम र इर्ष्याबाट सिर्जना भएको भन्ने कुरालाई समर्थन गर्दै "पुरुषको यो एकाधिकारलाई समाजले स्वीकार गरेपछि एक विवाह प्रथा समाजमा प्रचलनमा आएको हो" (क्षत्री, रायमाझी, २०६१) उनका अनुसार आदिम युगदेखि चलनचल्तीमा आएको यो विवाह पद्धति सबै युगहरूमा चलिरह्यो र अहिले पनि कायम छ । यो पद्धति मानिसमा मात्र नभएर पशुपक्षीहरूमा समेत देख्न पाइन्छ ।

ग) ब्रिफल्टको विवाह सिद्धान्त

वेस्टरमार्कको विवाह उत्पत्ति सिद्धान्तलाई आलोचना गर्दै विकास भएको ब्रिफल्टको विवाह उत्पत्ति सिद्धान्त अनुसार बच्चाहरूको सुरक्षा, लालनपालन र पोषणको लागि आमामात्र जिम्मेवार हुन्थिन् र पुरुषलाई महिलाहरूले आफ्नो परिवारको सदस्यको रूपमा स्थापित गर्ने क्रममा नै विवाहरूपी संस्थाको उत्पत्ति भएको हो । त्यस अवस्थामा आजजस्तो परिवारमा पुरुषको हैकम चल्दैनथ्यो । कृषिको विकास हुने क्रममा पुरुषको हातमा आर्थिक क्षमताको हस्तान्तरण हुँदै जाँदा पुरुषको सर्वश्रेष्ठता कायम हुँदै गएको हो ।

घ) वेकोफेनको विवाह उत्पत्ति सिद्धान्त

वेकोफेनका अनुसार आदिम युगमा विवाह संस्थाको कुनै अस्तित्व थिएन । मानिसको भरणपोषण प्रकृतिमाथि पूर्ण आश्रित हुँदा जीवन कठोर र संघर्षपूर्ण थियो । पुरुषको तुलनामा स्त्रीहरू कमजोर र अशक्त हुनाले जन्मेका बालिकाहरूको हत्या हुन्थ्यो । यसले महिलाको संख्यामा कमी आयो र बहुपत्नी प्रथाको चलन चल्यो । समय बित्दै जाँदा कृषिको विकास भयो र जीवन कम कठिनाइपूर्ण हुँदै गयो । महिला हत्या हुन छाडेर कृषिको लागि धेरै मानिसको आवश्यकता हुँदा बहुपत्नी प्रथा चल्यो । पछि महिलाले आफ्नो हक अधिकारको लागि संघर्ष गर्न थालेपछि सामाजिक न्याय र नैतिक विचारले एक विवाह चलनचल्तीमा आएको हो ।

यसरी विवाह विकासक्रमको व्याख्या र विश्लेषण गर्ने विषयमा मानवशास्त्री तथा समाजशास्त्रीहरूमा एकमत पाइँदैन । विवाहको उत्पत्ति प्राग् ऐतिहासिक कालबाट भएकोमा भने सबै एकमत छन् । विवाह पहिलाजस्तो अहिले पनि प्रचलनमा छ तर पहिला जस्तो थियो अहिले त्यो रूपमा छैन । विवाहका कारक तत्वहरू समाज अनुसार फरक-फरक छन् । यौन इच्छाको सन्तुष्टि, प्रजननको आवश्यकता, सन्तानको लालनपालन र पारिवारिक आर्थिक आवश्यकताहरूको परिपूर्तिका लागि नै विवाहरूपी संस्थाको उत्पत्ति भएको हो ।

## २.१.४. विवाह उत्पत्ति सम्बन्धी दृष्टिकोणहरू

समाजमा विवाहरूपी संस्थाको उत्पत्ति कसरी हुनुपर्‍यो भन्ने सम्बन्धमा पनि विभिन्न दृष्टिकोणहरू रहेका छन् । समाजको विकासक्रमलाई व्याख्या र विश्लेषण गर्ने विभिन्न उपागममध्ये विवाह संस्थाको उत्पत्ति र परिवर्तनलाई अध्ययन गर्ने द्वन्द्ववादी उपागमलाई यहाँ मुख्य रूपमा उल्लेख गरिएको छ ।

विवाह संस्थाको उत्पत्तिबारे द्वन्द्ववादी दृष्टिकोण

मोर्गनका अनुसार आदिम अवस्थामा एउटा जातिभित्र स्वच्छन्द यौन सम्बन्ध प्रचलित थियो । "प्रत्येक स्त्रीमाथि प्रत्येक पुरुषको र प्रत्येक पुरुषमाथि प्रत्येक स्त्रीको समान रूपले अधिकार रहन्थ्यो ।" (एन्गेल्स, १९८६ ; ३८) सबै जङ्गली जातिहरू र वर्वरयुगको निम्न, मध्यम तथा उन्नत चरणमा रहेका सबै जातिहरूमा स्त्री स्वतन्त्र मात्र थिइनन् ठूलो आदर र सम्मानको पात्र पनि थिइन् । घरमा नारीको आधिपत्य रहेको साम्यवादी कुटुम्ब प्रणाली समेत रहेको थियो । त्यतिबेला आमालाई मात्र जन्मदाता मानिन्थ्यो र वंश आमाको अनुसार चल्थ्यो । जीवनका आर्थिक आधारहरूको विकासको फलस्वरूप आदिम साम्यवादी व्यवस्थाको पतन तथा जनसङ्ख्याको घनत्व वृद्धिको फलस्वरूप परापूर्व कालदेखि चल्दै आएको नारी र पुरुषबिचको सम्बन्धमा पनि परिवर्तन हुँदै आयो । "एकमात्र पुरुषसँग अस्थायी वा स्थायी विवाह गर्ने अधिकारलाई मुक्तिको रूपमा माग गरे ।" (एन्गेल्स, १९८६ ; ६४)

मातृसत्ताको पतन नारीजातिको ऐतिहासिक स्तरको पराजय भएको पाइन्छ । यसपछि पतिले घरमा शासनको बागडोर लिने र नारीलाई अधिकारबाट च्युत गरी दासीको व्यवहार गर्न थालियो । पित्तृसत्तात्मक परिवारको स्थापना बहुपत्नी प्रथाबाट भयो र यो चलन दासप्रथामा प्रचलित थियो । बहुपत्नी प्रथा धनीहरू र ठूला सामन्तहरूको विशेष अधिकारको रूपमा रहेको थियो । किनिएका दासीहरू सबै सामन्तका श्रीमती हुन्थे भने साधारण मानिसका एउटा मात्रै श्रीमती हुन्थे । प्राचीन कालमा सभ्य एवम् विकसित जनतामा चलेको एकनिष्ठ विवाहको उत्पत्ति प्रेमको आधारमा नभै आर्थिक कारणहरू सामूहिक स्वामित्वमाथि निजी स्वामित्वको विजयमा आधारित थियो । "एकनिष्ठ विवाह इतिहासमा पुरुष र नारीको पारस्परिक मिलनको लागि सहमतिको रूपमा नभई नारीमाथि पुरुषको आधिपत्यको रूपमा र त्यसबेलासम्म देखानपरेको अन्तरविरोधको रूपमा प्रकट भएको हो ।" (एन्गेल्स, १९८६ ; ७८)

"सभ्यताले जन्माएका सबै कुरा द्वन्द्वपूर्ण र विरोधाभासपूर्ण भएजस्तै एकलविवाहबाट प्राप्त परिणाम पनि द्वन्द्वपूर्ण नै रहेको हुन्छ ।" (एन्गेल्स, १९८६ ; ८०) करिब तिन हजार वर्ष पुरानो एकल विवाहको अन्तिम नतिजाले एकल परिवारको उत्पत्तिलाई प्रतिबिम्बित गरेको छ । जहाँ पुरुष र नारीको अन्तरद्वन्द्व स्पष्ट रूपमा देख्न सकिन्छ । वर्तमान समयमा धनी वर्गमा लोग्नेले पैसा कमाउँछ, परिवारको पेट पाल्ने गर्दछ, त्यसले गर्दा परिवारमा उसको

अधिपत्य चल्दछ । पुरुष परिवारको बुर्जुवा हो भने महिला सर्वहारा हो । यसरी विवाह संस्थाको उत्पत्ति र विकासक्रममा महिला र पुरुषको बिचमा सामाजिक र आर्थिक द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेलेको छ । आधुनिक परिवारमा पत्नीमाथि पतिको आधिपत्यको विशिष्ट चरित्र र दुवैमा हुने सामाजिक समानता त्यतिबेलामात्र स्थापित हुन्छ जतिबेला कानुनी रूपमा पूर्ण समान  हुन्छन् । प्रेममा आधारित विवाह त्यसै बेला मात्र नैतिक हुन्छ जति बेलासम्म पारस्परिक प्रेम कायम हुन्छ । समाज विकासको क्रममा उत्पत्ति भएको विवाह संस्थामा उत्पादन सम्बन्धमा आएको परिवर्तनले धेरै परिवतर्नहरू सिर्जना गरेको छ ।

## २.२ नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरू

नेपाली समाज बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश भएकोले यहाँ विवाह पद्धतिमा पनि धेरै विविधताहरू पाइन्छन् । यस्ता विविधताहरू यहाँ शदियौंदेखि रहिआएका छन् । (खतिवडा, २००८) विभिन्न जातजाति, धर्म, सम्प्रदाय मिलेर बनेको सिङ्गो नेपाली समाजमा हिन्दू धर्मसंस्कृतिको प्रभाव बढी परेको छ । यस्तो हुनुको मुख्य कारण हिन्दूकरणको प्रक्रिया हो । पृथ्वीनारायण शाहले यसलाई असली हिन्दूस्तान भएको कुरा उल्लेख गरेका छन् । (विष्ट, २००५)

हिन्दू धर्मको अवधारणा अनुसार विवाह एक धार्मिक संस्कार हो जसको अभावमा लोग्नेस्वास्नीको जीवन अपूर्ण हुन्छ । लोग्नेस्वास्नीको सम्बन्धलाई जन्मजन्मान्तरको मानिन्छ । “वेद अनुसार स्त्री र पुरुषको सम्बन्धलाई मांसमांस र अस्थिअस्थिको सम्बन्धको रूपमा लिएकोले प्राचीन समयदेखि नै विभिन्न किसिमका विवाह पद्धतिहरू कायम थिए ।” (सुवेदी, २०५६) हिन्दू धर्मशास्त्र अनुसार, ब्रँह्म विवाह, दैव विवाह, आर्ष विवाह, प्रजापत्य विवाह, असुर विवाह, गान्धर्व विवाह, राक्षस विवाह र पैशाच विवाह गरी आठ किसिमका विवाह पद्धतिहरू कायम थिए । उल्लेखित विवाहमध्ये सुरुका चार किसिमका विवाहहरू समाजमा लोकप्रिय थिए ।

विगतमा विभिन्न विवाह पद्धतिहरू हावी भएकामा केही पद्धतिहरू रूपान्तरण हुँदै हालसम्म पनि कायम छन् भने केही पद्धतिहरू जन्मने र हुर्कने क्रममा छन् । वर्तमान विश्वभित्र नै विभिन्न धर्मावलम्बी, सांस्कृतिक समूह र जनसमुदायमा विभिन्न पद्धति अन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्बन्धभित्रको घनिष्टता, स्थायित्व, लेनदेन र अन्य अन्तर्क्रियाका साथै दम्पतिका बालबच्चा, परिवारका सदस्य,

नातागोता र मित्रगणसँगको सम्बन्ध पनि भिन्न भिन्न रहेको पाइन्छ । नेपालमा विभिन्न विवाह पद्धतिहरू कायम छन् । यी मध्येको एउटा पद्धति हो 'मागी विवाह' जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित विवाह पद्धति भन्न सकिन्छ । त्यस्तै अर्को विवाह पद्धति हो 'प्रेम विवाह' पद्धति जुन विवाह गर्ने केटा र केटीको इच्छा अनुसार हुन्छ । यी विवाह पद्धतिका साथै अन्य विशिष्ट पद्धतिहरू पनि कायम छन् । जस्तै जारी विवाह, विधवा-विधुर विवाह, बाल विवाह, श्रृखलायुक्त विवाह, बहुविवाह (बहुपति र बहुपत्नी), एकल विवाह, क्रमबद्ध एकल विवाह आदि । "विभिन्न पद्धतिका आ-आफ्नै छुट्टै परिवेश छन् तर यी पछिल्ला कोटीका विवाह समेत कि त मागी विवाह पद्धति अनुसार हुन्छन् कि त प्रेम विवाह पद्धति अनुसार पर्दछन् ।" (मिश्र, २०६७ ; ४६)

आजकल नेपाल तथा पश्चिमा देशहरूमा एकमात्र कानुनी तरिकाले स्वीकृत विवाह पद्धति एकल विवाह पद्धति हो । यसमा एउटा श्रीमान् र एउटी श्रीमती मात्र हुन्छन् । प्रयोगमा विशेष प्रकारको विवाह पद्धति पनि कायम छ जसलाई क्रमबद्ध एकल विवाह भनिन्छ । यसमा मानिसको जीवनकालमा धेरै जनासँग वैवाहिक सम्बन्ध गाँसिन्छ तर एकपटकमा एकजनासँग मात्र वैवाहिक सम्बन्ध कायम हुन्छ । कुनैकुनै समाजमा एकै पटकमा एकभन्दा बढी जनासँग पनि वैवाहिक सम्बन्ध रहन्छ त्यसलाई बहुविवाह भनिन्छ । एउटा श्रीमान्का एकभन्दा बढी श्रीमतीहरू हुन्छन भने त्यसलाई बहुपत्नी प्रथा र एउटा श्रीमतीका एकैपटक एकभन्दा बढी श्रीमान्हरू छन् भने बहुपति प्रथा भनिन्छ । नेपालमा धेरै समुदायमा बहुपत्नी प्रथा कायम थियो भने केही समुदायमा बुहपति प्रथा पनि प्रचलनमा थियो । केही समाजमा विशिष्ट परिस्थितिवश बहुविवाहलाई मान्यता दिएपनि प्राय : सबै समाजमा एकल विवाह नै मान्य र प्रचलित रहेको छ । यसका धेरै कारणहरूमध्ये पहिलो कारण संसारका प्राय सबै समाजमा महिला र पुरुषको सङ्ख्या लगभग बराबर हुन्छ । यदि एकजनाले बहुविवाह गरेमा अरूलाई विवाह गर्ने जोडीको अभाव हुन्छ । त्यस्तै अर्को आर्थिक कारण हो । किनकि एउटै मानिसका धेरै श्रीमतीहरू भए भने सन्तान धेरै हुन्छन् र पालनपोषण गर्न गाऱ्हो हुन्छ । त्यसैले परम्परागत रूपमा धेरै धनी र शक्तिशाली मानिसले मात्र बहुपत्नी विवाह गर्दथे ।

## २.३ नेपालका ब्राह्मण-क्षत्री समूहको परिचय

ब्रँह्मण, क्षत्री नेपालभरि फैलिएर रहेका सबैभन्दा प्रख्यात जातहरू हुन् किनभने यिनीहरू नेपालको हिमालदेखि तराईसम्म र मेचीदेखि महाकालीसम्म हरेक क्षेत्रमा पाइन्छन् । "नेपालभरि यत्तिकै व्यापक रूपमा फैलिएर बसेको अरू कुनै जात वा वर्ग छैनन् ।" (विस्ट, २००५ ; ७८) आधुनिक नेपालको निर्माण गर्न र देशको राजनैतिक, सामाजिक र धार्मिक क्रियाकलापमा यिनीहरूको निर्णायक भूमिका रहेको छ । आधाभन्दा बढी ब्रँह्मण, क्षत्रीहरूको बसोबास पश्चिम पहाडमा रहेको छ भने बाँकी नेपालका सम्पूर्ण भूभागमा छरिएर रहेका छन् । तराईमा भने यिनीहरू अल्पसङ्ख्यामा रहेका छन् ।

पश्चिम एशियाबाट आई भारतको पञ्जाव र त्यसपछि गङ्गाको फाँटमा पुगेर वैदिक र पौराणिक हिन्दू धर्म तथा संस्कृतिको विकास गर्ने आर्यहरू खसका पुर्खाहरू थिए । आजभन्दा तीनहजार वर्ष पहिला सिन्धु र गङ्गा नदीको फाँटमा हिन्दू धर्म र सभ्यताको विकास भएको अवस्थामा यिनीहरू भेडाबाखा र गाई पालेर दुःखी जीवन बिताउँथे । (विस्ट, २००५ ; ६८) बाह्रौं शताब्दीतिर भारतका मुसलमानहरूले बसोबास, धार्मिक परम्परा तथा जीवनशैली नै भताभुङ्ग पारिदिएपछि ब्रँह्मण क्षत्रीहरू नेपाल प्रवेश गरेका हुन् । उपाध्याय बाहुन, जैसी बाहुन, ठकुरी क्षत्री, खत्री क्षत्री र कुनै पनि जातमा परिणत नभएकाहरू पुराना खसहरूको नामलाई मतवाली खस भन्न थालियो । त्यसपछि कर्णाली प्रदेशबाट पूर्वतिर बसाइँ सर्दै गएका ठकुरी र क्षत्रीहरूले खस परम्परा र शब्दलाई छोडे । "खस शब्द अपमानित भई चलनचल्तीबाट हराउन थाल्यो भने कर्णाली प्रेदशमा प्रयोग हुने खस शब्द पनि राम्रो इज्जत नपाइएको हुनाले कम प्रयोगमा ल्याइन्छ ।" (विस्ट, २००५ ; ७१)

यसरी नेपालको सम्पूर्ण भागमा छरिएका ब्राह्मण, क्षत्री (खस) हरूको मुख्य बसाइ क्षेत्र अझै पनि पश्चिम पहाड नै हो । क्षत्री र ठकुरीहरूको मुख्य पेसा नेपाली तथा भारतीय सेनामा भर्ती हुने हो भने यिनीहरू प्राविधिक सेवा र जागिरमा पनि उपल्लो तहमा छन् बहुसङ्ख्यकको मुख्य पेसा भने कृषि नै हो । कोहीकोही बाहुनहरू पुरेत्याइँ गर्दछन् । उपाध्याय बाहुनहरू पूर्वीया र कुमाइ गरी २ थरिका छन् । कुमाइका थरहरूमा विस्ट, डोटेल,जोशी, लोहनी, पाण्डे, पनेरू, पन्त आदि छन् भने पूर्वीयाहरूमा पौडेल, पोखेल, अर्याल, खनाल, ढकाल आदि छन् । जैसी बाहुनमा उपाध्यायको नै थर हुन्छ तर उनीहरूको जात तल मानिन्छ । ठकुरीहरूमा बम, चन्द, मल्ल, सिंह, शाह, आदि छन् ।

## २.४ ब्राह्मण-क्षत्री समूहमा प्रचलित विवाह संस्कारका प्रक्रियाहरू

बाहुन क्षत्री समूहमा विहेवारी सामान्यतया आफ्नो जातभित्र मात्रै हुन्छ । पुस्ता जोड्न नसकिनेमा पनि दाजुभाइ भएकाले एउटै थरभित्र सामान्यतया विवाह गर्ने चलन छैन । ठकुरी र राणाहरूमा बाहेक अन्यमा मामाचेली फुपुचेला विवाह गर्ने चलन छैन । “यिनीहरूमा छोरीलाई ‘कन्यादान’ दिई बिहे गरिदिँदा पुण्य मिल्दछ भन्ने विश्वास छ ।” (विस्ट, २००५ ; ७३) नेपालका ब्रँह्मण, क्षत्रीहरू हिन्दू धर्मका अनुयायी हुनाले उनीहरूको विवाह परम्परा पनि हिन्दू धर्मबाट प्रभावित छ । हिन्दू धर्म अनुसार विवाह वंश परम्परा कायम राख्नको लागि अति आवश्यक छ । उचित तरिकाले विवाह गरेर व्यक्तिले देवऋृण, ऋृषि (गुरु) ऋृण, पितृऋृणबाट मुक्त भई मानवतालाई समृद्ध पार्न सहयोग गर्दछ ।

ब्राह्मण, क्षत्रीहरूको विवाह परम्परा तिनीहरूका पुर्खाहरूले अभ्यास गरेको परम्परा अनुसार हुन्छ । तीमध्ये विवाहको समयमा दुलाहाले दुलहीको सिउँदोमा सिन्दुर राखिदिने कुरा प्रमुख रूपमा आउँछ । यिनीहरू विभिन्न मूल्य, मान्यता र धार्मिक संस्कारहरूमा बाँधिएका छन् । समयको अन्तरालमा विवाह पद्धतिमा धेरै परिवर्तन आएका छन् र यसले लोग्नेमानिस र स्वास्नीमानिसको मात्र सम्बन्ध स्थापित नगरी पूरै भातृत्वको सम्बन्ध स्थापित गर्ने माध्यम पनि भएको छ । विवाहको हिन्दू संस्कारमा सर्वाधिक महत्त्वपूर्ण स्थान रहेको छ । साधारण परिस्थितिमा समाजका प्रत्येक व्यक्ति विवाह गरेर गृहस्थ जीवन बिताउने अपेक्षा गर्दछन् । (सुवेदी, २०५६ ; १२)

ब्राह्मण, क्षत्री समूहमा पनि धेरै किसिमका विवाह पद्धतिहरू प्रचलनमा आउन थालेका छन् । धेरैजसोले कन्यादान तथा स्वयंवरको अभ्यास गर्दछन् । कन्यादान प्रक्रियामा लोग्ने मानिसले केटीलाई उपहारको रूपमा प्राप्त गरेको जस्तो देखिन्छ । “ब्रँह्मण, क्षत्री समूहमा विवाह समारोह एक उमङ्गपूर्ण र रोचक हुन्छ र यसको लागि धेरै धार्मिक र सांस्कृतिक विधिहरू पूरा गर्न लामो समय लाग्दछ ।” ९च्भक्तष ज्ञढढढ स डद्द० विवाहको सामाजिक पक्ष नै धार्मिक जस्तो छ जसमा धेरै हिन्दूत्वका साङ्केतिक बनावटहरूको प्रयोग हुन्छ । ब्राह्मण समाजमा ल्याइते र ब्याइते गरी दुई विवाह पद्धतिहरू प्रचलनमा छन् । ल्याइते विवाह भन्नाले कुनै धार्मिक विधि विधानहरू नगरी आफैं विवाह गर्ने चलन हो । यस्तो विवाहमा कन्याकेटी वा विवाहित केटी ल्याउने गरिन्छ भने व्याइते विवाहमा पूर्ण धार्मिक विधि अपनाइन्छ । यस्तो विवाह पद्धति नै आधिकारिक र पूर्ण मानिन्छ । यही व्याइते विवाह नै मागी विवाह पनि हो जसमा सम्पूर्ण विवाहका विधिहरू अपनाइन्छ र यसको व्यवस्था केटाकेटीका बाबुआमा वा इस्टमित्र (आफन्त)हरूले गरेका हुन्छन् । मागी (व्याइते) विवाहमा अपनाइने विभिन्न विधि विधानहरू यस प्रकार छन् :-

१.	कामकुरो छिन्ने

यदि केटीको रूपरङ्ग आकर्षक छ, शीलस्वभाव मनपर्दो भएमा केटा र केटीको परिवारको जात र सामाजिक हैसियत मिल्छ भने तिनीहरूका अभिभावकहरूले कामकुरो छिन्ने समारोहको व्यवस्था गर्दछन् । यो समारोह केटाको घरमा, केटीको घरमा, आफन्तको घरमा वा मन्दिरमा पनि हुन सक्छ । त्यहाँ ज्योतिषिको व्यवस्था पनि गरिएको हुन्छ । पुरोहित (ज्योतिषी) ले केटा र केटीको चिना हेराउँछन् । ग्रहदशाले जीवनमा ठूलो प्रभाव पार्दछ भन्ने विश्वास गरिन्छ भने एकपटक गाँसेको वैवाहिक सम्बन्ध जुनीजुनीसम्म विच्छेद हुँदैन भन्ने मान्यता हुनाले ग्रहदशालाई महत्त्व दिइन्छ । यी सबै कुरा मिलेपछि ज्योतिषिले दुवै पक्षको सल्लाह बमोजिम उपयुक्त दिन जुराउँछन् । त्यसपछि केटीको बाबुले आफ्नो क्षमता अनुसारका जन्ती ल्याउन केटापक्षसँग अनुरोध गर्दछन् किनकि जन्तीलाई राम्रो खानाको व्यवस्था गर्नुपर्दछ ।

२.	स्वयंवर गर्ने

स्वयंवरको अर्थ आफैले उपयुक्त वरको चयन गर्नु भन्ने बुझिन्छ । यो प्रथा क्षत्रीहरूमा बढी प्रचलित छ । धर्मशास्त्रमा उल्लेख भए अनुसार राजकुमारीहरूले उपयुक्त राजकुमारहरूको खोजी गरी स्वयंवर गर्दथे । स्वयंवर कार्यक्रमपछि केटीको मृत्यु भएमा केटाको परिवारले १३ दिन नै जुठो बार्नुपर्दछ । यदि केटाको मृत्यु भयो भने केटी विधवा भएको मानिन्छ । केटीको घरमा गरिने यो कार्यक्रममा केटाको परिवारका सदस्य, इस्टमित्र र पुरोहित आउँछन् । यो समारोहमा सामान्य भोज हुन्छ । केटा र केटीको तर्फबाट उपस्थित पुजारी (पुरोहित) हरूले गणेशको पूजा गर्दछन्, तेलको बत्ती बालिन्छ । कलशमा पानी राखी पुजारीले केटा र केटी दुवैलाई टीका लगाइ दिन्छन् । केटाको दीर्घायुको लागि करुवा (कलश) मा पानी राखी केटीले केटालाई ३ पटक घडीको सुइको दिशा अनुसार परिक्रमा गर्दछिन् । त्यसपछि केटीले केटालाई दुबोको माला लगाइ दिन्छन् । यसको अर्थ तिनले केटालाई वरको रूपमा स्वीकार गरेको हुन्छ । यो कर्म कन्याले आफैं केटी रोज्ने पौराणिक परम्पराको प्रतीक  हो । हाल कन्याले आफै वर रोज्ने र माला लगाइदिने चलन प्रचलनमा छैन ।

३.	पूर्वाङ्ग कार्यक्रम

केटापक्षका ज्योतिषिद्वारा शुभ लग्न ठहऱ्याएर पूर्वाङ्ग गर्ने समय निश्चित हुन्छ । "सो अनुसार केटाकेटी दुवैको घरमा कन्याद्वारा धान सुकाउने, चोखोमाटो खन्ने, सधवा स्त्रीद्वारा गणेश थाप्ने, जलघडा भर्ने, सूचीकारद्वारा साइतको चोलो सिउने, यज्ञमण्डप बनाउने, बुकुवा भुट्ने आदि कामहरू सम्पन्न गरिन्छन् ।" (सुवेदी, २०५६ ; ९८)

४. जन्ती जाने

जन्ती जानुभन्दा अगाडि केटाको घरमा नौं ग्रहको पूजा गरिन्छ । यो कार्यक्रम यज्ञमण्डपमा हुन्छ । यसले गर्दा नवदुलाहालाई नौं ग्रहले रक्षा गर्ने विश्वास गरिन्छ । त्यसपछि दुलाहाले एउटा प्लेटमा पगालेर राखेको घिउमा आफ्नो अनुहार हेर्दछन् । कुशको टुक्राले चलाउँदै हेर्दा अनुहार स्पष्ट देखियो भने नवग्रहले उसलाई साथ दिएको विश्वास गरिन्छ । दुलाहा विशेष किसिमको कुर्चीमा बस्छन् । आफ्नी आमाले दुध र सगुन खुवाउँछिन् । आमालाई दुलाहाले भेटी चढाउँछन् । नौं ग्रहको पूजा गरेपछि दुलाहा बाजागाजा, कलश, लोकन्ती, कल्छेउडी, अभिभावक, बन्धुबान्धव, इष्टमित्र, साथीभाइको लावालस्कर सहित मोटर वा अन्य वहानमा चढेर दुलहीको घरमा जान्छन् । दुलहीको घरमा पुगेपछि दुलहीका अभिभावकले कलशसहित वर (दुलाहा) लाई तिन पटक परिक्रमा गर्दै अक्षताबाट जन्तीलाई पर्सिने कार्यक्रम हुन्छ ।

५. रत्यौली खेल्ने

दुलाहाको घरबाट जन्ती हिँडेपछि दुलाहाका परिवार र अन्य छिमेकी महिलाद्वारा गीत गाएर रमाइलो गरिन्छ । दुलाहाको घरमा महिलाहरू गीत गाउँदै रातभरि जाग्राम बस्छन् । रातभरि बत्ती बाल्ने र घरको ढोका खुल्ला राख्नुपर्छ । एउटै बत्तीमा बालिएका दुईवटा फरकफरक ज्योति (बत्ती)हरू कन्यादानको बेला आफैं जोडिन्छन् भन्ने विश्वास छ । रत्यौलीको मुख्य रमाइलो पक्ष महिलाहरूले पुरुषको नक्कल गर्दै नाच्ने र यौनजन्य क्रियाकलापहरूको अभिनय गर्दछन् । दुलाहाकी आमा, दिदीबहिनीहरू नाच्नै पर्दछ र अरू महिलाहरू पनि नाच्छन् । यो क्रम जन्ती फर्केर नआउँदासम्म जारी रहन्छ ।

६. वरणी गर्ने

जन्ती पर्सी सकेपछि दुलाहालाई स्वागत गरिन्छ । यसलाई वरणी गर्ने भनिन्छ । दुलाहालाई मण्डपको बाहिरपट्टि उभिन लगाई दुलहीको बाबु वा ठूलो दाजुले कलशको पानीको घेरा लगाउँदै तीनपटक परिक्रमा गर्दछन् । त्यसपछि पुरोहित र केटीको बाबुले

दियोलाई पूजा गर्दछन् । दुलाहा र दुलहीको बाबुको बीचमा पहेँलो कपडा राखी पुरोहितले मन्त्र पढ्छन् । यसलाई 'छेको राख्ने' भनिन्छ । दुलहीको बाबुले दुलाहाको हातमा, काँधमा, पेटमा, घुँडामा र गोलीगाँठामा छुन्छन् । यस्तो गर्नुको उद्देश्य दुलाहाको शरीर पवित्र छ भनिएको हो । दुलाहाले दुलहीको बाबुलाई टीका लगाइ दिन्छन् । त्यसपछि जन्तीलाई खाना खुवाउने कार्यक्रम हुन्छ ।

७. गोडा धुने

दुलाहाद्वारा दुलहीलाई कुर्चीमा बसाइन्छ । दुलही दुलाहाको दाँयातिर बस्छिन् । दुलहीको बाबुले तामाको ताउलो अगाडि राख्छन् र दुवैको खुट्टा ताउलोको विटमा राखिन्छ । सबैभन्दा पहिला दुलहीका बाबुले दुलहीको खुट्टा पखालेर गोडाबाट झरेको पानी ३ पटक खान्छन् । दुलाहाको खुट्टा पनि त्यसरी नै धुन्छन् । त्यसपछि दुलाहादुलही दुवैलाई टीका लगाई दक्षिणा दिन्छन् र ढोग गर्दछन् । त्यस्तै दुलहीकी आमा, दाजुभाइ आदि सबेले क्रमैसँग यो क्रिया गर्दछन् । यसरी गोडा धुँदा नगद तथा जिन्सी, भाडाकुडा र अन्य उपहारहरू दिनुपर्छ जसलाई गोड्धुवा (गर्दुवा) भनिन्छ ।

८. कन्यादान कार्यक्रम

गोडा धुने कार्यक्रमपछि दुलाहा दुलहीलाई त्यही ठाउँमा राखिन्छ । दुलहीको बाबुले दुलहीको दाँयाहात समात्छन् र त्यसको ठीक तल दुलाहाले दुवै हात थापेका हुन्छन् । दुलहीको आमाले माथिबाट कलशको पानी राख्दछिन् । उक्त पानी दुलहीको बाबुको हातबाट दुलहीको हात हुँदै दुलाहाको हातमा पर्दछ र अन्तमा भुँइमा राखेको काँसको कचौरामा पर्दछ । पुरोहितले दुलहीका तीन पुस्ते र दुलाहाको तीन पुस्तेको नाम र गोत्र मन्त्र सहित उच्चारण गर्दछन् । यो क्रियापछि दुलहीको बाबुले दुलहीको हात समातेर दुलाहाको हातमा राखिदिन्छन् । यसपछि दुलहीको गोत्र परिवर्तन भई दुलाहाको गोत्र हुन पुग्दछ ।

९. सिन्दुर हाल्ने

दुलाहाले दिएका सम्पूर्ण लुगा, वस्त्र, गहना, शृङ्गारका सामान आदि लगाई दुलहीलाई सिँगारपटार गरिन्छ । दुलाहादुलहीले जग्गेमा पूजा गर्दछन् । पण्डितले मन्त्र उच्चारण गर्दछन् । दुलहीको भाइले दिएको लावा दुलहीले आगोमा चढाउँछिन् । होम गर्दै दुलाहाले दुलहीको खुट्टाको बुढीऔंला छुन्छन् । तीनपटक लावा होम गर्दा दुलहादुलहीले आफूहरू अभिन्न अंग भएको कुरा दुलाहाले मन्त्रद्वारा उच्चारण गर्दछन् । मन्त्रमा आफू

सामवेद र दुलही ऋग्वेद भएको, आफू अन्तरिक्ष र दुलही धरती भएको, आफू विष्णु र दुलही लक्ष्मी भएको, गर्भदान गरी सन्तान उत्पादन क्रियाद्वारा सुख र प्रेमपूर्वक पूर्णजीवन जीउने बाचा अग्निसाक्षी राखी गरिएको हुन्छ । दुलाहाले दुलहीको खुट्टाको बुढीऔँला छोएर बाचा गर्दछन् । त्यसपछि दुलाहाले गणेश, अग्नि र कलशको पूजा गर्दै दुलहीको सिउँदोमा सिन्दुर लगाइदिन्छन् । सिन्दुर लगाउँदा कलशदेखि दुलहीको सिउँदोसम्म सेतो कपडा राखिएको हुन्छ र उक्त कपडामा सिन्दुरको धारा लगाउँदै तीनपटक सिउँदोमा सिन्दुर राखिदिन्छन् । सिन्दुर हालेको बेला माइती पक्षले हेर्दैनन् । सिउँदोलाई रुमालले ढाकिन्छ । विवाहित महिलाले सिन्दुर पतिको मृत्यु नभएसम्म लगाउनुपर्दछ ।

१०. दुलही अन्माउने

यो क्षण सबैभन्दा दुःखद क्षण हो । किनकि यो समयमा दुलहीलाई बिदाइ गरिन्छ । बिदाइ गर्दा दुलाहादुलहीले मातृका पूजा गर्दछन् । दुलहीकी आमाले पान, सुपारी र पैसा राखेर कपडामा गाँठो पार्दछिन् । त्यो गाँठो पछि दुलाहाकी आमाले फुकाउनु पर्दछ । त्यसपछि दुलाहीका बाबुले दुलाहातर्फ इङ्गित गर्दै 'मारे पाप पाले पुण्य' भन्दै छोरीलाई सुम्पन्छन् । दुलहीका बाबुले दुलाहालाई टीका लगाइदिन्छन् । दुवैलाई दही खुवाइन्छ । त्यसपछि दुलहीका बाबु वा दाजुले जग्गेलाई तीनपटक घुम्दै दुलहीलाई बोकेर डोलीमा राखिदिन्छन् । यसपछि जन्तीहरू दुलहीलाई लिएर प्रस्थान गर्दछन् । यस्तो क्षण अत्यन्त दर्दनाक हुन्छ किनकि दुलहीका सम्पूर्ण नातेदार दुःखी भएका हुन्छन् ।

११. जन्तीबाख्रो खाने

दुलहीलाई बिदाइ गरी (अन्माइ) सकेपछि माइतीको तर्फबाट जन्तीलाई भोजको लागि जन्तीबाख्रो (खसी) दिइन्छ । यसको लागि आवश्यक सामग्री पनि दिइन्छ । उक्त खसीको एउटा साँप्रो माइती पक्षलाई पठाइन्छ । त्यसलाई रुन्चे साँप्रो भनिन्छ । "यो भोज खाँदा सबैभन्दा पहिला दुलाहादुलहीलाई खुवाइन्छ र त्यसपछि अरूले खान्छन् ।" ९द्यभललभतत, ज्ञढडघ स डट० त्यसपछि जन्ती दुलही लिएर फर्कन्छन् ।

१२. दुलही भित्र्याउने

जन्ती आउनुअघि दुलाहाको आँगनमा गाइको गोबरले लिपेर वृत्ताकार भाग बनाइएको हुन्छ । पञ्चपालामा बत्ती बालिन्छ । दुलही बसेको डोलालाई त्यही ठाउँमा ल्याएर अड्याइन्छ । दुलाहादुलही दुवैलाई दुलाहाका दिदीबहिनीले करुवाबाट पानीको घेरा लगाउँदै तीनपटकसम्म परिक्रमा गर्दछन् । टीका लगाइ फूलको माला लगाइ दिन्छन् । तिनीहरूले

पहिला दुलाहालाई र पछि दुलहीलाई दही खान दिन्छन् । ढोकाबाटभित्र जाने क्रममा दुलाहाका दिदीबहिनीले ढोकामा दुलहीको बाटो छेक्छन् । यसलाई ढोका छेक्ने भनिन्छ । दुलहीले ब्लाउज, सारी दिएपछि वा दिने कबोल गरेपछि बाटो छाडि दिन्छन् । त्यसपछि ढोकाभित्र सातवटा धानका थुप्राहरूमा दुलहीले कुल्चँदै अघिल्लो दिन पूर्वाङ्ग गरेको स्थानमा पुग्छन् । धानको थुप्रोमा बालेको बत्तीलाई कुल्चँदै जाँदा बत्ती निभेको हुनुपर्दछ । भित्रगएपछि दुलही र दुलाहाकी आमा (सासु-बुहारी) बिच चुल्ठो जोर्ने र पाथी भर्ने जस्ता रमाइला खेलहरू खेल्छन् । दुलाहाकी आमाले भाँडोमा अन्न भरिसकेपछि त्यसभित्र जनै र सुपारी लुकाउँछिन् । लुकाएको बस्तु कसले छिटो पाउने भन्ने प्रतियोगिता सासु-बुहारीबिच चल्छ । त्यसपछि "सासु-बुहारी दुवै मिलेर उक्त अन्न (धान) आँटी वा भण्डार कोठामा लैजान्छन् । यसलाई भण्डार देखाउने भनिन्छ ।" (Bennett, 1983 ; 90)

त्यसपछि नयाँ दुलहीको मुख हेर्ने र परिचयको क्रम सुरु हुन्छ । सबैभन्दा पहिला सासुले, त्यसपछि दुलाहाका दिदीबहिनीले र अन्य महिला नातेदारका साथै छिमेकी अन्य महिलाहरूले पनि पालैसँग मुख हेर्ने चलन हुन्छ । दुलहीले प्रत्येकलाई ढोग गर्नु पर्दछ । मुख हेर्दा प्रत्येकले नगद वा वस्त्रहरू दिनु पर्दछ ।

## १३. उत्तराङ्ग कार्यक्रम

दुलही भित्र्याएको भोलिपल्ट दुलाहाको घरमा लगाएको जग्गेमा दुवैले पूजा गर्दछन् । यसलाई चतुर्थी होम भनिन्छ । दुलाहा दुलहीको बिचमा पूजा गर्दै विभिन्न रमाइला खेलहरू हुन्छन् । तीमध्ये माछा मार्ने खेल हो । यो खेल खेल्दा पुरोहितले ताउलोमा भएको धमिलो पानीमा कपडाले बेरेको सानो ढुङ्गा राखिदिन्छन् र खोज्न लगाउँछन् । पहिला दुलाहाले राखेपछि दुलहीले निकाल्नुपर्छ र पछि दुलहीले लुकाएपछि दुलाहाले निकाल्नुपर्छ । त्यसपछि दुलहीलाई जुठो खुवाउने कार्यक्रम हुन्छ । एउटा ठूलो थालमा राखेको कसारलाई दुलाहाले टोकेर जुठो हालिदिन्छन् र बाँकी दुलहीले सिध्याउनुपर्दछ । त्यसको बदलामा दुलहीलाई पैसा दिनुपर्छ । त्यसपछि दुलहीले सधैँ दुलाहाको जुठो खानुपर्छ । "अर्को कार्यक्रममा दुलहीले दुलाहाको खुट्टाको बुढीऔँलाको पानी खानुपर्छ जसरी दुलहीको खुट्टाको पानी उनका बाबु आमा, दाजुभाइले जसरी खाएका थिए । त्यसबापत पनि पैसा दिनुपर्छ ।" (Bennett, 1983) त्यसपछि दुलहीले पकाएको भात दुलाहाका बाबुआमा तथा परिवारका अन्य सदस्यले खान्छन् । यसको अर्थ अब दुलहीको कर्म चलेको भनिन्छ । यसरी खाँदा दुलाहादुलहीले

सबैभन्दा पहिला खान्छन् । त्यसपछि मात्र अरूले खान्छन् । उक्त समारोहमा जम्मा भएका सबै इष्टमित्र, बन्धुबान्धव तथा नातेदारहरूले विवाहित दम्पत्तिको कुशल मङ्गल जीवनको कामना गर्दछन् ।

१४. दुल्हन फर्काउने

विवाह सम्पन्न गरिसकेपछि नवदम्पत्तिहरू फेरि दुलहीको घर (माइत)मा फर्कनुपर्छ । यसलाई दुल्हन फर्काउने भनिन्छ । परम्परा अनुसार विवाहको पाँचौ दिन मात्र दुलही फर्कनुपर्छ । दुल्हन फर्काउन जाँदा सगुन लैजानुपर्छ र फेरि दुलाहाको घरमा फर्कंदा पनि त्यसै गर्नुपर्छ ।

१५. सम्धिसन्धिना भेट

यो कार्यक्रमको लागि दुलहीका बाबु छोरीको घरमा गई भेट्नुपर्छ । यसरी जाँदा मसला, मिठाइँ र आफ्नो गच्छे अनुसार साडी, ब्लाउज, पेटीकोट गरगहना लैजानुपर्छ । यो कार्यक्रम नगरेसम्म तिनीहरूको भेट हुनुहुँदैन, देख्नुहुँदैन ।

## २.५ पूर्व साहित्यको अध्ययन (पूर्वकार्यको समीक्षा)

नेपालका ब्रँह्मण, क्षत्री लगायत विभिन्न समूहको विवाह संस्कारको बारेमा विभिन्न अध्ययनहरू भएका छन् । यी अध्ययनका मुख्य-मुख्य भागहरूलाई यसप्रकार उल्लेख गरिन्छ ।

प्रसिद्ध नारीवादी लेखिका Lynn Bennett ले नेपालको राजधानी नजिकै नारीकोटमा बसोबास गर्ने उच्च ब्रँह्मण, क्षत्री परिवारका विविध पक्षहरूलाई आफूले प्रत्यक्ष अनुभव गरेर लेखेको अनुसन्धानात्मक पुस्तक Dangerous Wives and Sacred Sisters मा ब्रँह्मण, क्षत्री विवाह पद्धतिलाई विशेष ध्यान दिएर विश्लेषण गरेकी छन् । उक्त पुस्तकमा विवाहलाई मानिसको जीवनमा गर्नुपर्ने महत्त्वपूर्ण संस्कारको रूपमा वर्णन गरिएको छ । ब्रँह्मण, क्षत्री समूहमा केटा मानिसको ब्रतबन्धपछि र महिलाहरूको विवाह पश्चात मात्र सामाजिक आर्थिक, सांस्कृतिक उत्तरदायित्व बढ्ने गर्दछ । विवाहलाई दुई परिवार जोड्ने र नातेदारीको सिर्जना गर्ने माध्यमको रूपमा लिइएको छ । ब्रँह्मण, क्षत्री समूहमा हुने विवाहका मुख्य

रूपहरू ल्याइते विवाह (विधिविधान नपुऱ्याइ गरिने विवाह) र ब्याइते विवाह (विधिविधान पुऱ्याएर गरिने विवाह) हुन् । नारीकोटका ब्रँह्मण, क्षत्री समूहमा मागेर गर्ने मागी विवाह बढी प्रचलित रहेको र मागी विवाहमा गरिने विधिहरूलाई उल्लेख गरिएको छ । मागी विवाहमा केटा र केटीको भन्दापनि उनीहरूका अभिभावकहरूको सक्रियता बढी रहन्छ । मागी विवाहमा हुने केटाकेटी हेर्ने, कामकुरो छिन्ने, स्यम्वर गर्ने, पूर्वाङ्ग गर्ने, जग्गे हाल्ने, जन्ती जाने, रत्यौली खेल्ने, जन्ती पर्सने, वरणी गर्ने, गोडा धुने, कन्यादान गर्ने, गुप्ती आहुती गर्ने, जग्गेमा खेल्ने खेलहरू (पासा खेल्ने, ऐना हेर्ने, लाभा भुट्ने आदि), सिन्दुर हाल्ने, ठाउँ सार्ने, जन्ते बाख्रो खाने र रुन्चे साँप्रो दिने, दुलही अन्माउने, आरती स्याउली, ढोका छेक्ने, सासु बुहारीको बिचमा हुने खेल (पाथी भर्ने), मुख हर्ने, चतुर्थी होम गर्ने, दुल्हन फर्काउने, सम्धीसम्धिन भेट हुने जस्ता सम्पूर्ण विधि र प्रक्रियाहरूलाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । विवाहमा हुने लैङ्गिक विभेदका कुराहरू जस्तै जुठोखाने, ढोग गर्ने, अन्यवस्तुहरूलाई झैं दुलहीको कन्यादान गर्ने, गोत्र श्रीमान्कोमा परिवर्तन हुने, 'बाबुले छोरीलाई मारे पाप पाले पुण्य' भनी परनिर्भर बनाउने, सिन्दुर हालेर दुलाहाले आफ्नो निजी वस्तुजस्तो बनाउने कुरालाई प्रमुखताका साथ विश्लेषण गरिएको छ । यसमा माइतीमा महिलाको उच्चस्थिति र घरमा हुने निम्न स्थितिको चर्चा गर्दै माइतमा पुज्यनीय मानिने तर घरमा हेलित, दमित र शोषित हुनुपर्ने, घरमा महिलालाई टिकाटिप्पणी गरी शंकाको दृष्टिले हेरिने, चरित्रमाथि दाग लगाउने, दाइजो र दक्षिणालाई माध्यम बनाएर माइतीको स्थिति आँकलन गरिने कुरालाई चित्रण गरिएको छ ।

प्रसिद्ध मानवशास्त्री, प्राध्यापक Rishikeshab Raj Regmi द्वारा लिखित Dimensions of Nepali Society and Culture भन्ने पुस्तकमा नेपाली समाजमा प्रचलित विभिन्न संस्कृतिहरूलाई विश्लेषण गरिएको छ । ब्रँह्मण, क्षत्री समूहको परिचय खण्डमा नेपालका यी दुई जातको जनसङ्ख्या अधिक रहेको, आधुनिक नेपालको निर्माणमा निर्णायक भूमिका रहेको र यिनीहरूका सम्पूर्ण सांस्कृतिक गतिविधिहरू हिन्दू धर्मशास्त्रबाट निर्देशित रहेको उल्लेख गरिएको छ । यस पुस्तकको पाँचौ अध्यायमा नेपालका ब्रँह्मण, क्षत्रीहरूको विवाह प्रक्रियाहरूको बारेमा विश्लेषण गरिएको छ । विवाह एउटा मुख्य र सर्वव्यापक संस्थाको रूपमा लिँदै यसलाई यौन क्रियाकलापको नियन्त्रण गर्ने, परिवारको स्थापना गर्ने, पितृ मोक्षको लागि पितृ ऋण तिर्न सन्तान उत्पादन गर्ने, श्रीमान् श्रीमतीलाई धार्मिक क्रियाकलाप गर्ने माध्यमको रूपमा लिइएको कुरालाई उल्लेख गरिएको छ ।

ब्रँह्मण, क्षत्री समूहले आफ्नो जातभित्र मात्र विवाह गर्ने तथा आफ्ना पुर्खाहरूले चलाएको चलनचल्तीलाई अनुसरण गर्ने गर्दछन् । विवाहलाई ब्रँह्मण, क्षत्री समूहमा जीवन सजाउने, जीवनलाई हराभरा र आकर्षक बनाउने माध्यमको रूपमा लिइएको हुन्छ । विवाहको समयमा हुने परम्परागत रीतिरिवाजहरूको बारेमा चर्चा गर्दै विवाह सम्पन्न गर्नको लागि गरिने विधिहरू उल्लेख गरिएको छ । आफ्नो आवश्यकता अनुसारकी उपयुक्त केटी भएको खण्डमा ज्योतिषिद्वारा चिना जुराउने कार्य गरिन्छ । ब्रँह्मण, क्षत्रीहरूमा ग्रहदशाले जीवनमा महत्वपूर्ण प्रभाव पार्छ भन्ने मान्यता अनुसार ग्रहदशा मिलाउनु पर्दछ । ग्रहदशा मिलेपछि ज्योतिषिद्वारा उपयुक्त लगन जुराउने, स्वयम्वर गर्ने, साइपाटा ल्याउने, जन्ती पर्सने, वरणी गर्ने, जग्गेमा बस्ने, कन्यादान गर्ने, सिन्दुर हाल्ने, जन्तेबाखो खाने, दुलही अन्माउने, दुलहीको परिचय गराउने विधिहरूलाई विश्लेषण गरिएको छ । ब्रँह्मण-क्षत्रीहरूको विवाह समारोहमा सिन्दुर हाल्ने क्रिया र कन्यादानलाई प्रमुख रूपमा लिइने चलन रहेको कुरा उल्लेख गरिएको छ । विवाह मण्डपमा दुलाहादुलहीले अग्नि साक्षी राखी गरिने विभिन्न वाचा बन्धनहरूलाई छुट्टाछुट्टै रूपमा उल्लेख गर्दै दुलहीलाई आफ्नो अर्धाङ्गिनी (आधा अंगको) रूपमा स्वीकार गर्ने कुरा बताइएको छ ।

हिन्दू विवाह संस्कारहरूमा समयको आवश्यकता र पश्चिमी प्रभावले गर्दा धेरै परिवर्तनहरू हुँदै आएको चर्चा गरिएको छ । हिन्दू धर्ममा पहिला विवाहलाई पितृऋण तिर्ने, सन्तान उत्पादन गर्ने र धार्मिक कार्य गर्न नभै नहुने माध्यमको रूपमा लिएपनि हाल विवाहलाई व्यक्तिको इच्छा अनुसार स्वैच्छिक रूपमा हेर्न थालिएको, विवाहमा हुने स्वगोत्रीय वन्देजलाई खुकुलो पारिएको, बालविवाहलाई निरुत्साहन गर्दै यसलाई कानुनद्वारा अवैधानिक घोषणा गरिएको कुरा उल्लेख छ । ब्रँह्मण, क्षत्री समूहमा आफ्नो जातभित्र मात्रै विवाह गर्ने चलन भएपनि हाल अन्तरजातीय विवाहलाई पनि स्वीकार गर्न थालिएको छ । यस्तो चलन विशेषत सहरी क्षेत्रहरूमा बढी चलेको र यसको प्रमुख कारणमध्ये सहशिक्षा, समानताको भावनामा वृद्धि र प्रजातान्त्रिक अधिकाहरूको प्राप्ति प्रमुख कारण रहेको कुरालाई व्यक्त गरिएको छ ।

मधुसुदन सुवेदीद्वारा लिखित पुस्तक 'हिन्दू विवाहको इतिहास' (२०५६) को परिच्छेद छ मा नेपालमा प्रचलित हिन्दू विवाह पद्धति अन्तर्गत ब्राह्मण तथा क्षत्रीहरूको विवाह पद्धतिको बारेमा वर्णन गरिएको छ । हिन्दू धर्ममा विवाहलाई अत्यन्त ठूलो महत्व दिई विवाह नगरेको मान्छेलाई यज्ञहिन र सत्कर्ममा अयोग्य मानी निन्दा गरिने कुरा बताइएको

छ । वैदिक कालमा विवाहलाई गृहस्थ प्रवेशको माध्यम मान्दै अध्ययन सकिएपछि कन्या केटीसँग विवाह गर्नुपर्ने उल्लेख छ । मनुस्मृतिमा उल्लेख आठ प्रकारका विवाहमध्ये वैदिक विधिद्वारा गरिने ब्रँह्म विवाहको विधि वर्णन गरिएको छ । जसमा अभिभावकद्वारा वरवधुलाई सहमत गराएर मात्र वैवाहिक कार्यक्रम सुरु हुन्छ । वरपक्षका गुरु पुरोहित विद्वान्सहित अभिभावक गएर वधुलाई माग्दछन् । वधु पक्षबाट स्वीकार गरेपछि वैवाहिक कार्यक्रम सुरु हुन्छ । यस अनुसार शुभ-विवाहभन्दा एक दिन अगाडि स्वयम्बर गर्ने कार्यक्रम हुन्छ । त्यसपछि ज्योतिषिद्वारा जुराएको समयमा दुवै पक्षमा पूर्वाङ्ग कार्यक्रम सुरु हुन्छ र साइपाटा लाने काम हुन्छ । विवाहको दिनमा जन्ती जाने, वधुका अभिभावकले कलशले तिन पटक प्रदक्षिणा गरी जन्ती पर्सने, प्रायश्चित गोदान गरी वरको पूजा गरी वरणी गर्ने, गोडा धुने, कन्यादान गर्ने, गाईदान गर्ने, वरले वधुको नामाकरण गर्ने, वरले कन्यादान गर्नेहरूलाई टीका लगाई दिने, वरवधुले वाचा गर्दै लावा होम गर्ने, वरले वधुको पाउ (शिला) छुने, अग्नि प्रदक्षिणा गर्ने, वरले अष्टपर्वतको पूजा गरी सिन्दुर हाल्ने, जग्गेमा पासा खेल्ने, नौंग्रहको पूजा गर्ने, वरको घर जान उत्तराङ्ग कार्यक्रम गर्ने विधिहरू पर्दछन् । जन्ती घरमा पुगेपछि वधुको स्वागत गर्न आरती बाल्ने, वधुद्वारा बत्ती कुल्चने, मातृकाको पूजा गर्ने, सासुबुहारीको चुल्ठो जोड्ने, पाथी भर्ने, वधुको मुख हेर्ने र परिचय गर्ने कार्यक्रम हुन्छ भने भोलिपल्ट चतुर्थी हवन गर्ने, वधुलाई जुठो खुवाउने, गोडाको पानी खुवाउने आदि काम गर्दै वैदिक विधि अनुसारको ब्रँह्म विवाह कार्यक्रमको अन्त हुने कुरा उल्लेख गरिएको छ ।

अमेरिकाको मिचिगन विश्वविद्यालयको जनसंख्या अध्ययन केन्द्रले सन् २००६ को अक्टोवर महिनामा प्रकाशन गरेको Developmental Idealism and changing models of marriage अध्ययन रिपोर्ट नेपालको चितवन उपत्यकामा सन् २००३ मा गरिएको प्रत्यक्ष क्षेत्र अध्ययनमा आधारित छ । यो अध्ययनमा नेपालमा सञ्चालित विकासका मोडेलहरूले नेपालीहरूको विवाह पद्धतिमा पारेको असरबारे अध्ययन गरिएको छ । नेपालमा पहिला बालविवाह, मागीविवाह र बहुविवाह गर्ने प्रचलन थियो भने अन्तरजातीय विवाह, विवाह विच्छेदका र विधवा विवाह जस्ता कुराहरू गर्न पाइदैनथ्यो । यो अध्ययनबाट नेपालीहरूको ठूलो हिस्सा आधुनिक र विकसित समाजको जस्तै वैवाहिक क्रियाकलाप गर्न चाहन्छन् भन्ने उल्लेख गरिएको छ ।

नेपालीहरूको विवाह गर्न रुचाउने उमेर वृद्धि भएको, अन्तरजातीय विवाह र विवाह विच्छेदका घटनामा वृद्धि भएको तथा बहुविवाह गर्ने चलनलाई कानुनद्वारा निरुत्साहित गर्दै

लगिएको कुरा उल्लेख छ । यसरी विवाह पद्धतिमा परिवर्तन ल्याउन मुख्य भूमिका खेल्ने कारक तत्वहरूमा पुस्तागत स्थिति, शिक्षाको प्रभाव बढ्दै जानु, सञ्चार माध्यमहरूको प्रभाव र सहरीकरण रहेका छन् । नेपालीहरूको विवाह गर्ने चलनमा व्यापक परिवर्तन भए पनि अझै पनि पूर्ण आधुनिक परिवारको जस्तो सोचाइलाई व्यवहारमा ल्याउन नसकिएको कुरालाई औल्याइएको छ ।

प्रसिद्ध समाजशास्त्री प्राध्यापक चैतन्य मिश्रद्वारा लिखित 'बदलिँदो नेपाली समाज' कृति अन्तर्गत विवाहको अर्थ राजनीति भन्ने खण्डमा नेपाली समाजमा विभिन्न वैवाहिक पद्धतिहरू हावी भएकोमा केही पद्धतिहरू रूपान्तरण हुँदै हालसम्म कायम रहेका छन् भने केही नयाँ पद्धतिहरू जन्मेर विकास हुने क्रममा रहेको र भविष्यमा पनि यस्तो क्रम जारी रहने कुरा उल्लेख गरिएको छ ।

कुनै खास समाज र जनसमुदायमा स्थापित वैवाहिक पद्धति स्थिर नभएर कुनै पद्धति बढी ग्राह्य बन्दै जाने क्रममा छन् भने कुनैले आफ्नो वैधता गुमाउँदै गएका छन् । नेपालमा प्रचलित विवाह पद्धतिमध्ये मागी विवाह पद्धति हो जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित भन्दै अर्को विवाह पद्धति प्रेम विवाह केटाकेटीको इच्छा अनुसार हुने बताइएको छ । नेपालमा प्रचलित अन्य विवाह पद्धतिहरू जारीविवाह, विधवा-विधुर विवाह, बालविवाह, बहुविवाह, एकल विवाह क्रमबद्ध एकल विवाह आदिलाई मागी विवाह वा प्रेम विवाह अन्तर्गत राखिएको छ । यसमा मागी विवाह पद्धतिलाई सामन्तवादी उत्पादन सम्बन्धभित्र कायम हुने वैवाहिक परम्पराको रूपमा चित्रण गरिएको छ । सामन्तवादी उत्पादन सम्बन्धमा हुने मागी विवाहमा स्वआर्जनमा नभई पुर्ख्यौली आर्थिक सम्पत्ति, पुर्ख्यौली राजनीतिक शक्ति र पुर्ख्यौली सामाजिक प्रतिष्ठाको आधारमा आफ्नो आर्थिक राजनीतिक र सामाजिक हैसियत तय हुने परिपाटीभित्र बेहुलाले आफै बेहुली चयन गर्न नपाउनुलाई स्वाभाविक मानिएको छ । बराबरी हैसियत, कुलीनता, राजनीतिक शक्ति, सामाजिक प्रतिष्ठाको आर्जन र यी सबैको दिगोपनाको लागि नै सबैजसो सामन्तहरूले पर्खालभित्र मात्र आफ्ना सन्तानको विवाह तय गर्ने गर्दछन् । यो विवाह अभिभावकहरूले तय गर्दथे र यस विवाहद्वारा प्राप्त सन्तानलाई मात्र पुर्ख्यौली आर्थिक राजनैतिक र सांस्कृतिक अधिकार प्राप्त हुन्थ्यो । नेपालका राणा खानदानमा ल्याइते र व्याइतेको आधारमा सन्तानहरूमा वर्ग विभाजन हुँदा द्वन्द्व चलेको थियो ।

पुँजीवाद र विवाह पद्धति बिचको अन्तरसम्बन्धलाई जोड्दै यस्तो संरचना र प्रक्रिया अन्तर्गत 'स्वतन्त्र व्यक्ति' को सिर्जना हुने जसले घरपरिवार, स्थानीय नातेदार मित्रजन, कुलकुटुम्ब, स्थापित मूल्यमान्यता, रीतिरिवाजबाट स्वतन्त्र भयो । यस्तो परिवर्तनकारी आर्थिक, राजनैतिक र सांस्कृतिक विशिष्टता अँगाल्न थालेको समाजमा अभिभावक प्रधान मागी विवाह पद्धति स्वत : अवैध बन्ने क्रममा पुग्यो । विवाह अगाडि नै शिक्षा र रोजगारीको खोजीमा घरपरिवारबाट टाढा रहनुपर्ने, विवाह गरेपछि पनि बाबुआमाको घरमा नबस्ने तथा उनीहरूको नियन्त्रणमा नरहने, नातागोता र पारिवारिक इष्टमित्र, छिमेकीबाट टाढा रहनुपर्ने, जीवनयापनको स्रोत गैरपारिवारिक आर्जनलाई मान्नुपर्ने सामाजिक संरचनामा मागी विवाहको वैधता क्षीण हुँदै गएको छ । यस्तो स्थितिमा प्रेम विवाहको नयाँ पद्धति सुरु भएको कुरा उल्लेख गरिएको छ । यसरी सामन्तवादी अर्थराजनीतिको वैवाहिक पाटो मागी विवाह बनेझैं पुँजीवादले डोऱ्याउने र निर्देशित गर्ने पुँजीवादी अर्थराजनीतिको वैवाहिक पाटो प्रेम विवाह बन्न गएको कुरालाई जोड दिइएको छ ।

Wedding Customs in Nepal मा सुमन खतिवडाले नेपाल बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक देश भएकोले विवाह संस्कारमा पनि विविधता रहेको कुरा उल्लेख गरेका छन् । नेपाली समाजमा अझैपनि मागी विवाहकै प्रभुत्व रहेको छ भने नगरक्षेत्रमा प्रेम विवाहको चलन पनि चल्दै गएको कुरा उल्लेख छ । विवाहको निर्णय गर्नुभन्दा पहिला केटा र केटीलाई भेट्न दिइन्छ र उनीहरूद्वारा स्वीकार भएमा कामकुरो छिन्ने काम हुन्छ । विवाह गर्दा सामँन्यतया परिवारको पृष्ठभूमि र आर्थिक अवस्था उस्तै भएकाहरूको बिचमा हुन्छ । विवाहको काम टिकाटालाबाट सुरु हुन्छ । यसमा केटाका नजिकका नातेदार र साथीभाइहरू केटीको घरमा जान्छन् । ज्योतिषले उपयुक्त लगन जुराउने र विवाहको दिन पक्का गर्दछन् । विवाहलाई प्रमुख सामाजिक अवसर मँन्दै यसको छुट्टै सामाजिक मान्यता हुने बताइएको छ । विवाहको तयारी गर्न केही हप्ताको समय लाग्ने भएपनि तिन दिन मुख्य हुने बताइएको छ । दुलाहा पक्षका लोग्ने मानिसहरू जन्ती जाने र महिलाहरू सबै मिलेर रत्यौली खेल्ने गर्दछन् । जन्तीलाई दुलहीका परिवारले स्वागत गर्दछन् । दुलहीलाई विशेष गरगहना तथा मेहेन्दी र नयाँ-नयाँ लुगाहरूद्वारा सजाइएको हुन्छ । विवाहमा हुने मुख्य विधिमा स्वयम्वर गर्ने, कन्यादान गर्ने, सिन्दुर हाल्ने, दुलही अन्माउने, जन्तेबाखो खाने उल्लेख छन् । विवाहको समयमा सबै नाच्ने, गाउने र रमाइलो गर्दछन् । केही दिनपछि दुलाहा र दुलही दुलहीको माइतमा दुल्हन फर्काउन जान्छन्, यसले नयाँ स्थापित सम्बन्धलाई मजबुत बनाउँछ । दुल्हन फर्काउने कामपछि विवाह समारोह सकिन्छ भन्ने कुरा उल्लेख छ ।

नेपाली समाज पहिलाको तुलनामा अहिले खुल्ला बन्दै छ । यो क्रम विशेषत २००७ सालपछि सुरु भएको हो । नेपाली समाज खुल्ला हुने क्रममा नेपालीहरूको सम्पर्क अन्य देशका नागरिकहरूसँग हुन थाल्यो । यसले गर्दा नेपाली समाजमा स्थापित धार्मिक, सामाजिक, सांस्कृतिक मूल्यमान्यता, रीतिरिवाज र संस्कारहरूमा पनि विदेशी प्रभाव देख्न र अनुभव गर्न थालिएको छ । सूचनाप्रविधि र प्रजातान्त्रिक मूल्यमान्यताहरूको विकासले पनि यहाँको संस्कृतिमा प्रभाव पारेको छ । उल्लेखित अनुसन्धानात्मक कृतिहरूमा नेपाली समाजमा प्रचलित विवाह पद्धतिहरू, नेपालका ब्रँह्मण, क्षत्रीहरू समूहमा प्रचलित वैवाहिक संस्कारहरू, तिनीहरूमा देखिएका परिवर्तनका केही झलकहरूको बारेमा उल्लेख गरिए पनि विस्तृत रूपमा नेपालको सबै भागमा छरिएर रहेका हिन्दू धर्म शास्त्रबाट निर्देशित जीवनपद्धति अगाली रहेका ब्रँह्मण, क्षत्रीहरूको विवाह संस्कारहरूमा समयक्रममा कस्ता परिवर्तनहरू आएका छन् र ती परिवर्तन ल्याउन कुन-कुन तत्वहरूले महत्वपूर्ण भूमिका खेलेका छन् भन्ने बारेमा अध्ययन गर्ने क्रममा स्याङ्जा जिल्लाको फेदीखोला गा.वि.स. अन्तर्गत वडा नं. २ मा बसोबास गर्ने ब्रँह्मण, क्षत्रीहरूको बस्तीलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरी यो अध्ययन गरिएको छ ।

## २.६ नेपाली समाजमा प्रचलित विवाह संस्थामा आएका परिवर्तनहरू

नेपालमा धेरै जातजातिको बसोबास भएको भए पनि हिन्दू धर्म लामो समयसम्म राज्यको आधिकारिक धर्म मानियो । नेपाली समाजमा शताब्दीऔंसम्म हिन्दू धर्म अनुसारको विवाह पद्धतिलाई आधिकारिकता दिइयो । “विवाहलाई दुई व्यक्तिको सामान्य सम्बन्ध भएपनि जन्मजन्मान्तरको सम्बन्धको रूपमा लिइयो । त्यसैले नेपाली समाजमा विवाहको छुट्टै धार्मिक, सामाजिक र संस्थागत इतिहास छ ।” (Julie, Ghimire et al, 2006 ; 5)

हिन्दू जातिमा प्राचीन कालदेखि नै विवाहका अनेक रूप तथा भेद प्रचलित रहेका र रहँदै आएका छन् । यस्तो हुनुमा हिन्दू समाजमा जातीय बाहुल्यता नै हो भन्न सकिन्छ । प्रत्येक जाति, समुदाय र भिन्न सांस्कृतिक परम्परा बसिसकेपछि तिनका क्रियाकलाप र रीतिरिवाजमा परिवर्तन आउनु स्वभाविक नै हो । यसको अर्थ हिन्दू विवाहमा विविधता नैसर्गिक नै हो । आधुनिक कानुनको विकास हुनुभन्दा पहिला समाजको नियन्त्रण र निर्देशन रुढिवादी रीतिरिवाज र धार्मिक प्रावधानहरूले गरेका थिए । जसको अवशेष अहिले पनि देख्न सकिन्छ । “आधुनिक समाजको शक्तिको पृथक् स्पष्टता नभएपनि ऋषिमुनिहरूद्वारा रचित

स्मृतिहरू, राजाज्ञा र प्रथाहरूलाई त्यसबेलाको समाजद्वारा अङ्गिकार गरेको कानुनको रूप थियो र यिनै कुराहरूले बिहेबारीलाई निर्देशित गरेका थिए ।" (सुवेदी, २०५६ ; २७)

वर्तमान समयसम्म संसारभरिका समाजमा पाइने विवाहरूपी सामाजिक संस्थाको स्वरूपमा अनेकौं परिवर्तनहरू भएको पाइन्छ । कतिपय सामाजिक र आर्थिक कारणहरूले गर्दा परम्परागत विवाह प्रथामा अनेकौं परिवर्तनहरू भएका छन् । "पछिल्ला हजारौं वर्षहरूमा विवाह संस्थामा जति परिवर्तनहरू देखापरे त्यो भन्दा बढी परिवर्तन विगतका सय वर्षमा देखापरेको पाइन्छ । विवाहको परम्परागत स्वरूप विस्तारै लोप हुँदै जाँदैछ भने त्यो ठाउँमा विवाहका नयाँनयाँ स्वरूपहरू निर्धारण हुँदै गइरहेका छन् ।" (क्षत्री, रायमाझी, २०६१ ; ३३६)

हिन्दू विवाहपद्धति जुन विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको छ त्यसको आधारभूत संरचनामा नै धेरै परिवर्तनहरू आएका छन् । यस्तो हुनुका मुख्य कारणहरूमा पश्चिमी संस्कृति र जीवनपद्धतिको प्रभाव तथा समयको आवश्यकताका बाध्यताहरू हुन् । "हिन्दू विवाह पद्धतिमा आएका परिवर्तनहरूका मुख्य पक्षहरूमा विवाह गर्नैपर्ने बाध्यता नहुनु, विवाहका विभिन्न नियमकानुन तथा प्रविधिहरू तोडिँदै जानु, बालविवाहको विरोध हुनु तथा अवैधानिक घोषित गरिनु आदि मुख्य रहेका छन् ।" (Regmi, 1999 ; 88)

"त्यस्तै विवाह व्यक्तिगत चासोको विषय हुनु, विवाहको संस्कारात्मक स्वरूपमा परिवर्तन, विवाहको उद्देश्यमा परिवर्तन, निषेधहरू बाध्यात्मक नहुनु, वैवाहिक विधिहरूमा सरलीकरण हुनु, विवाहका नवीन पद्धतिहरू सिर्जना हुनु, जीवनसाथी रोज्ने र खोज्ने तरिकामा परिवर्तन, विधवा विवाह एवम् पुनर्विवाहमा वृद्धि, बाल विवाहमा कमी आदि जस्ता पक्षहरू विवाहरूपी सामाजिक संस्थामा देखापर्न गएका नयाँ परिवर्तनहरू हुन् ।" (क्षत्री, रायमाझी, २०६१ ; ३३१)

नेपाली समाजमा चाँडै विवाह गर्ने चलन, मागी विवाह गर्ने चलन र बहुविवाह गर्ने चलनमा परिवर्तन आएको छ । नेपाली समाजमा पहिला अन्तरजातीय विवाह र विवाह विच्छेदको चलन थिएन तर अहिले यी कुराहरू सामान्य जस्तै भएका छन् । अहिले विवाह गर्न रुचाउने उमेरमा वृद्धि हुँदै गएको छ । अन्तरजातीय प्रभाव बढेको, सम्बन्ध विच्छेद र आफ्नो जोडी आफैं छनौट गर्ने चलनमा वृद्धि भएको छ । बहुविवाहलाई निषेध गर्ने चलनमा वृद्धि भएको छ । "नेपाली समाजमा धेरै परिवर्तनहरू भए पनि अझै पनि विवाह अभ्यासको बारेमा त्यति धेरै परिवर्तन आएको र आधुनिक, पारिवारिक प्रवृत्ति पाइँदैन ।" (Julie, Ghimire et al, 2006 ; 1)

## २.७ विवाह संस्कारमा परिवर्तन ल्याउने कारक तत्वहरू

विशेषत सन् १९५० पछि नेपालमा सञ्चालित विकासात्मक क्रियाकलापमा मुख्यत : पश्चिमी देशहरूको योगदान मुख्य रूपमा रहेको छ, जसले जनसङ्ख्या वृद्धिलाई कम गर्न सहयोग गरेको छ । नेपालमा सञ्चालित सूचना प्रविधि, शिक्षा कार्यक्रमले महिला शिक्षामा वृद्धि, ढिलो विवाह गर्ने चलनमा वृद्धि, बालबालिकालाई बढी ध्यान दिने प्रवृत्ति बढेको छ । “पश्चिमी शिक्षाको प्रभावले युवाहरूमा प्रेम विवाह गर्ने चलनमा वृद्धि भएको छ । भारतीय तथा नेपाली फिल्मको प्रभाव, पाठ्यपुस्तक तथा रेडियो आदिले नेपाली जीवन पद्धतिमा प्रभाव पारेका छन् ।” (Julie, Ghimire et al, 2006)

नेपालमा हिन्दू धर्म मात्र मानिँदैन, त्यहाँ विभिन्न जातजातिहरू रहेका छन् र तिनीहरूका आ-आफ्नै मूल्य मान्यताहरू छन् । हिन्दू धर्म नमान्नेहरूले हिन्दूहरूले भन्दा बढी उमेरमा विवाह गर्दछन् । त्यस्तै तिनीहरूले छोराछोरीको विवाहमा कुनै प्रकारको हस्तक्षेप गर्दैनन् । मामाचेली, फुपूचेला, बहुपति विवाह तथा आफ्नो इच्छामा सानै उमेरमा पनि विवाह गर्न सक्छन् । तिनीहरूमा विधवा विवाह र सम्बन्ध विच्छेदमा कुनै रोकावट छैन । यसको प्रभाव हिन्दू विवाहमा परेको छ ।

आर्थिक, सामाजिक र राजनैतिक अवस्था एकआपसमा अनोन्याश्रित छन् । यिनीहरू स्थिर नभई परिवर्तनशील हुन्छन् । एकपक्षमा आएको अन्तरविरोध र परिवर्तनले स्वाभाविक रूपमा अर्को पक्षमा परिर्वतन ल्याउँछ । छोराहरू पैत्रिक स्वामित्वका उत्पादन साधनबाट विमुख हुँदै स्वतन्त्र वैयक्तिक रूपमा आफैं कमाउने भैं सके भने आफ्नो जग्गामा काम गर्ने होइन, भिन्नै पेसा गर्दछन् भने, बुहारीको चयनमा सासु-ससुराको बोलबाला रहने संस्कृति अवैधानिक बन्दै जान्छ । “बाबुआमाले सँगालेको जग्गा वा अन्य स्रोतबाटै जीवनयापन नगरेर अर्कै बाटो लिएपछि बाबुआमामाथिको निर्भरता त घट्ने नै भयो ।” (मिश्र, २०६७ ; २००)

कुनै पनि सामाजिक व्यवस्था स्थिर हुँदैन, परिवर्तनशील हुन्छ । सबै खाले संरचना र मान्यता आन्तरिक एवम् बाह्य अन्तरविरोधका कारण मक्किदै र भत्किदै जान्छन् । यसैकारण नेपालमा पनि सबै खाले परम्परा क्षीण बन्ने क्रममा छन् ।

शिक्षा र सूचनाले केही हदमा भए पनि पुराना मूल्यमान्यताहरूमा परिवर्तन ल्याएका छन् । लोकतान्त्रिक, दलित, जनजाति, लैङ्गिक र क्षत्रीय आन्दोलनले सबै पुराना परम्पराहरू प्रति प्रश्न चिन्ह खडा गरेका छन् ।

## २.८ अवधारणात्मक/सैद्धान्तिक खाका

मानिसले आदिम समयदेखि नै यौन क्रियाकलापलाई नियमित र मर्यादित तरिकाले सम्पन्न गर्नको लागि विभिन्न मूल्य र मान्यताहरूको विकास गर्ने क्रममा विवाहरूपी सामाजिक संस्थाको उदय भएको हो । सुरुको अवस्थामा स्वच्छन्द किसिमको यौन सम्बन्धबाट विकास भएको विवाह संस्था समूह विवाह, बहुपति विवाह, बहुपत्नी विवाह हुँदै आधुनिक एकल विवाहको रूपान्तरण भएको छ । संसारको विभिन्न धर्म, मूल्य, मान्यता तथा परम्परा अँगाल्ने समुदायले विवाहलाई  फरक-फरक अभ्यास गर्दै आएका छन् । विवाहलाई संस्कृति जोगाउने माध्यमको रूपमा मात्र नलिएर जिविकोपार्जन तथा आर्थिक रणनीतिको रूपमा लिन थालिएको छ । संसारमा बढी मानिसले मान्दै आएको इसाई धर्ममा विवाहलाई मनको इच्छाले गरिने दुई व्यक्ति बिचको सम्झौता मानिएको छ भने हिन्दू धर्ममा यसलाई जन्मजन्मान्तरको अटुट सम्बन्धको रूपमा लिइएको छ ।

नेपाली समाज पनि संसारका अन्य समाजहरू जस्तै परिवर्तन हुने क्रममा हाल सामन्तवादी अवस्थाबाट पूँजीवादी अवस्थामा प्रवेश गर्न लागेको संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । समाजमा स्थापित हरेक संस्थाहरूमा आन्तरिक तथा बाह्य कारणले हुने द्वन्द्वहरू विद्यमान छन् ।  यस्तो द्वन्द्वको अवस्थाबाट विवाहरूपी संस्था पनि अलग रहेको छैन । सामन्तवादी समाजमा बाबुले आर्जन गरेको सम्पूर्ण सम्पत्तिको हकदार व्यक्तिको इच्छामा भर पर्दछ । जब छोराहरू पैतृक सम्पत्तिका उत्पादनका साधनहरूबाट विमुख हुँदै स्वतन्त्र र वैयक्तिक रूपमा आफै कमाउने भैसकेपछि आफ्नो पूर्ख्यौली पेसाभन्दा फरक पेसा अँगाल्दछन् भने बुहारीको चयनमा सासु ससुराको बोलवाला रहने संस्कृति अवैधानिक बन्दै जान्छ र त्यस्तो परिवर्तनकारी आर्थिक, राजनैतिक र साँस्कृतिक विशिष्टता अँगाल्न पुगेको समाजमा परिवार र अभिभावक प्रधान मागी विवाह नगर्न स्वतन्त्र हुन्छ । त्यस्तो अवस्थामा पुँजीवादले डोऱ्याउने र निर्देशित गर्ने एउटै मात्र विवाह पद्धति स्वतः अवैध बन्ने क्रममा पुगेको छ । यस स्थितिमा व्यक्ति आफ्नो वैयक्तिका प्रेम विवाह गर्न स्वतन्त्र हुन्छ । त्यस्तो अवस्थामा पुँजीवादले डोऱ्याउने र निर्देशित गर्ने एउटै मात्र विवाह प्रेम विवाहको प्रचलनमा बुद्धि आएको छ । सामन्तवादी अर्थराजनीतिको वैवाहिक पाटो मागी विवाह पद्धति, पुँजीवादी अर्थ राजनीतिको वैवाहिक पाटो प्रेम विवाहमा रूपान्तरण हुँदै गएको छ ।

अहिलेको नेपाली युवा पुस्ता परम्परागत सामाजिक संरचनाबाट मुक्त हुन थालेको छ । उनीहरू परम्परागत संरचनाभन्दा गैर कृषि पेसा र गैरग्रामीण पेसातर्फ उन्मुख छन् ।

यसले गर्दा नयाँ नेपाली संस्कृतिको सिर्जना हुँदै गईरहेको छ । अहिले सबै गाउँमा सहरको प्रवेश भएको छ । अहिलेका युवा साक्षँर र शिक्षिँत मात्र नभएर पुराना परम्परागत कुराहरू छाड्दै नयाँ मान्यताहरू अँगाल्दै अगाडि बढीरहेका छन् । यस प्रक्रियालाई रेडियो, टेलिभिजन, अखबर र अनलाइन मिडिया जस्ता आम-सञ्चारका साधनहरूले सहयोग गरिरहेका छन् । विभिन्न सामाजिक, आर्थिक तथा भौतिक कारणले गर्दा परम्परागत ढंगले जीवन निर्वाहको सम्भावना न्यून हुँदै गएको छ । उनीहरूलाई नयाँ रोजगारीका अवसरहरू चाहिएको छ । रोजगारी र आधुनिक सीप युक्त शिक्षा प्राप्तिको लागि विदेश पलायन हुँदैछन्, उनीहरूले त्यहाँ गएर सम्पत्ति, शिक्षा र सीप मात्र आर्जन नगरी त्यहाँको संस्कृति पनि लिएर फर्कन्छन् । विदेशी कुटनितिज्ञहरू तथा पर्यटकहरू नेपाल आउने र देशका विभिन्न भागहरूको भ्रमण गर्ने क्रममा वृद्धि भएको छ । यसले गर्दा यहाँको परम्परागत संस्कृतिसँग द्वन्द्व भई नयाँ संस्कृति र मान्यताहरूको विकास भइरहेको छ । परम्परागत हिन्दू धर्मका मूल्य र मान्यताहरूबाट निर्देशित नेपाली ब्राह्मण, क्षत्री समुदायमा पनि यसको प्रभाव स्पष्ट रूपमा देख्न सकिन्छ ।

# अध्याय-तिन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान ढाँचा

अध्ययन क्षैत्रमा रहेका ब्राह्मण, क्षत्री समूहमा प्रचलित विवाह संस्कारमा आएका परिवर्तनहरू र ती परिवर्तन गराउन मुख्य भूमिका खेल्ने कारक तत्त्वहरूको बारेमा यो अध्ययन केन्द्रित रहेको छ । अध्ययनको प्रकृति अनुसार मुख्यतया यो अन्वेषणात्मक र वर्णनात्मक किसिमको छ । अध्ययन क्षैत्रमा रहेका उल्लेखित समूहहरूको वर्तमान अवस्था, विवाह संस्थाका सांस्कृतिक एकाइहरू, ती एकाइहरूको वर्तमान अवस्था, ती एकाइहरूको साङ्केतिक अर्थ र उद्देश्यहरूको अध्ययन गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने विवाह संस्थामा आएका परिवर्तनहरू र परिवर्तन ल्याउने मुख्य कारक तत्त्वहरूको पहिचान गर्न र तिनीहरूले पारेको प्रभाव अध्ययन गर्न अन्वेषणात्मक विधि तथा त्यहाँको तथ्यगत जानकारीको आधारमा गणितीय विधिद्वारा पनि विश्लेषण गरिएको छ । अधिकांश गणितीय तथ्याङ्कहरूलाई तुलनायोग्य बनाउनको लागि प्रतिशतको प्रयोग गरी सङ्ख्यात्मक विश्लेषण गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत र प्रकृति

यो अध्ययनमा दुवै किसिमका प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरूलाई प्रयोग गरिएको छ । अध्ययन क्षैत्रको सामाजिक बनोट, अवस्थिति, सामाजिक, आर्थिक, शैक्षिंक अवस्थाको अध्ययनमा द्वितीय तथ्याङ्कहरूको प्रयोग गरिएको छ भने पारिवारिक संख्या, पारिवारिक बनौट, विवाहित, अविवाहित विवरण, पेसा, वैवाहिक अवस्था लगायत मुख्य जानकारीहरू प्राथमिक तथ्याङ्कमा आधारित छन् । यी प्राथमिक तथ्याङ्कहरू अर्धसंरचित अन्तर्वार्ता तयार गरी विस्तृत क्षैत्र अध्ययनबाट प्रत्यक्षँ रूपमा लिइएका हुन् । अध्ययन क्षेत्रमा देखिएका विवाह संस्कारमा आएका परिवर्तनहरूलाई प्रत्यक्ष अवलोकन पनि गरिएको हो । विवाह संस्कारमा आएका परिवर्तनहरूको बारेमा विवाहवारी गर्ने पण्डितहरूसँग पनि प्रत्यक्ष अन्तर्वार्ता लिइएको थियो । यसमा प्रयोग गरिएका द्वितीय तथ्याङ्कका स्रोतहरू फेदीखोला

गा.वि.स.ले प्रकाशित गरेको वस्तुस्थिति विवरण २०६८, पत्रपत्रिका, किताबहरू, जर्नलहरू आदि रहेका छन् ।

## ३.३ तथ्याङ्कको जनसङ्ख्या र नमुना छनौट विधि

यो अध्ययनको जनसङ्ख्या फेदीखोला गा.वि.स. वडा नं. २ मा बसोबास गर्ने सम्पूर्ण ब्रँह्मण-क्षत्रीहरूका घरधुरीहरू रहेका छन् । यो नमुना छनौट गर्दा उद्देश्यमूलक रूपमा छानिएको हो । यहाँ बसोबास गर्ने ब्रँह्मण, क्षत्रीका कूल घरधुरी १३४ र जम्मा जनसंख्या ९०५ रहेको छ । तथ्याङ्क सङ्कलन गर्दा अन्यत्रबाट बसाइँसराइ गरी आएको दुई वर्षभन्दा बढी भएका परिवारहरूलाई मात्र समावेश गरिएको छ । थोरै अवधिमा त्यहाँ भएका सबै परिवर्तनहरू सम्बन्धी वस्तुगत ज्ञान थाहा हुन गाह्रो हुने भएकोले त्यस्ता व्यक्तिहरूलाई नलिएर अध्ययन क्षेत्रमा नै बसोबास गरेकाहरूबाट परिवर्तन सम्बन्धी आधिकारिक सुचनाहरू प्राप्त हुन सक्ने भएकोले यस्तो गरिएको हो । अध्ययन क्षैँत्रभन्दा बाहिर बसाइँ सरेर गएका व्यक्तिहरू समावेश छैनन् । त्यस्तै विवाह गरेर गएका छोरीहरूलाई समावेश गरिएको छ । बाबुआमासँग छुट्टिएर बसेका छोराहरूको परिवारलाई पनि जीवित बाबु वा आमाका संयुक्त परिवारको रूपमा लिइएको छ । आर्थिक रूपमा भिन्न भए पनि वैवाहिक किसिमले एउटै परिवार जस्तै भएकोले त्यसो गरिएको हो । यसले गर्दा कूल ८२ घरधुरी मात्र हुन आएका छन् । जस्तै पाँच भाइ छोरामध्ये वाबु वा आमा एउटा छोरासँग बसेका छन् भने तिनीहरू सबैलाई एउटै घरधुरीमा राखी परिवार सङ्ख्यामा समावेश गरिएको छ । कुल ८२ वटा घरधुरीमा आधारित भई तथ्याङ्क सङ्कलन गरिएको छ । प्रत्येक घरधुरीलाई अध्ययनको एकाइ मानी उक्त घरधुरीमा बसोबास गर्नेमध्ये उपलब्ध परिवारको ज्येष्ठ सदस्यसँग प्रत्यक्ष अन्तरवार्ता लिइएको थियो । विवाहवारी गराउने तथा विवाहका विधिविधानको बारेमा विशेष जानकारी भएका उक्त अध्ययन क्षैँत्रका व्यक्तिहरू (पुरोहित) हरूलाई विशेष उत्तरदाता ९प्भथ क्ष्लायचबलतक० को रूपमा राखी विवाहका विधिविधानहरूको विस्तृत जानकारी अन्तरवार्ताद्वारा प्रँप्त गरिएको थियो । विवाहका विधिविधानहरूमा आएका परिवर्तनहरूको बारेमा सबैभन्दा धेरै ज्ञान विवाह गराउने पण्डितहरूलाई नै हुने भएकोले अध्ययन क्षेत्रमा उपलब्ध तिन जना पण्डितहरूलाई समावेश गरिएको थियो ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि

अध्ययन क्षेत्रमा रहेका प्रत्येक ब्राह्मण, क्षत्रीहरूको घरघरमा स्वयम् अध्ययनकर्ता उपस्थित भई पूर्व तयार गरिएको अर्धसंरचित प्रश्नावलीको मद्दतले प्रत्येक घरका मूलधनीको रूपमा परिवारको जीवित जेष्ठ सदस्यलाई उत्तरदाताको रूपमा लिइएको छ । यदि जेष्ठ सदस्य सोधिएका प्रश्नहरूको उत्तर दिन असमर्थ भएमा वा कार्यव्यस्तताको कारणले भेट हुन नसकेमा उक्त परिवारका उपलब्ध जेष्ठ सदस्यलाई उत्तरदाताको रूपमा छुट्टाछुट्टै अन्तरवार्ता लिएर तथा प्रत्येक अवलोकन विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनमा जानुभन्दा पहिला अध्ययन क्षेत्रमा बसोबास गर्ने ब्राह्मण, क्षत्रीहरूको घरधुरी सङ्ख्या र तिनीहरूको जेष्ठ सदस्यहरूको सूची तयार गरिएको थियो ।

तथ्याङ्को लागि तयार गरिएको, प्रश्नावलीमा ४ खण्ड थिए, जसमध्ये खण्ड 'क' मा उत्तरदाताको घरको अवस्थिति, जाति, धर्म, आम्दानीको स्रोत, परिवार सङ्ख्या तथा परिवारको प्रकार उल्लेख थियो ।

खण्ड 'ख' मा परिवारमा रहेका अविवाहित सदस्यसङ्ख्या विवरण राखिएको थियो । त्यसअन्तर्गत उत्तरदातासँगको नाता, उमेर, लिङ्ग, शिक्षँ, पेसाजस्ता चलहरू थिए भने खण्ड 'ग' मा परिवारका विवाहित सदस्यहरूको विवरण राखिएको थियो । यसमा उत्तरदाताको परिवार सम्बन्धी धेरै जानकारीहरू समावेश थिए, जसमा परिवारका सदस्यहरूको उत्तरदातासँगको नाता, उमेर, लिङ्ग, शिक्षँ, पेसा, विवाह हुनेको जोडाजोडीको उमेर, विवाह गरेको उमेर, विवाहको प्रकार, सजातीय वा अन्तरजातीय विवाह, वैवाहिक अवस्था, विवाह गरेको स्थान, माइती/ससुराली स्थान, जोडी छनौट प्रक्रिया, विधि तथा दाइजोको अवस्था जस्ता चलहरू थिए । यी तथ्यहरूबाट विवाहका पुराना र आधुनिक तरिकाहरूको झलक, विवाह हुँदा जोडाजोडीको उमेरमा पुस्तागत रूपमा भएका अन्तरहरू, विवाह हुँदा उमेरको वृद्धिपन जस्ता थुप्रै जानकारीहरू समावेश छन् । यीमध्ये खण्ड घ मा भएका १४ वटा वन्द र २१ वटा खुल्ला प्रश्नहरूबाट उत्तरदाताका धारणाहरू प्राप्त गरिएको थियो । खण्ड क, ख र ग बाट उत्तरदाता र उसका परिवारका तथ्यहरू प्राप्त भएका थिए । तथ्याङ्क सङ्कलन अनुसन्धानकर्ता स्वयम् प्रत्येक घरघरमा पुगी उत्तरदातालाई भेटी प्रत्यक्षँ अन्तरवार्ता विधिबाट गरिएको थियो । उक्त कार्य २०६८ फाल्गुन १ गतेबाट १९ गतेसम्म सञ्चालन गरिएको थियो । तथ्याङ्क सङ्कलनमा प्रयोग गरिएको प्रश्नावलीको पूर्ण विवरण अनुसूचीमा संलग्न छ ।

## ३.५ तथ्याङ्क प्रशोधन र विश्लेषण विधि

अध्ययनको प्रकृति अनुसार प्राथमिक तथ्याङ्कहरू संकलनको लागि अर्धसंरचित प्रश्नावली तयार गरी अनुसन्धानकर्ता स्वयम् प्रत्येक घरधुरीमा पुगेर परिवारका ज्येष्ठ सदस्हरूबाट प्रत्यक्ष अन्तरवार्ता विधि र अवलोकन विधिबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । उत्तरदाताहरूबाट प्राप्त तथ्य र धारणाहरूलाई कोडिङ गरी कम्प्यूटरमा प्रविष्ट गरियो । कम्प्यूटरको क्एक्क विधि प्रयोग गरी एकचलीय, दुईचलीय र बहुचलीय तालिकामा प्रशोधन गरी विश्लेषण योग्य बनाइएको थियो । प्रशोधित तथ्याङ्कहरूलाई प्रतिशत, अनुपात तथा औसतको प्रयोगद्वारा विश्लेषण र तुलनायोग्य बनाइएको छ । प्रत्यक्ष क्षेत्रअध्ययनबाट प्राप्त विवाह सम्बन्धी कतिपय धारणाहरूलाई पाइचार्टमा प्रस्तुत गरी संख्यात्मक विश्लेषण गरिएको छ भने कतिपय खुल्ला प्रश्नहरूद्वारा प्राप्त धारणाहरू (विशेषत कारक तत्वहरू) लाई गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रसँग सम्बन्धित कतिपय द्वितीय तथ्याङ्कहरूलाई प्राप्त स्रोतहरू अनुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

ब्रँह्मण, क्षत्रीहरूको विवाह संस्कारमा आएका परिवर्तनहरूलाई अध्ययन गर्ने क्रममा विवाहितहरूमध्ये पुस्तागत रूपमा रहेका परिवर्तनहरूलाई तुलना गरिएको छ । विवाहितहरूलाई छ उमेर समूहमा विभाजन गरी तिनीहरूको बीचमा रहेका तथ्यगत र धारणागत विभिन्नताहरूलाई गणितीय र गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । सबै विवाहितहरूसँग सम्बन्धित तथ्यहरू प्रश्नावलीको खण्ड क, ख र ग बाट प्राप्त गरी पुस्तागत आधारमा विश्लेषण गरिएको छ भने विवाह सम्बन्धी धारणाहरूलाई खुल्ला र बन्द प्रश्नावलीहरूबाट प्राप्त गरी छुट्टै विश्लेषण गरिएको छ ।

# अध्याय-चार

## अध्ययन क्षेत्रको पृष्ठभूमि

### ४.१ फेदीखोला गा.वि.स.को परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षैत्रको गण्डकी अञ्चलमा पर्ने स्याङ्जा जिल्लाका ६० वटा गा.वि.स. मध्येको एउटा गा.वि.स. फेदीखोला हो । यस गा.वि.स.का विविध पक्षहरूलाई संक्षेपमा यसप्रकार उल्लेख गरिएको छ :

### ४.१.१ फेदीखोला गा.वि.स.को अवस्थिति

स्याङ्जा जिल्लाको उत्तरी भेगमा पूर्वपश्चिम लम्बिएर रहेको यस गा.वि.स. को पूर्वमा कास्की जिल्लाको कृस्ति-नाच्नेचौर गा.वि.स. र स्याङ्जाको पौवेगौँडे गा.वि.स., पश्चिममा स्याङ्जा जिल्लाका भाटखोला र आरुखर्क गा.वि.स., उत्तरमा कास्की जिल्लाको पुम्दीभुम्दी गा.वि.स. र दक्षिणमा स्याङ्जाको पुतलीबजार नगरपालिका पर्दछन् । यस गा.वि.स. को दक्षिणी भेगबाट पार गरेर गएको सिद्धार्थ राजमार्गले यसलाई पर्यटकीय नगरी पोखरा र स्याङ्जा, बुटवल, भैरहवाजस्ता सहरहरूलाई जोडेको छ । यस गा.वि.स. को कुविन्डेबाट गएको कुविन्डे-नुवाकोट कच्चीबाटोले प्रसिद्ध ऐतिहासिक स्थल नुवाकोटलाई सिद्धार्थ राजमार्गसँग जोडेको छ । यस गा.वि.स. भित्र खनिएका कच्ची मोटरबाटोहरूले यसभित्र पर्ने विभिन्न ठाउँहरूलाई सिद्धार्थ राजमार्गसँग जोड्ने हुँदा आवतजावतमा सजिलो भएको छ । कुविन्डे, मट्टिखान, पर्सेभाटी, सर्केटारी, फेदीखोला बजार, जोगिस्थान (पोखरी), कुखुरेखोला, खड्केटारी यहाँका मुख्य बजार क्षेत्रहरू हुन् । यी बजार क्षेत्रबाट यहाँका मानिसले आफूलाई आवश्यक पर्ने खाद्यपदार्थ लगायतका दैनिक उपयोगका सामान खरिद गर्दछन् भने घरमा उत्पादन भएका कृषिजन्य वस्तुहरू बिक्री वितरण गर्दछन् । यहाँको मुख्य बजार फेदीखोला बजार हो, जहाँ वरिपरिका गा.वि.स.बाट समेत मानिसहरू खरिदबिक्रीका लागि आउँछन् ।

### ४.१.२ सामाजिक जनसाङ्ख्यिक विवरण

कुनै पनि ठाउँमा प्रचलित सामाजिक धार्मिक मूल्यमान्यता, रीतिरिवाज र संस्कृतिलाई त्यहाँको भौगोलिक, जातीय, लैङ्गिक, शैक्षिक, धार्मिक स्थितिले असर गरेको

हुन्छ । मानिसद्वारा निर्मित भौतिक र अभौतिक सम्पूर्ण वस्तुहरूलाई संस्कृति भनिन्छ । समाजमा प्रचलित विवाह संस्कार पनि संस्कृतिको अभिन्न अङ्ग हो त्यसैले कुनै ठाउँमा प्रचलित विवाह संस्कारको बारेमा अध्ययन गर्दा त्यहाँको सामाजिक, जनसाङ्ख्यिक स्थितिको बारेमा परिचित हुन आवश्यक पर्ने हुँदा अध्ययन क्षेत्र र अध्ययन क्षेत्र रहेको फेदीखोला गा.वि.स.को सामाजिक, सांस्कृतिक बनावटलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।

### ४.१.२.१ जातिगत जनसङ्ख्या वितरण

फेदीखोला गा.वि.स.मा नेपालका अन्य गा.वि.स.मा जस्तै धेरै जातिहरू मिलेर बसेको पाइन्छ । यहाँको जातिगत विवरण यसप्रकार छ :

**तालिका ४.१ फेदीखोला गा.वि.स.को जातिगत जनसङ्ख्या विवरण**

| जाति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| क्षत्री | १६८४ | १६५४ | ३३३८ | ३०।५ |
| गुरुङ | १५८१ | १५६७ | ३१४८ | २८।८ |
| ब्राह्मण | १०१० | ९८६ | १९९६ | १८।२ |
| कामी | ८८९ | ८७७ | १७६६ | १६।१ |
| सार्की | १९३ | १९३ | ३८६ | ३।५ |
| दमाइ | १०६ | ११२ | २१८ | २ |
| नेवार | ३९ | ४६ | ८५ | ०।८ |
| मुसलमान | ४ | ८ | १२ | ०।१ |
| जम्मा | ५५०६ | ५४४३ | १०९४९ | १०० |

स्रोत : फेदीखोला गा.वि.स. वस्तुस्थिति विवरण २०६८

फेदीखोला गा.वि.स.मा कूल जनसङ्ख्या १०९४९ मध्ये महिलाको सङ्ख्या (५०.३५), पुरुषको सङ्ख्या (४९.७५) भन्दा केही बढी देखिन्छ ।

यो नेपालको राष्ट्रिय जनसङ्ख्या बनावटसँग मिल्दो जुल्दो किसिमको छ । यहाँ जातिगत जनसङ्ख्याको हिसाबले क्षत्रीको जनसङ्ख्या सबैभन्दा धेरै (३०.५५) छ । यो ठाउँमा धेरै पहिलादेखि नै क्षत्रीहरूको बसोबास रहँदै आएको छ । यहाँ खड्का, बानियाँ कार्की, महत, जि.सी., खत्री आदि जातिका क्षत्रीहरू बसोबास गर्दछन् । यहाँको दोस्रो जनसङ्ख्या ( २८.८५) गुरुङ जातिको पाइन्छ । गुरुङ जातिको पनि यो प्राचीन बासस्थानको रूपमा रहेको

पाइन्छ । तेस्रो स्थान (१८.२५) ब्राह्मणहरूको छ भने नेवार (०.८५) र मुसलमान (०.१५) यहाँ थोरै जनसङ्ख्या भएका जातिहरू हुन् । यो नेवारहरूको पुरानो वस्ती नभई नुवाकोट तथा अन्य ठाउँबाट यहाँ बसाइँ सरेर आएका हुन् । देशका अन्य व्यापारिक क्षेत्रहरूमा जस्तै यहाँ पनि नेवारहरू व्यापार गर्ने क्रममा आएका हुन् । त्यस्तै मुसलमानहरू पनि व्यापारको लागि आएको पाइन्छ ।

### ४.१.२.२ उमेर समूह अनुसार जनसङ्ख्या वितरण

यहाँको उमेरगत अवस्था यसप्रकार रहेको छ :

**तालिका नं ४.२ फेदीखोला गा.वि.स को उमेरगत जनसङ्ख्या विवरण**

| उमेर समूह | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ५ वर्ष सम्म | ३८७ | ३९२ | ७७९ | ७\|१ |
| ६-१० वर्ष | ४५५ | ४४५ | ९०० | ८\|२ |
| ११-१५ वर्ष | ५६७ | ५५२ | १११९ | १०\|२ |
| १६-२४ वर्ष | १२३२ | ११९६ | २४२८ | २२\|२ |
| २५-४५ वर्ष | ११०८ | १०९७ | २२०५ | २०\|१ |
| ४६-६० वर्ष | ११५९ | ११८७ | २३४६ | २१\|४ |
| ६१-७५ वर्ष | ४४२ | ५०६ | ९४८ | ८\|७ |
| ७५ वर्षभन्दा माथि | ९३ | १३१ | २२४ | २\|१ |
| जम्मा | ५४४३ | ५५०६ | १०९४९ | १०० |

स्रोत : फेदीखोला गा.वि.स. वस्तुस्थिति विवरण २०६८

माथिको तालिकामा सबैभन्दा थोरै जनसङ्ख्या (२.१५) ७५ वर्षभन्दा माथिका वृद्ध वृद्धाहरूको देखिन्छ । कुनै पनि किसिमको कार्य गर्न नसक्ने निष्क्रिय जनसङ्ख्या भएकोले यसलाई आश्रित जनसङ्ख्या भनिन्छ । सामान्यतया जनसङ्ख्याको २ तहमध्ये १६ वर्षदेखि ६० वर्षको जनसङ्ख्या सक्रिय जनसङ्ख्या हो । यहाँ सक्रिय जनसङ्ख्या सबैभन्दा अधिक (६३.५५) देखिन्छ । यो जनसङ्ख्या उत्पादनशील भएकोले यसले गाउँ तथा राष्ट्रको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । औसत नेपालको उत्पादनशील जनसङ्ख्याभन्दा यहाँको उत्पादनशील जनसङ्ख्या बढी देखिन्छ । त्यस्तै कूल आश्रित जनसङ्ख्या जुन १५ वर्ष

भन्दा कम र ६० वर्षभन्दा बढी (३६.५५) छ । यसले आर्थिक उत्पादनमा खासै योगदान दिएको हुँदैन । यहाँ ७५ वर्षभन्दा माथिका वृद्धवृद्धाहरूको जनसङ्ख्याले यस गा.वि.स.का मानिसहरूको औसत आयु राष्ट्रिय औसत आयु (६२ वर्ष) भन्दा बढी देखिन्छ ।

### ४.१.३ धार्मिक स्थिति

यो गा.वि.स. बहुधार्मिक छ । यहाँका मानिसहरूले विभिन्न धर्म माने पनि धार्मिक अनेकतामा एकता रहेको पाइन्छ । एउटा धर्म मान्ने समुदायले अर्को धर्मको पनि कदर गरेका छन् । यहाँको धार्मिक बनावट यस प्रकार छ :

**तालिका नं. ४.३ फेदीखोला गा.वि.स.को धार्मिक विवरण**

| धर्म | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ७६६४ | ७० |
| बौद्ध | ३२७३ | २९।९ |
| मुस्लिम | १२ | ०।१ |
| जम्मा | १०९४९ | १०० |

स्रोतः फेदीखोला गा.वि.स. वस्तुस्थिति विवरण २०६८

माथिको तालिकाबाट फेदीखोला गा.वि.स.मा बसोबास गर्ने मानिसहरूमध्ये सबैभन्दा धेरै (७०५) ले हिन्दू धर्म र सबैभन्दा कम मानिस (०.१५) ले मुस्लिम धर्म मान्दछन्, करिव एक तिहाई (३०५) ले बौद्ध धर्म मान्दछन् । ब्राह्मण, क्षत्री, कामी, दमाई र सार्कीहरूले हिन्दू धर्म मान्दछन् भने गुरुङ र केही नेवारहरू बौद्ध धर्मावलम्बी छन् । हिन्दू धर्मावलम्वीहरूले दसैं, तिहार, जनैपूर्णिमा, शिवरात्री, फागूपूर्णिमा, होली तीजजस्ता पर्वहरू मनाउँछन् । बौद्ध धर्मावलम्बीहरूले ल्होसार, वौद्धपूर्णिमा (चण्डिपूर्णिमा), ट्होटेपर्व मान्दछन् भने मुसलमानहरूले इद र बकर इद आदि चाडपर्वहरू मान्दछन् ।

### ४.१.४ आर्थिक अवस्था

यस गा.वि.स.को अधिकांश भाग पहाडी धरातलयुक्त भिरालो जमिन छ । माथिल्लो भागमा रहेको जमिन बढी भिरालो, गेग्रानयुक्त र कम उब्जाउ छ । तल्लो भूभाग र बेंसीमा जमिन केही समथर र उब्जाउ छ । अधिकांश पहाडी धरातल हुनाले वर्षा याममा खेतबारीमा पहिरो जान्छ र यसले उत्पादनमा नराम्रो असर गर्दछ । परम्परागत शैलीमा

खेती गर्नु, वर्षायाममा पहिरोले खेतीयोग्य माटो बगाएर लैजानु, सिँचाइको व्यवस्था नहुँदा आकाशे पानीको भरमा खेती गर्नु यहाँका कृषिका समस्याहरू हुन् । आफ्नो कृषि उत्पादनले धेरै कम परिवारलाई खान पुग्ने हुँदा जीविकोपार्जनका वैकल्पिक उपायहरूको खोजीमा यहाँका मानिसहरू वैदेशिक रोजगार र अन्य रोजगारको लागि सहर बजारतर्फ लाग्ने हुँदा गाउँमा युवाहरू र काम गर्ने मानिसको अभाव छ । यहाँका प्रमुख अन्न बँलीहरूमा धान, मकै, कोदो र गहुँ छन् भने तेलहन बालीमा तोरी र सूर्यमूखी छन् । दलहन बालीमा मास, बोडी, मस्याङ, रहर, गहत आदि पर्दछन् भने तरकारी बालीमा, काउली, बन्दा, लसुन, प्याज, आलु, रायो साग, आदि पर्दछन् । उखु, सूर्ती, अलैंचीजस्ता नगदेबाली र सुन्तला, केरा, अम्बा, निबुवा, कागती, काँक्रो, लिंचीजस्ता फलफूलको खेती गरिन्छ । कृषि उत्पादनसँग सम्बन्धित भएकोले अधिकांश कृषकहरूले पशुपालन गर्दछन् । भैसी, गाई, बङ्गुर, हाँस, कुखुरा, बाख्रा पालन यहाँ धेरैजसो घरमा निर्वाहमुखी तरिकाले पालिएको पाइन्छ भने कुखुरापालन र मौरी पालनलाई व्यवसायको रूपमा अँगालिएको छ ।

कृषि र पशुपालनपछिको आयआर्जनको रूपमा स्वदेशमा वा विदेशमा जागिर गरिन्छ । युवाहरू विदेशी सेनामा भर्ती हुने, वैदेशिक रोजगारीको क्रममा खाडी मुलुकहरूमा श्रमिकको रूपमा जानेको सङ्ख्या धेरै छ । आम्दानीको अर्को स्रोत स्वेदशी, विदेशी सेना वा सरकारी सेवापछि प्राप्त गरिने पेन्सन हो । बजारक्षेत्रमा केही मात्रामा उद्योग व्यवसाय पनि गरिन्छ । कृषि, पशुपालन, उद्योगव्यवसाय, स्वदेशमा जागिर गरे पनि यहाँको मुख्य आर्थिक स्रोत विदेशबाट प्राप्त हुने रेमिटेन्स हो ।

यस क्षेत्रमा रहेको रामकोट, मट्टिखान, छापडाँडा, नुवाकोट आदि स्थानबाट सुन्दर नगरी पोखरा र हिमाली शृङ्खलाहरू ज्यादै मनमोहक देखिन्छन् । यस्ता रमणीय ठाउँमा पर्यटकहरूलाई आकर्षित गर्दै गाउँगाउँमा 'होमस्टे' सञ्चालन गरी आयआर्जनका उपायहरू अपनाउन सकिन्छ । समशीतोष्ण हावापानी भएकोले सुन्तला, केरा र कफीको व्यवसायिक खेती गरी खाली भएका बारीपखेराहरूबाट प्रशस्त आम्दानी हुने देखिन्छ । गा.वि.स. को बीचबाट गएको सिद्धार्थ राजमार्गले गर्दा यातायातको सुविधा भएकोले कुखुरापालन, मौरीपालन, तरकारी खेतीबाट उत्पादित वस्तुहरू नजिकका बजारमा पुऱ्याई आयआर्जनका वैकल्पिक तरिकाहरू अपनाइ आर्थिक क्रियाकलापमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ ।

### ४.१.५ शैक्षिक स्थिति

कुनै पनि स्थानको शैक्षिक स्थितिले उक्त ठाउँको हरेक स्थितिलाई निर्धारण गर्दछ । देश विकासको लागि चाहिने मानवशक्ति शैक्षिक क्रियाकलापमा भर पर्दछ । फेदीखोला गाउँ विकास समितिका बजार क्षेत्रमा जनघनत्व बढी छ । वरिपरिका ग्रामीण भेगबाट बजार क्षैत्रमा बसाइँ सर्ने क्रम जारी छ । जनघनत्व बढी हुनाले शैक्षिक संस्थाहरूपनि बजारक्षेत्रमा बढी केन्द्रित छन् । गाउँगाँउका सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या कम हुँदै गएका छन् भने बजार क्षैत्रका निजी स्कूलहरूमा विद्यार्थी चाप बढी देखिन्छ । यहाँका सामुदायिक विद्यालहरूले पनि विस्तारै निजी स्कुलमा जस्तै अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गरेर समयको मागलाई पूरा गर्ने कोसिस गर्दैछन् । यस गा.वि.स. को शैक्षिक स्थितिलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.४ फेदीखोला गा.वि.स. पुरुष महिला शैक्ष्िक अवस्था**

| तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा प्रतिशत | |
|---|---|---|---|---|---|---|
| एस एल.सी | १४०३ | २५।८ | ९८१ | १७।८ | २३८४ | ३१।८ |
| आई.ए.वा सो सरह | ५३४ | ९।८ | ३२५ | ५।९ | ८५९ | ७।९ |
| स्नातक | ३४४ | ६।३ | ८६ | १।६ | ४३० | ३।९ |
| स्नातकोत्तर | ६१ | १।१ | ९ | ०।१६ | ७० | ०।६ |
| विद्यावारिधि | १ | ०।०२ | ( | | १ | ०।०१ |
| जम्मा | २३४३ | ४३।१५ | १४०१ | २५।५ | ३७४४ | ३४।२ |

स्रोतः फेदीखोला गा.वि.स. वस्तुस्थिति विवरण २०६८

माथिको तालिकाअनुसार कूल पुरुषको सङ्ख्याको एक चौथाई (२५.८५) ले एस.एल.सी पास गरेका छन् भने कूल महिलाको सङ्ख्यामा एल.एल.सी पास गर्ने महिलाको सङ्ख्या (१७.८५) पुरुषको तुलनामा धैरै कम (१७.८५) देखिन्छ । एस.एल.सी देखि उच्च तहसम्म शिक्षा प्राप्त गर्ने पुरुषको सङ्ख्या (४३.१५) छ भने त्यही अनुसार शिक्षा प्राप्त गर्ने महिलाको सङ्ख्या (२५.५५) भने निक्कै कम देखिन्छ । सम्पूर्ण जनसङ्ख्यासँग तुलना गर्दा एस.एल.सी भन्दा माथिल्लो तहसम्म अध्ययन गरेको शिक्षित जनसङ्ख्या (३४.२५) मात्र रहेको छ । त्यस्तै महिलाको शिक्षा प्राप्त गर्ने दर पुरुषको तुलनामा धैरै कम हुनुको कारण पुरुषको तुलनामा महिलाहरू शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनु हो । यसले गर्दा महिलाहरू विभिन्न अवसरहरू प्राप्त गर्नबाट पछाडि परेका छन् ।

यस गा.वि.स.मा विद्यालय तहमा अध्यापनरत शिक्षक र अध्ययनरत विद्यार्थी विवरण यस प्रकार छ ।

**तालिका ४.५ फेदीखोला गा.वि.स. मा विद्यालय तहमा रहेका शिक्षक विद्यार्थी विवरण**

| तह | शिक्षक | | | विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | छात्र | छात्रा | जम्मा |
| प्रा.वि. | ३७ | ३० | ६७ | ४६९ | ४५१ | ९२० |
| नि.मा.वि. | १६ | १५ | ३१ | २४२ | २३३ | ४७५ |
| मा.वि. | ३० | १ | ३१ | २०५ | २२२ | ४२७ |
| जम्मा | ८३ | ४६ | १२९ | ९१६ | ९०६ | १८२२ |

स्रोत : फेदीखोला गा.वि.स. वस्तुस्थिति विवरण २०६८

यो तालिका अनुसार शिक्षक तथा विद्यार्थीको तल्लो तहमा लैङ्गिक अनुपात समान किसिमको देखिन्छ । प्रा.वि. तहमा महिला पुरुष शिक्ष्ँकको अनुपात १:१.२३ देखिन्छ भने छात्रा छात्रको अनुपात १:१.०४ रहेको छ । माध्यमिक तहमा भने शिक्षकमा महिला र पुरुषको अनुपात अत्यन्त असमान (१:३०) देखिन्छ; जसले अहिलेको लैङ्गिक असमानताको झलकलाई स्पष्ट गर्दछ । यता माध्यमिक तहमा भने छात्रभन्दा छात्राको अनुपात केही वढी (१:१.०८) देखिन्छ । यसबाट प्रा.वि. तहदेखि माध्यमिक तहमा पुग्दासम्म केटाले भन्दा केटीले विद्यालय छाड्ने दर कम रहेको देखिन्छ । नि.मा.वि. तहमा भने शिक्षिका शिक्षक अनुपात समान (१:१.०६) र छात्रछात्रा अनुपात उस्तै (१:१.०३) छ ।

## ४.२ अध्ययनका क्षेत्रको परिचय

### ४.२.१ अध्ययनमा छनौट भएका घरधुरीहरूको सामाजिक/ जनसाङ्ख्यिक पृष्ठभूमि

यस अध्ययनको अध्ययन क्षैंत्र फेदीखोला गा.वि.स को वडा नं. २ फेदीखोला गा.वि.स.को दक्षिणपूर्वी किनारमा अवस्थित छ । यो वार्ड फेदीखोला गा.वि.स.को मुख्य केन्द्रमा रहेको छ । यो वार्डका मुख्य बस्तीहरूमा फेदीखोला बजार, मिरुडाँडा, गौतमडाँडा, काहुले,कुखुरेखोला, थुम्का, जोगीस्थान (पोखरी) रहेका छन् । यीमध्ये

फेदीखोलाबजार, कुखुरेखोला र जोगीस्थान (पोखरी) बजार क्षेत्रहरू हुन् भने मिरुडाँडा, गौतमडाँडा, काहुले र थुम्का गाउँ क्षेत्रहरू हुन् । बजार क्षेत्रहरू सडक वरिपरि पर्दछन् भने ग्रामीण क्षेत्रहरू सडकबाट केही दुरीमा पर्दछन् । ग्रामीण क्षैत्रमा पुग्न सडकबाट १० मिनेटदेखि १ घण्टासम्म पैदल हिँड्नुपर्दछ ।

### ४.२.२ अध्ययन क्षेत्र छनौटको औचित्य

फेदीखोला गा.वि.स. अन्तर्गत वडा नं. २ यस क्षैत्रको मुख्य बस्ती हो । यहाँ शिक्षँ, बाटो, स्वास्थ्यचौकी, सुरक्षा चौकी, सञ्चार, खानेपानी आदिको उचित व्यवस्था भएकोले वरिपरिको क्षैत्रबाट समेत मानिसहरू यहाँ बसाइँ सरी आउने गर्दछन् । विभिन्न जातजाति भाषाभाषी र धर्मसंस्कृति अँगालेका यहाँका बासिन्दामा पोखरा, स्याङ्जा तथा सहर बजारको संस्कृतिको प्रभाव पाइन्छ भने सहरी प्रभाव परेको गाउँले सांस्कृतिक परम्पराहरू पनि पाउन सकिन्छ । यसरी विभिन्न धर्मसंस्कृति अँगाल्ने जातजातिहरूको सम्मिश्रण भएको तथा गाउँ र सहरको वातावरण पाइने, सुरुमा क्षत्री र ब्राह्मणहरूको बसाइ रहेको यो क्षेत्रमा तिनीहरूको विवाह संस्कारमा आएका परिवर्तनहरू अध्ययन गर्न र ब्राह्मण, क्षत्री समूहको विवाह परम्परालाई विभिन्न तत्त्वहरूले पारेको प्रभाव अध्ययन गर्न उपयुक्त क्षेत्र हुन सक्छ । नेपालको प्रसिद्ध पर्यटकीय नगरी पोखराको नजिक भएकोले सहरीकरणको प्रभावले यो क्षेत्र ग्रामीण परिवेशबाट विस्तारै सहरी परिवेशमा रूपान्तरणको अवस्थामा रहेको छ र त्यही अनुसारको जीविकोपार्जनका उपायहरू अवलम्बन गरिएका छन् । संक्रमणकालीन स्थितीमा भएकोले पनि परिवर्तनका पक्षहरूको अध्ययन गर्न उपयुक्त हुने भएकोले पनि यो क्षेत्रलाई चयन गरिएको छ ।

## ४.३ अध्ययनमा छनौट गरिएका घरधुरीको जनसाङ्ख्यिक संरचना

### ४.३.१. जातीय संरचना

यो अध्ययनको लागि छनौट गरिएको फेदीखोला गा.वि.स.को वडा नं. २ मा बसोबास गर्ने ब्राह्मण, क्षत्रीका कूल घरधुरी १३४ मध्ये ८२ घरलाई छनौट गरिएको छ । यहाँ वास्तविक घरधुरी धेरै भएपनि एउटै बाबुआमाका छुट्टिएर बसेका दाजुभाइको परिवारको विवरण पनि जीवित बाबु वा आमाको तर्फबाट आउने भएकोले कम देखिएको छ । अध्ययनको लागि छनौट गरिएका उत्तरदाताहरूको घरधुरीको जातीय संरचना यस प्रकार छ :

**तालिका नं. ४.६ अध्ययनमा छनौट गरिएका घरधुरीको जातिगत विवरण**

| जाति | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ४५ | ५४.९ |
| क्षत्री | ३७ | ४५.१ |
| जम्मा | ८२ | १०० |

स्रोत: क्षैत्रअध्ययन कार्य २०६८

अध्ययनमा छनौट गरिएका घरधुरीहरूमध्ये ब्राह्मणको सङ्ख्या आधाभन्दा केही बढी (५४.९५) र क्षत्रीहरूको सङ्ख्या आधा भन्दा केही कम (४५.१५) रहेको छ ।

## ४.३.२ लैङ्गिक अवस्था

अध्ययनमा छनौट गरिएका ८२ घरधुरीमा बसोबास गर्ने विवाहित र अविवाहित सदस्यहरूको लैङ्गिक विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.७ अध्ययनमा छनौट जनसङ्ख्याको लैङ्गिक विरवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ४१९ | ५५.६ |
| पुरुष | ३३४ | ४४.४ |
| जम्मा | ७५३ | १०० |

स्रोत: क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनको लागि छनौट गरिएका घरधुरीमा संलग्न सदस्यमध्ये आधाभन्दा बढी (५५.६५) महिलाहरू छन् भने आधाभन्दा कम (४४.४५) पुरुषहरूको सङ्ख्या छ । अध्ययनको घरधुरीमा पर्ने विवाह भएर आफ्नो घरमा रहेका छोरीहरूको पनि विवरण यसमा परेको छ । विवाहित छोरीलाई पनि अध्ययनको प्रकृति अनुसार समावेश गरिएकाले वास्तविक बसोवास गरेको जनसङ्ख्या भन्दा केही बढी देखिएको छ ।

## ४.३.३ उमेरगत अवस्था

यस अध्ययनमा छनौट गरिएका घरधुरीमा रहेको जनसङ्ख्याको उमेरमा विविधता रहेको छ । अध्ययनको क्रममा भर्खरै न्वारन भएको बच्ची (११ दिन) देखि ८९ वर्षकी बृद्ध आमासम्म समावेश छन् । तिनीहरूलाई निम्नानुसार उमेर समूहमा विभाजन गरिएको छ :-

**तालिका नं. ४.८ अध्ययनमा छनौट जनसङ्ख्याको उमेरगत विवरण**

| उमेर | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-१४ वर्ष | १४६ | १९.४ |
| १५-५९ वर्ष | ५४७ | ७२.६ |
| ६०-८९ वर्ष | ६० | ८ |
| जम्मा | ७५३ | १०० |

स्रोतः क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा छनौट गरिएका घरधुरीमा संलग्न सदस्यहरूमध्ये सबैभन्दा धेरै सङ्ख्या (७२.६५) १५ वर्षदेखि ५९ वर्षसम्मका छन् र सबैभन्दा थोरै (८५) वृद्धवृद्धाहरू छन्, जुन ६० देखी ८९ वर्ष समूहमा छन् ।

### ४.३.४.शैक्षिक अवस्था

शैक्षिक अवस्थाले समग्र जनसङ्ख्याको चेतना तथा अन्यस्थितिहरूको समेत निर्धारण गर्दछ, त्यसैले यो महत्त्वपूर्ण सूचक हो । अध्ययनको लागि छनौट गरिएका ८२ घरधुरीमा रहेका सम्पूर्ण सदस्यहरूको शैक्षिक स्थिति तालिकामा देखाए अनुसार छ :

**तालिका नं. ४.९ अध्ययनमा छनौट जनसङ्ख्याको शैक्षिक विवरण**

| शिक्षा | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **निरक्षर** | ६७ | ९.१ |
| **साक्षर** | ६३ | ८.६ |
| **प्राथमिक उत्तीर्ण** | ८५ | ११.६ |
| **नि.मा.वि. उत्तीर्ण** | १११ | १५.१ |
| **एस.एल.सी. उत्तीर्ण** | ११४ | १५.५ |
| **आइ ए वा सो सरह** | १२६ | १७.१ |
| **स्नातक** | ६८ | ९.३ |
| **स्नातकोत्तर** | ३० | ४.१ |
| **प्राथमिक तह भन्दा तल** | ७१ | ९.६ |
| **जम्मा** | ७३५ | १०० |

**स्रोतः क्षेत्रअध्ययन कार्य द्वण्टड**

अध्ययनमा छनोट गरिएका घरधुरीका सदस्यहरूमध्ये आइ.ए. वा सो सरह अध्ययन गरेका सदस्यहरूको सङ्ख्या सबैभन्दा धेरै ( १७.१५) छ । त्यस्तै एस.एल.सी. उत्तीर्ण गरेका र नि.मा.वि. तह उत्तीर्ण गरेका सदस्यहरूको सङ्ख्या लगभग उस्तै रहेको छ । निरक्षँर सदस्यहरूको सङ्ख्या (९.१५) पनि उल्लेखनीय छ । साक्षर, प्राथमिक तहभन्दा तल र प्रँथमिक तह उत्तीर्ण गरेर कूल जनसङ्ख्याको करीब एकतिहाई (२९.९५) रहेको छ ।

## ४.३.५ पेसागत अवस्था

अध्ययनमा छनौट गरिएको जनसङ्ख्याको पेसागत अवस्थाले त्यहाँका मानिसहरूको आर्थिक स्थितिको झलक दिन्छ । त्यहाँका मानिसहरूको जीविकोपार्जनको अवस्था के छ ? भन्ने जनाउँछ । मानिसको आर्थिक अवस्थाले त्यहाँका व्यक्तिहरूको चेतनाको स्तर पनि निर्धारण गर्दछ । अध्ययनको कूल जनसङ्ख्याको पेसागत अवस्था निम्नानुसार छ :

**तालिका ४.१० अध्ययनमा छनौट जनसङ्ख्याको पेसागत विवरण**

| पेसा | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २३२ | ३१।६ |
| स्वेदशमा जागिर | १०५ | १४।३ |
| विदेशमा जागिर | ५४ | ७।३ |
| व्यापार/व्यवसाय | ७१ | ९।७ |
| पेन्सन | २७ | ३।७ |
| विद्यार्थी | २४६ | ३३।५ |
| जम्मा | ७३५ | १०० |

स्रोतः क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा छनौट गरिएको जनसङ्ख्याको एकतिहाइ जनसङ्ख्या (३३.५५) विद्यार्थी रहेका छन् । यी विद्यार्थीहरूमा नर्सरीदेखि स्नानकोत्तर तहसम्म अध्ययन गर्ने पर्दछन् । कतिपय विदेशमा पढ्न गई वैदेशिक रोजगारी गर्ने विद्यार्थीहरू पनि छन् । त्यस्तै करिब एक तिहाइ जनसङ्ख्या (३१.६५) कृषिमा आश्रित छन् । अध्ययन क्षेत्रमा विदेशमा जागिर गर्ने

सङ्ख्या (७.३५) भन्दा स्वदेशमा नै जागिर गर्नेको सङ्ख्या (१४.३५) करिब दोब्बर रहेको छ ।

### ४.३.६ धार्मिक अवस्था

अध्ययनको लागि छनौट गरिएका सम्पूर्ण ८२ वटा घरधुरीमा बसोबास गर्ने परिवारहरूको धार्मिक अवस्था यसप्रकार छ :

**तालिका ४.११ अध्ययनमा छनौट जनसङ्ख्याको धार्मिक विवरण**

| धर्म | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ८२ | १०० |
| बुद्ध | ० | ० |
| मुस्लिम | ० | ० |
| जम्मा | ८२ | १०० |

स्रोत : क्षेत्रअध्ययन २०६८

अध्ययनमा छनौट गरिएका सम्पूर्ण घरधुरीमा बस्ने मानिसहरूले मान्ने धर्म हिन्दू रहेको छ । त्यहाँका ब्राह्मण, क्षत्रीहरू हिन्दू धर्मावलम्बी रहेका र तिनीहरूको साँस्कृतिक परम्परा पनि हिन्दू धर्मद्वारा निर्देशित रहेका छन् ।

### ४.३.७ आम्दानीको स्रोत

अध्ययन क्षेत्रमा कृषि लगायत विभिन्न पेसा व्यवसाय गरी जीविकोपार्जन गर्ने मानिसहरू बसोबास गर्दछन् । अध्ययनको लागि छनौट गरिएका घरधुरीहरूको आम्दानीको मुख्य स्रोत यसप्रकार रहेको छ :

**तालिका ४.१२ अध्ययनमा छनौट जनसङ्ख्याको आम्दानीको मुख्य स्रोत**

| आम्दानीको मुख्य स्रोत | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३३ | ४०.२ |

| | | |
|---|---|---|
| बैदेशिक रोजगार | ९ | ११ |
| स्वदेशमा रोजगार | १५ | १८.३ |
| व्यापार/व्यवसाय | ७ | ८.५ |
| पेन्सन | १८ | २२ |
| जम्मा | ८२ | १०० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

तालिकामा अध्ययन गर्दा छनौट गरिएका घरधुरीहरूको आम्दानीको मुख्य स्रोतको रूपमा धेरै (४०.२५) को कृषि रहेको छ । कृषि पेसालाई व्यवसायिकभन्दा पनि निर्वाहमुखी पेसाको रूपमा गरेको पाइन्छ । आम्दानीको दोस्रो मुख्य स्रोत (२२५) को रूपमा पेन्सन रहेको छ । विदेशी सेना, स्वदेशी कर्मचारी, शिक्षक, सेना, प्रहरी आदि पेसाबाट सेवानिवृत्त भएकाहरूबाट यो प्राप्त हुन्छ । त्यसपछि आम्दानीको तेस्रो मुख्य स्रोतको रूपमा स्वदेशी रोजगारी रहेको छ । स्वदेशी रोजगारीमा सरकारी सेवा, शिक्षण, प्रहरी, सेना, ज्यालामजदुरी आदि छन् । वैदेशिक रोजगारीको हिस्सा चौंथो स्थान (११५) मा रहेको छ । यहाँका धेरै युवाहरू वैदेशिक रोजगारी वा स्वदेशी रोजगारीको लागि गाउँबाट बाहिर रहेको हुँदा गाउँमा युवाशक्तिको अभाव छ । विदेशबाट प्राप्त हुने रेमिटेन्सले पनि यहाँको आर्थिक क्रियाकलापमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

### ४.३.८ पारिवारिक संरचना

अध्ययन क्षेत्रमा रहेका ब्राह्मण, क्षत्रीहरूको पारिवारिक संरचनाको स्थिति निम्नानुसार छ :

**तालिका ४.१३ अध्ययनमा छनौट जनसङ्ख्याको पारिवारिक विवरण**

| परिवारको प्रकार | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ४१ | ५० |
| संयुक्त परिवार | ३४ | ४१.५ |
| बृहत् | ७ | ८.५ |
| जम्मा | ८२ | १०० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा छनौट ८२ घरधुरीहरूमा तिन किसिमका परिवारहरू पाइन्छन् । यीमध्ये सबैभन्दा धेरै (५०५) परिवारहरू एकल छन् । बाबुआमा र उनीहरूका छोराछोरी मात्र सम्मिलित परिवार एकल परिवार हो । संयुक्त परिवारको सङ्ख्या दोस्रो स्थान (४१.५५) मा रहेको छ । बाबुआमा, छोराछोरी र नातिनातिना गरी तिनवटा पुस्ता सँगै बस्ने यो संयुक्त परिवारको सङ्ख्या विस्तारै घट्दै छ । त्यस्तै अति न्यून सङ्ख्या (८.५५) मा बृहत् परिवार पाइयो । हजुरबुबा, आमाबुबा, नातिनातिना र पनातिपनातिना गरी ४ पुस्ता सँगै बस्ने परिवार बृहत् परिवार हो । यस अध्ययनमा संलग्न कतिपय संयुक्त परिवार र बृहत् परिवारमा एकल परिवारहरू पनि परेको हुँदा वास्तविक रूपमा एकल परिवारको सङ्ख्या केही बढी हुन  सक्छ ।

अध्ययनको लागि छनौट गरिएको जनसङ्ख्यामा रहेका परिवारका सदस्यहरूको सङ्ख्यागत विवरण यसप्रकार रहेका छ :

**तालिका ४.१४ अध्ययनमा संलग्न परिवारको सदस्य सङ्ख्या विवरण**

| सदस्य सङ्ख्या | परिवार सङ्ख्या | प्रतिशत | सञ्चित प्रतिशत |
|---|---|---|---|
| २-५ जना | २९ | ३५.४ | ३५.४ |
| ६-१० जना | ४० | ४८.८ | ८४.२ |
| ११-१५ जना | ९ | ११ | ९५.२ |
| १६-२० जना | १ | १.२ | ९६.४ |
| २१ जना भन्दा माथि | ३ | ३.६ | १०० |
| जम्मा | ८२ | १०० | |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा संलग्न परिवारहरूका सदस्यको पारिवारिक बनोटलाई अध्ययन गर्दा एउटा परिवारमा रहेका सदस्य सङ्ख्यामध्ये धेरे (४८.८५) परिवारमा ६-१० जना सदस्यहरू रहेका छन् । त्यस्तै प्रतिपरिवार सदस्य सङ्ख्या २-५ रहेको परिवार दोस्रो धेरै (३५.४५) सङ्ख्यामा रहेका छन् । यस्ता परिवारको सङ्ख्या लगभग एकतिहाई रहेको छ । प्रतिपरिवार १६ भन्दा बढी सदस्य सङ्ख्या भएका परिवारहरू न्यूनसङ्ख्या (४.८५) मा रहेका छन् । यस अध्ययनमा संलग्न परिवारमध्ये औसत परिवारमा सदस्य सङ्ख्या ७.७ रहेको छ ।

# अध्याय-पा“च

## ब्राह्मण-क्षत्री समूहको विवाह संस्कारमा आएका परिवर्तन र कारकतत्व सम्बन्धी अवधारणाहरूको तथ्याङ्क र विश्लेषण

ब्रँह्मण, क्षत्री समूहको विवाह संस्थामा थुप्रै परिवर्तनहरू आएको देखिन्छ । विवाहका कुनकुन पक्षहरूमा कस्ता किसिमका परिवर्तनहरू आएका छन् भनी अध्ययनमा सङ्कलन गरिएका तथ्यहरूको विश्लेषण यहाँ गरिएको छ । यस एकाइमा विवाहका विभिन्न पक्षहरूमा देखिएका परिवर्तनहरूको बारेमा उत्तरदाताहरूद्वारा व्यक्त धारणा लगायत विवाहमा आएका परिवर्तन सम्बन्धी तथ्यहरूलाई विश्लेषण गर्न सजिलो र व्यावहारिक हुने भएकाले परिवर्तनका कारकहरू सम्बन्धी सूचनाहरूलाई छुट्टै एकाइ नबनाई एकै साथ प्रस्तुत गरी सविस्तार व्याख्या र विश्लेषण गरिएको छ । उक्त विश्लेषणमा अनेक तथ्य र धारणाहरू समावेश गरिएको छ ।

### ५.१ अध्ययन क्षेत्रमा प्रचलित विवाहका तरिकाहरूमा आएका परिवर्तनहरू

नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तत्वहरूको सम्मिश्रणबाट निर्मित भएकोले जाति, धर्म अनुसार विभिन्न संस्कृतिहरू प्रचलनमा छन् । यी विभिन्न संस्कृतिमध्येको एउटा तत्त्व विवाह पनि हो । विवाहका प्राचीन तरिकाहरूमा धेरै परिवर्तन आएको छ ।

### ५.१.१ अध्ययन क्षेत्रमा पाइने विवाहका प्रचलित रूपहरू

अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूलाई उनीहरू तथा उनीहरूका सन्तानहरूले कस्तो किसिमको विवाह गरेका छन् भनी तथ्यहरू सङ्कलन गरिएको थियो जसको विवरण यसप्रकार छ :

**तालिका नं. ५.१ अध्ययन क्षेत्रमा उमेर समूह अनुसार विवाहहरूको प्रकारहरूको विवरण**

| उमेर समूह | छनौट प्रक्रिया | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | मागी | | प्रेम | | प्रेम मार्फत मागी | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७(२६ | ६३ | ८१।८ | ८ | १०।४ | ६ | ७।८ | ७७ | १००।० |
| २७(३६ | १३० | ८३।९ | १३ | ८।४ | १२ | ७।७ | १५५ | १००।० |
| ३७(४६ | ८८ | ८८।० | १० | १०।० | २ | २।० | १०० | १००।० |
| ४७(५६ | ७३ | ८९।० | ६ | ७।३ | ३ | ३।७ | ८२ | १००।० |
| ५७(६६ | ५७ | ८९।१ | ६ | ९।४ | १ | १।६ | ६४ | १००।० |
| ६७ भन्दा माथि | १२ | १००।० | ० | ।० | ० | ।० | १२ | १००।० |
| जम्मा | ४२३ | ८६।३ | ४३ | ८।८ | २४ | ४।९ | ४९० | १००।० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययन क्षेत्रमा रहेकाहरूमध्ये सम्पूर्ण विवाहित सङ्ख्याको अधिकांश (८६.३५) ले मागी विवाह र करिब दश एकांश भाग (१३.७५) ले प्रेम विवाह गरेको पाइन्छ । मागी विवाह गर्नेहरूमध्ये पनि हाल ६७ वर्षभन्दा माथिकाहरूले सम्पूर्ण रूपमा (१००५) मागी विवाह गरेको पाइयो । प्रेम विवाह गर्नेहरूमध्ये कम उमेर समूहमा बढी र बढी उमेर समूहमा कम पाइन्छ । यसको अर्थ पुरानो पुस्तामा भन्दा नयाँ पुस्तामा प्रेम विवाह गर्ने दरमा क्रमश : बढोत्तरी हुँदै गएको पाइन्छ ।

## ५.१.२ विवाहका प्रकारहरूको छनौट तरिका सम्बन्धी धारणाहरू

अध्ययन क्षेत्र र छरछिमेकमा कस्ता किसिमका विवाह पद्धतिहरू प्रचलनमा छन् भनी सहभागीहरूलाई पहिलो प्रश्न गरिएको थियो । सहभागीहरूले व्यक्त गरेका विचारहरू यसप्रकार छन् :

**वृत्तचित्र नं. ५.१ विवाहका प्रकारहरूको छनौट तरिका**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा संलग्न उत्तरदाताहरूमध्ये अधिकांश (८४.१५) ले अहिले पनि मागी विवाह नै प्रचलनमा रहेको धारणा व्यक्त गरे भने थोरै (१५.८५) ले मात्र प्रेम विवाह अहिले

प्रचलनमा भएको बताए । अधिकांश युवाहरूले प्रेम विवाहको पक्षमा आफ्नो मत प्रकट गरे भने पाको उमेरका व्यक्तिहरूले मागी विवाह रुचाएको पाइयो ।

### ५.१.३ मागी वा प्रेम विवाह प्रचलनमा आउनाका कारणहरू

मागी विवाह प्रचलनमा छ भन्नेहरूले बाबुबाजेको पालाबाट चल्दै आएको परम्परालाई अनुसरण गर्नुपर्ने, मागी विवाह गरेमा इष्टमित्रबाट माया र ममता बढी पाइने, बाबुआमाले आफ्ना सन्तानको भलो हुने गरी सोचविचार गरेर विवाह गरिदिने हुनाले सम्बन्ध दीर्घकालीन हुने विचार व्यक्त गरे भने प्रेम विवाह बढी प्रचलनमा छ भन्नेहरूले आजको युगमा आफ्नो जोडी आफै छान्न पाउने स्वतन्त्रता हुने, आफ्नो इच्छा अनुसार जोडी छान्नाले इच्छा, रुचि, चाहना मिल्ने जोडी छानिन्छ, यसले गर्दा विवाहसम्बन्ध सुमधुर र दीर्घकालीन हुन्छ भन्ने विचार व्यक्त गरे ।

यसरी पुरानो पुस्ताले मागी विवाहको पक्षमा र नयाँ पुस्ताले प्रेम विवाहको पक्षमा आफ्नो अभिमत प्रकट गर्नाले विवाहको सम्बन्धमा अहिले पुस्तागत रूपमा वैचारिक द्वन्द्व रहेको स्पष्ट देखिन्छ ।

## ५.२ विवाह गर्ने उमेरमा भएको परिवर्तन

हिन्दू धर्म संस्कृतिबाट निर्देशित ब्रँह्मण, क्षत्री समूहमा छोरीको विवाह सानो छँदै गरिदिने चलन थियो । रजस्वला हुनुभन्दा अगाडि छोरीलाई पवित्र मानिने हुँदा छोरीको विवाह रजस्वला नहुँदै गरिदिएर गोडाको जल खाए पुण्य मिल्छ भन्ने मान्यताले गर्दा अधिकांश महिलाहरूको विवाह सानो उमेरमा नै गरिदिने चलन थियो । आज भन्दा २५-३० वर्ष अघि ६-८ वर्षसम्मका केटीहरूको बालविवाह गरेका घटनाहरू सामान्य जस्तै लाग्दथे तर अहिले यो चलनमा धेरै परिवर्तन आएको छ । अहिले बालविवाह गर्नलाई धेरै क्रियाकलापहरूले गर्दा बन्देज लगाएको छ । यो परिवर्तन ल्याउन धेरै तत्त्वहरूले भूमिका निर्वाह गरेका छन् ।

## ५.२.१ अध्ययन क्षेत्रमा विवाह गर्ने उमेरमा आएको परिवर्तनको अवस्था

**तालिका नं. ५.२ विवाह गर्ने उमेरमा आएको परिवर्तनको अवस्था**

| उमेर समूह | विवाह गरेको उमेर (वर्षमा) | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५-१६ | | १७-२६ | | २७-३६ | | ३७-४६ | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७-२६ | ९ | ११.७ | ६८ | ८८.३ | ० | ० | ० | ० | ७७ | १००.० |
| २७-३६ | १४ | ९ | १२१ | ७८.१ | १९ | १२.३ | १ | ६ | १५५ | १००.० |
| ३७-४६ | १९ | १९ | ७७ | ७७ | ४ | ४ | ० | ० | १०० | १००.० |
| ४७-५६ | २० | २४.४ | ५८ | ७०.७ | ४ | ४.९ | ० | ० | ८२ | १००.० |
| ५७-६६ | १८ | २८.१ | ३९ | ६०.९ | ७ | १०.९ | ० | ० | ६४ | १००.० |
| ६७ भन्दा माथि | ६ | ५० | ५ | ४१.७ | १ | ८.३ | ० | ० | १२ | १००.० |
| जम्मा | ८६ | १७.६ | ३६८ | ७५.१ | ३५ | ७.१ | १ | .२ | ४९० | १००.० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको तालिका अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेका विवाहित सदस्यहरूमध्ये ५-१७ वर्षको उमेरमा विवाह हुनेको सङ्ख्या उल्लेख्य (१७.६५) रूपमा रहेको छ । १७-२६ वर्षको उमेरमा विवाह गर्ने जोडीको सङ्ख्या सबैभन्दा बढी (७५.१५) रहेको छ । त्यस्तै २७-३६ वर्षमा विवाह गर्नेहरूको सङ्ख्या न्यून (७.१५) छ । सानो उमेरमा विवाह गर्नेको सङ्ख्या पुरानो पुस्तामा धेरै देखिन्छ भने यो मात्रा उमेर समूह अनुसार घट्दै गएको छ । ५-१७ वर्षको बिचमा विवाह गर्नेको सङ्ख्या पुरानो पुस्ता (६७ वर्षभन्दा माथि) को उमेर समूहमा आधा (५०५) देखिन्छ भने त्यही उमेरमा विवाह गर्ने उमेर समूह १७-२६ मा सबैभन्दा थोरै (११.७५) देखिन्छ । १७-२६ वर्ष उमेर समूहमा विवाह गर्नेको सङ्ख्या क्रमशः पुरानो पुस्ताबाट घट्दो रूपमा रहेको छ । पुरानो पुस्ता (६७ वर्षभन्दा माथि) को १७-२६ वर्षभित्र विवाह गर्नेहरूको सङ्ख्या थोरै (४१.७५) छ भने १७-२६ वर्ष समूहमा अत्याधिक (८८.३५) रहेको छ । यसबाट अध्ययन क्षेत्रमा रहेका विवाहितमध्ये सबैभन्दा धेरैले अहिले विवाह गर्ने उपयुक्त उमेर यही देखिएको छ । त्यस्तै २७-३६ वर्षको अवधिमा विवाह गर्नेहरूको सङ्ख्या पनि हाल बढ्दो क्रममा रहेको छ । उमेर समूह ६७ वर्षभन्दा माथि २७-३६ वर्ष अवधिमा विवाह गर्नेको सङ्ख्या (८.३५) भन्दा समूह २७-३६ वर्षमा यो सङ्ख्या करिब ५०५ ले बढी देखिन्छ । यसरी अध्ययन क्षेत्रमा भएका विवाहितहरूको उमेरको विश्लेषण गर्दा विवाह गर्ने उमेर विस्तारै बढ्दै गएको छ । यस सम्बन्धी उत्तरदाताको धारणा पनि बुझ्न खोजिएको हुनाले यसपछिको वृत्त चित्रमा देखाइएको छ ।

### ५.२.२ विवाह गर्ने उमेरमा आएको परिवर्तन सम्बन्धी धारणाहरू

पहिले र अहिले विवाह गर्ने उमेरमा परिवर्तन आएको छ ? भनी गरिएको प्रश्नमा प्राप्त नतिजा यसप्रकार छ :

**वृत्तचित्र नं. ५.२ विवाहको उमेरमा भएको परिवर्तन सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

उत्तरदातामध्ये अत्यधिक (९८.८५) ले विवाह गर्ने उमेरमा परिवर्तन आएको प्रतिक्रिया दिए । यसबाट अहिले पुरानो पुस्ताको तुलनामा नयाँ पुस्तामा विवाह गर्न रुचाउने उमेरमा परिवर्तन आएको पाइन्छ । माथिको तालिका ५.२ मा अहिले ६७ वर्षभन्दा बढी उमेर भएको पुरानो पुस्ताका मानिसहरूमध्ये आधा (५०५) को विवाह १६ वर्षभित्रै भएको देखिन्छ । जबकि अहिले उक्त समय विवाह गर्नेको संख्या ज्यादै कम (११.७५) मात्र देखिन्छ । अहिले सबैभन्दा बढी विवाह गर्न रुचाउने उमेर १७ वर्ष देखि २६ वर्षसम्म देखिन्छ ।

### ५.२.३ विवाह गर्ने उमेरमा परिवर्तन आएका कारणहरू

विवाह गर्ने उमेरमा परिर्वतन आएको छ भन्नेहरूलाई किन आएको होला ? भनी कारण सोध्दा कतिपय उत्तरदाताले विवाह भनेको के हो ? भनी थाहा नहुँदै विवाह गर्नु अपराध हुन्छ भने कसैले २० वर्ष नपुगी विवाह गर्न हुँदैन भन्ने मान्यताको विकास भएको बताए । अरू कारणहरूमा आजकल चेतनाको विकास भएको, परिपक्व वा आत्मनिर्भर भएर

मात्र विवाह गर्दा अरूमाथि भर पर्नु नपर्ने, सानो उमेरमा विवाह भएमा आमा र बच्चा दुवैको स्वास्थ्यमा नराम्रो असर पर्ने, सानो उमेरमा विवाह भए सन्तान धेरै जन्मिएर पालनपोषण गर्न गाह्रो हुने बताए । त्यस्तै पहिला कृषि कार्यको लागि काम गर्ने मानिस बढी चाहिने हुँदा चाडै विवाह गर्ने चलन थियो तर अहिले त्यस्तो नभएको बताए । अहिले कानुनद्वारा पनि सानो उमेरमा विवाह गर्न नपाइने हुनाले पनि विवाह गर्ने उमेरमा परिवर्तन भएको कुरा अधिकांश सहभागीले व्यक्त गरे ।

यसरी समग्र रूपमा हेर्दा ब्रँह्मण, क्षत्री समूहमा पहिला जस्तो सानो उमेरमा छोरीको विवाह गरिदिए पुण्य मिल्छ भन्ने धारणामा परिवर्तन भई सानो उमेरमा विवाह गरिदिनु अपराध हुन्छ भन्ने धारणाको विकास भएको पाइन्छ ।

## ५.२.४ विवाह गर्ने जोडीको उमेरको अन्तरमा आएका परिवर्तनहरू

ब्रँह्मण, क्षत्री समूहमा विवाह गर्दा पहिला अभिभावकहरूले आफ्नो छोराछोरीको विवाह गर्ने आवश्यकता महसुस गरेपछि आफै जोडी छानिदिन्थे । छोराछोरीको लागि कस्तो जोडी चाहिन्छ भन्ने कुरा उनीहरूलाई थाहा दिइदैनथ्यो । विवाह गर्दा छोरा वा छोरीको आवश्यकताभन्दा पनि घर व्यवहारलाई हेरिन्थ्यो । सामान्यतया छोरीलाई नछुने हुनु (रजस्वला) भन्दा पहिला विवाह गरिदिएमा बाबुआमालाई पुण्य मिल्छ भन्ने मान्यताको आधारमा सानैमा विवाह गरिने चलन थियो । क्षेत्र भ्रमणमा जाँदा कतिपय वृद्ध विधवाहरूले आफ्नो विवाह ६ वर्ष, ७ वर्ष, १० वर्षमा भएको बताउनु भएको थियो । सानो उमेरमा नै विवाह भएको बताउनु भएको थियो । सानो उमेरमा नै विवाह भनेको के हो ? र किन गर्नुपर्दछ ? भन्ने थाहा नहुँदै गरिदिने चलन थियो भने केटाको उमेर भने बढी (पाको) हुन्थ्यो । यस्तो बालविवाहको चलन समयक्रममा कमी हुँदै गयो भने केटा र केटीको अन्तर बढी भएमा बुढेसकालमा लोग्नेको स्याहार सुसार गर्न श्रीमती सक्षम हुन्छिन् भन्ने गरिन्थ्यो । त्यतिखेरको समाज कृषिमा आश्रित हुने हुँदा काम गर्ने मानिसको जरुरत भएकोले चाँडै विवाह गर्ने चलन पनि चलेको पाइन्छ ।

## ५.२.५ विवाह गर्ने जोडीको उमेरको अन्तरमा आएका परिवर्तन सम्बन्धी धारणाहरू

यस अध्ययनमा छनौट गरिएका उत्तरदाताहरूलाई विवाह गर्ने जोडीमा उमेरको अन्तर बढेको छ वा घटेको छ ? भनी सोधिएको प्रश्नमा उत्तरदाताले व्यक्त गरेको विचार यस प्रकार छ :

**वृत्तचित्र नं. ५.३ विवाह गर्ने जोडीको उमेरको अन्तर सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन २०६८

माथिको तालिकामा झन्डै सम्पूर्ण (९८.८५) उत्तरदाताहरूले पहिले र अहिले विवाह गर्ने जोडीको उमेरको अन्तर घटेको प्रतिक्रिया व्यक्त गरे । पहिला विवाह गर्ने केटा र केटीको उमेरको अन्तर धेरै हुन्थ्यो भने अहिले उमेरको अन्तर कम हुँदै गएको छ । अहिले लगभग बराबर उमेरका केटाकेटीहरूको बिचमा विवाह हुन्छ । अझै यो अन्तर मागी विवाहमा भन्दा प्रेम विवाहमा कम पाइन्छ ।

### ५.२.६ विवाह गर्ने जोडीको उमेरको अन्तर घट्नुका कारणहरू

लगभग सम्पूर्ण उत्तरदाताहरूले आजकल विवाह गर्ने जोडीको उमेरमा अन्तर घटेको प्रतिक्रिया दिएपछि यसको कारण के होला ? भनी प्रश्न गर्दा विभिन्न प्रतिक्रियाहरू प्राप्त भए । विवाहित जोडीको उमेरमा धेरै अन्तर हुँदा उनीहरूको इच्छा, रुचि र चाहना नमिल्ने हुँदा उनीहरूबीच खटपट हुने र परिवार विच्छेद हुने बताए । उमेर धेरै फरक पारेर विवाह गर्दा श्रीमान् बुढो हुने र श्रीमती भर्खरकी हुँदा उनीहरूको यौन चाहना नमिल्ने बताए । उमेरको अन्तर धेरै हुँदा लामो समयसम्म एकल जिन्दगी (विधवा भएर) बिताउनु पर्ने तर उमेरको अन्तर कम भए लामो समयसम्म सँगै जिन्दगी बिताउन पाइने कुरा व्यक्त गरे ।

आजकल चेतनाको विकास भयो । शिक्षाले मानिस शिक्षित हुँदै जाँदा परिपक्व भएर मात्र विवाह गर्नुपर्छ भन्ने मान्यताको विकास हुँदै गयो । त्यस्तै आजकल छोरा र छोरी दुवैलाई पढाउने चलन भयो र पढ्दापढ्दै उनीहरूको उमेर बढी भइसकेको हुन्छ त्यसले गर्दा उमेरको अन्तर स्वतः कम हुने उत्तरदाताहरूले बताए ।

यसरी सुरुमा ब्रँह्मण, क्षत्री समाजमा अत्यन्त सानो उमेरमा (बालविवाह) विवाह गरिदिने र जोडाजोडीको उमेरको अन्तरको फरक धेरै हुने गरेकोमा परिवर्तन आएर बालविवाह गर्न नपाइने भयो र उमेरको अन्तर पनि कम हुन थाल्यो । हामीले पुरानो पुस्ताका धेरै वृद्ध विधवाहरू देख्नाको एउटा कारण यो पनि हो । अहिले कानुनी हिसाबले पनि बालविवाह गर्न नपाइने, विवाह गर्ने निम्नतम उमेर कानुनद्वारा तोकिएको छ । मुलुकी ऐनको बिहेवारीको महलमा व्यवस्था भए अनुसार अभिभावकको स्वीकृतिमा केटी र केटाको उमेर क्रमश : १६ र १८ वर्ष हुनुपर्ने र अभिभावकको स्वीकृतिबिना बिहे गर्दा केटी र केटाको उमेर १८ र २१ वर्ष हुनुपर्ने, लोग्ने मानिस र स्वास्नी मानिसको उमेरको अन्तर २० वर्षभन्दा बढी हुन नहुने कानुनी प्रावधान छ । त्यस्तै समाजको रूपान्तरण हुँदै जाँदा जीविकोपार्जनको तरिकामा परिवर्तन आउँदै छ । पहिलाको ग्रामीण कृषि समाज बिस्तारै रूपान्तरण हुँदै गइरहेको छ । कृषिभन्दा अन्य पेसाहरू पनि आयआर्जनका उपायहरू हुँदै जाँदा विवाह गर्ने उमेर र उमेरको अन्तर पनि क्रमशः बढ्ने र घट्ने भएका छन् । पुरातनवादी धार्मिक सोचाइमा समयान्तरमा परिवर्तन आएको छ, मान्यताहरू फेरिएका छन् । पहिले रजस्वला नहुँदै सानैमा छोरीको विवाह गरिदिएर गोडाको जल खान पाए पुण्य मिल्छ भन्ने मान्यतामा परिवर्तन भएको छ ।

## ५.३ विवाहको विधि विधानमा आएका परिवर्तनहरू

हिन्दू धर्मसंस्कृति अनुसार विवाहलाई सोह्र संस्कारमध्येको एउटा धार्मिक संस्कार मानिएको छ । विवाहलाई वैदिक कालदेखि नै विभिन्न विधि विधानद्वारा सम्पन्न गरिदै आएको पाइन्छ । ब्रँह्मण, क्षत्री समूहमा विधिविधान नपुऱ्याई गरिएको विवाहलाई मान्यता दिइँदैन र त्यस्तो विवाह गरी जन्मेका सन्तानहरूको सामाजिक हैसियत तल्लो श्रेणीको हुन्छ भन्ने मान्यता रहेको थियो तर समयान्तरमा यस्तो विश्वास र मूल्यमा पनि परिवर्तनहरू देखा परेका छन् ।

### ५.३.१ अध्ययन क्षेत्रमा भएका विवाहका विधिविधानहरूको प्रचलित अवस्था

अध्ययन क्षेत्रमा रहेका उत्तरदाता र उनको परिवारका सदस्यहरूको विवाह गर्दा कतिले विधिविधान अनुसार विवाह गरे र कतिले विधिविधान नपुऱ्याई विवाह गरे भन्ने जानकारीको लागि लिएको तथ्यसहितको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. ५.३ अध्ययन क्षेत्रमा भएका विवाहमा हुने विधिविधानको अवस्था**

| उमेर समूह | विधि | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | विधिविधान पुऱ्याएर | | विधिविधान नपुऱ्याई | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७-२६ | ७० | ९०.९ | ७ | ९.१ | ७७ | १००.० |
| २७-३६ | १४८ | ९५.५ | ७ | ४.५ | १५५ | १००.० |
| ३७-४६ | ९८ | ९८.० | २ | २.० | १०० | १००.० |
| ४७-५६ | ७६ | ९२.७ | ६ | ७.३ | ८२ | १००.० |
| ५७-६६ | ५९ | ९२.२ | ५ | ७.८ | ६४ | १००.० |
| ६७ भन्दा माथि | १२ | १००.० | ० | .० | १२ | १००.० |
| जम्मा | ४६३ | ९४.५ | २७ | ५.५ | ४९० | १००.० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको तालिका अध्ययन गर्दा कूल विवाहमध्ये विधिविधान पुऱ्याएर विवाह गर्नेको सङ्ख्या अत्यधिक (९४.५५) रहेको छ भने विधिविधान नपुऱ्याई विवाह गर्नेको सङ्ख्या अति न्यून (५.५५) रहेको छ । विधिविधान पुऱ्याएर विवाह गर्ने मध्ये पुरानो पुस्ता (६७ वर्ष भन्दा माथि) सबै (१००५) छन् । प्रायजसो सबै मागी विवाहहरूमा विवाहका विधिहरू सम्पूर्ण गरेको पाइन्छ भने आफै प्रेम गरेर विवाह गर्नेहरूले विधिहरू पुऱ्याएका हुँदैनन् । विधिविधान नपुऱ्याई विवाह गर्ने चलनमा केन्द्रित भएर अध्ययन गर्दा पुरानो पुस्तामा भन्दा नयाँ पुस्तामा विधि नपुऱ्याई विवाह गर्नेको सङ्ख्या पनि क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । यसको अर्थ युवा पुस्तामा प्रेम विवाह गर्नेहरूको सङ्ख्या बिस्तारै वृद्धि हुँदै गएको छ भन्ने हो । यसको स्पष्ट चित्र १७ - २६ वर्ष समूहमा देखिएको छ ।

### ५.३.२ विवाहका विधिविधानहरूमा आएको परिवर्तन सम्बन्धी अवधारणाहरू

विवाहका विधिविधानहरूमा कस्तो परिवर्तन आएको छ भनी धारणा बुझ्ने कोसिस गरिएको थियो । यसै क्रममा उत्तरदाताहरूलाई पहिलेका विधिविधान र अहिलेका विधिविधानमा परिवर्तन आएको छ ? भनी सोधिएको प्रश्नमा उत्तरदाताहरूद्वारा निम्नानुसार उत्तर प्राप्त भयो ।

**वृत्तचित्र नं. ५.४ विवाहको विधिविधानमा आएका परिवर्तनहरू सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन २०६८

विवाहका विधिविधानमा परिवर्तन भएको हो भनी अधिकांश (९५.१५) उत्तरदाताहरूले प्रतिक्रिया दिए भने थोरै (४.९५) ले मात्र परिवर्तन भएको छैन भनी उत्तर दिए । विवाहको विधिविधानमा के परिवर्तन आएको छ ? भनी सोधिएको प्रश्नमा पहिलाका विधिहरू लामा तर अहिलेका विधिहरू छोटा र सङ्क्षिप्त भएको, विवाहका मुख्य अङ्गहरू मात्र गर्न थालिएको, अनावश्यक र झन्झटिला कुराहरू गर्न छोडिएको कुरा उत्तरदाताहरूद्धारा व्यक्त गरिए । अध्ययन क्षेत्रमा रहेका उत्तरदाता र विवाह गराउने पण्डितहरूलाई कुन कुन विधि विधानमा परिवर्तन भएका छन् ? भनी प्रश्न गर्दा उनीहरूले धेरै फरक भएको बताए । विवाहमा कामकुरो छिन्दा पहिला केटाकेटीलाई उपस्थित गराइदैनथ्यो भने हाल कामकुरो छिन्दा दुवैको उपस्थिति अनिवार्य मानिन्छ । केटाकेटीको मन्जुरी अनिवार्य हुन्छ । पहिला जनै सुपारी गर्दा थोरै मानिसको उपस्थिति हुन्थ्यो भने यो मिनी विवाह जस्तै भड्किलो रूपमा गरिन्छ । पहिला सबै जन्तीहरूलाई भेला पारी दुलही

पक्षका मानिसहरूले जन्तीलाई स्वागत गरी जन्ती पर्सने चलन थियो भने अहिले त्यस्तो गरिदैन । वरणी अहिले अनिवार्य गरिदैन । पहिला दुलहीका सबै इष्टमित्रहरूले गोडा धुने चलन थियो भने अहिले नजिकका केहीले मात्र गोडा धुन्छन् । पहिला परिवारका सबैजनाले कन्यादान दिने र त्यसको साथमा गाईदान गर्दथे भने अहिले बाबुआमा र दाजुभाइले मात्र कन्यादान गर्दछन्, गाईदान गर्दैनन् ।

### ५.३.३ विवाहका विधिविधानमा परिवर्तन हुनाका कारणहरू

विवाहका विधिविधानमा किन परिवर्तन भएको होला भनी प्रश्न उत्तरदातासामु राख्दा व्यक्तिहरूले फरकफरक कारण बताए । कसैले पुराना मूल्यमान्यताहरूमा कमी आउँदै गरेको, पुराना तरिकालाई छाड्दै नयाँ तरिकाहरू अपनाउन थालिएको, आजकल मानिसहरू बढी व्यस्त भएकोले पुराना विधिहरू छुट्याउनु परेको बताए । पहिला रातको विवाह हुँदा लामो समय लगाएर सम्पूर्ण विधि गर्न सकिने तर अहिले अत्यन्त छोटो समयमा विवाह सिध्याउनु पर्दा विधिविधानहरू स्वतः छोटा हुने बताए । विवाह गराउने पण्डितहरूमध्ये मुख्य उत्तरदाताको रुपमा लिएका दुर्गादत्त पौडेल, गंगा प्रसाद गौतमले अहिलेको परिवर्तनप्रति तीव्र असन्तोष प्रकट गर्दै विवाहका परम्परा लोप हुँदै गएको बताए । यस्तै तरिकाले कटौती गर्दै जाने हो भने नयाँ पुस्ताले विवाहका विधिहरू देख्नबाट बञ्चित हुने बताए ।

यसरी विवाहका विधिहरूलाई वैदिक कालदेखि नै अत्यन्त महत्त्व दिँदै जग्गेमा स्थापित अग्निका साथ गरिएको बाचाबन्धनलाई कहिल्यै नटुट्ने सम्बन्ध स्थापित गर्ने विधिहरूमा समयअन्तरालमा धेरै परिर्वतन आएको पाइएको छ ।

## ५.४ विवाह विच्छेदका घटनाहरूमा आएका परिवर्तनहरू

ब्रँह्मण, क्षत्रीको विवाह परम्परा हिन्दू धर्ममा उल्लेख गरिए अनुसार हुन्छ । हिन्दू धर्मशास्त्रमा विवाह केबल केटा र केटीको सम्बन्ध कायम राख्ने माध्यम मात्र नभई परिवार र इष्टमित्रहरूलाई एकआपसमा जोडेर राख्ने विशेष सम्बन्धको रूपमा लिइन्छ । अग्निलाई साक्षी राखी गरिएको बाचाबन्धन कहिल्यै टुट्ने हुँदैन भन्ने मान्यतामा हाल परिवर्तन आउँदै गरेको पाइन्छ ।

### ५.४.१ अध्ययन क्षेत्रमा विवाह विच्छेदको वर्तमान स्थिति

अध्ययन क्षेत्रमा रहेका उत्तरदाता र उनीहरूका विवाहित सदस्यहरूको हालको वैवाहिक स्थिति कस्तो रहेको छ भनी अध्ययन गर्दा निम्नानुसारको विवरण प्राप्त भयो :

**तालिका नं. ५.४ अध्ययन क्षेत्रमा रहेका विवाहित व्यक्तिहरूको वैवाहिक अवस्था**

| उमेर समूह | वैवाहिक अवस्था | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सँगै | | पारपाचुके | | विधवा | | विधुर | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १८(२६ | ७६ | ९८।७ | १ | १।३ | ० | ० | ० | ० | ७७ | १००।० |
| २७(३६ | १५२ | ९८।१ | २ | १।३ | ० | ० | १ | ।६ | १५५ | १००।० |
| ३७(४६ | ९७ | ९७।० | ० | ० | ३ | ३।० | ० | ० | १०० | १००।० |
| ४७(५६ | ७६ | ९२।७ | २ | २।४ | ४ | ४।९ | ० | ० | ८२ | १००।० |
| ५७(६६ | ४९ | ७६।६ | ८ | १२।५ | ५ | ७।८ | २ | ३।१ | ६४ | १००।० |
| ६७ भन्दा माथि | ५ | ४१।७ | ० | ० | ३ | २५।० | ४ | ३३।३ | १२ | १००।० |
| जम्मा | ४५५ | ९२।९ | १३ | २।७ | १५ | ३।१ | ७ | १।४ | ४९० | १००।० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको तालिकामा उत्तरदाता र उनका परिवारका विवाहित सदस्यहरूमध्ये धेरैजसो (९२.९५) को वैवाहिक स्थिति सँगै रहेको पाइन्छ । उनीहरूको सङ्ख्या क्रमशः उमेर बढ्दै गए अनुसार घट्दै गएको छ र ६७ वा सो भन्दा बढी उमेरमा सँगै हुने जोडाजोडीको सङ्ख्या कम (४१।७५) देखिन्छ । अध्ययन क्षेत्रमा पारपाचुकेका घटनाहरू थोरै (२.७५) मात्र भएका छन् । जसमध्ये उमेर समूह ५७-६६ वर्ष समूहमा सबैभन्दा धेरै (१२.५५) देखिएका छन् भने उमेर समूह ३७-४७ र ६७ वर्ष भन्दा माथि कुनै पनि पारपाचुके भएका जोडीहरू पाइएका छैनन् । त्यस्तै विधवाहरूको जम्मा सङ्ख्या (३.१५) भन्दा विधुरहरूको सङ्ख्या (१.४५) कम देखिन्छ । विधवा भएका महिलाहरूमध्ये सबैभन्दा धेरै (७.८५) ५७-६६ वर्ष समूहका छन् भने विदुर हुनेहरूमध्ये सबैभन्दा धेरै ६७ वर्ष भन्दा माथिल्लो समूहका रहेका छन् । यसबाट प्रष्ट हुन्छ महिलाहरू कम समयमा नै विधवा बढी भएको पाइन्छ भने पुरुषहरू धेरै पाको उमेरमा मात्र विधुर देखिन्छन् । यदि उनीहरू कम समयमा विधुर भए भने पुनः विवाह गर्दछन् । विवाह गर्ने जोडीको अन्तर बढी भएर यस्तो अवस्था आएको पाइन्छ ।

## ५.४.२ विवाह विच्छेद सम्बन्धी उत्तरदाताहरूको धारणा

उत्तरदाताहरू सबैलाई तपाईंको विचारमा विवाह विच्छेदका घटनाहरू बढेका छन् ? भनी गरिएको प्रश्नमा व्यक्त प्रतिक्रियाहरू यसप्रकार छन् ।

**वृत्तचित्र नं. ५.५ विवाह विच्छेद सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अधिकांश उत्तरदाताहरू (९०.२५) ले आजकल विवाह विच्छेदका घटनाहरूमा वृद्धि हुँदै गएको बताए ।

### ५.४.३ विवाह विच्छेदका घटना वृद्धि हुनाका कारणहरू

विवाह विच्छेदका घटनाहरूमा वृद्धि भएको भन्ने विचार व्यक्त गरेका उत्तरदाताहरूसँग यसको कारणबारे बताउन आग्रह गर्दा विभिन्न प्रतिक्रिया व्यक्त गरे । उनीहरूका अनुसार विवाहमा भनेजस्तो दाइजो नपाउनु, सम्बन्ध विच्छेद गरेपछि पैसा पाइन्छ भन्ने लोभ लाग्नु, बाबुआमाको करकापमा परेर विवाह गर्नु वा आफैंले आफ्नो जोडी छान्न नपाउनु, वैदेशिक रोजगारीको क्रममा लोग्नेस्वास्नी धेरै समय घरबाट टाढा रहनु र उनीहरूसँग अन्य व्यक्तिको सम्बन्ध रहनु; महिलाको स्वतन्त्रतामा वृद्धि भई श्रीमान् तथा घरपरिवारका अन्य सदस्यहरूको दबाबमा बस्न नचाहनु, महिलाहरूमाथि हुने घरेलु हिंसाका कारण बताए । त्यस्तै अन्य कारणहरूमा महिलाले आयआर्जन गरी आत्मनिर्भर भएपछि अरूको भरमा नपरी स्वतन्त्र हुनु तथा श्रीमान्श्रीमतीको उमेरमा धेरै परिवर्तन भई उनीहरूका रुचि, इच्छा, चाहानामा मेल नखाँदा पनि विवाह विच्छेद हुने बताए । अध्ययन क्षेत्रमा केही समय पहिला दाइजोको कारणले विवाह गरेको एक हप्तापछि विवाह विच्छेद

भएको घटना पनि पाइयो । केटीको पारिवारिक स्रोतबाट यस्तो जानकारी प्राप्त भएको थियो ।

समग्रमा विवाह विच्छेदका घटनाहरू वृद्धि हुने धेरै कारणहरू भए पनि सम्बन्ध विच्छेदको घटना आर्थिक पाटोसँग जोडिएको पाइन्छ । कम आर्थिक स्वतन्त्रता र बढी आर्थिक स्वतन्त्रता दुवैले गर्दा सम्बन्ध विच्छेदका घटना भएका छन् । सम्बन्ध विच्छेदमा पश्चिमी सभ्यताको प्रभाव पनि केही मात्रामा परेको पाइन्छ ।

८२ जना उत्तरदातामध्ये करिब दुई तिहाइ (६२.२५) ले मागी विवाहमा धेरै सम्बन्ध विच्छेद भएको बताए भने करिब एक तिहाइ (३४.२५) ले प्रेम विवाहमा बढी सम्बन्ध विच्छेद हुने बताए । केही (३.६५) ले यसमा कुनै प्रतिक्रिया व्यक्त गरेनन् ।

### ५.४.४ विवाह विच्छेद र विवाहका प्रकार सम्बन्धी धारणाहरू

उत्तरदाताहरूलाई कस्तो किसिमको विवाहमा बढी सम्बन्ध विच्छेदका घटनाहरू भएका छन् भनी सोधिएको प्रश्नमा उत्तरदाताहरूद्वारा व्यक्त विचारहरू यसप्रकार छन् ।

**वृत्तचित्र नं. ५.६ विवाह विच्छेद र विवाहका प्रकार सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको चार्टको अध्ययन गर्दा आधाभन्दा बढी (६२.२५) उत्तरदाताहरूले मागी विवाहमा विवाह विच्छेदका घटनाहरू बढी भएको बताए भने करिब एक तिहाई (३४.२५) ले मात्र प्रेम विवाहमा विवाह विच्छेद बढी भएको बताए ।

### ५.४.५ सम्बन्ध विच्छेद (विवाह विच्छेद) का कारणहरू

माागी विवाहमा बढी सम्बन्ध विच्छेद भएको बताउनेहरूले यसको कारणमा आफ्नो जोडी आफै छनौट गर्न नपाउनु, अर्काको करकापमा परेर विवाह गर्नुपर्ने मागी विवाहमा दाइजोको चलन हुने हुँदा भनेजस्तो दाइजो नपाएपछि सम्बन्ध विच्छेद हुने बताए । त्यस्तै प्रेम विवाहमा बढी सम्बन्ध विच्छेद भएको बताउनेहरूले यसको कारणमा अपरिपक्व अवस्थामा प्रेम गर्ने र पछि मनमुटाव हुने, प्रेम गर्दा केही कुरा ढाँट्ने पछि थाहा पाएपछि मनमुटाव हुने, प्रेम गर्दा गरिएका बाचाबन्धन पूरा हुन नसक्दा सम्बन्ध विच्छेद हुने कारण बताए ।

निष्कर्षमा भन्दा सबै किसिमका विवाहमा सम्बन्ध विच्छेदका घटनाहरू घटिरहेका छन् । तुलनात्मक रूपमा मागी विवाहमा बढी सम्बन्ध विच्छेदका घटनाहरू भएको धारणा पाइयो ।

## ५.५ अन्तरजातीय विवाहको चलनमा भएका परिवर्तनहरू

ब्रँह्मण, क्षत्री समूह हिन्दू धर्मसंस्कृतिमा आधारित मूल्य र मान्यताबाट निर्देशित छ । हिन्दू धर्म अनुसारको स्तरीकरणमा विश्वास राख्ने यो समूहले ब्राह्मण, क्षत्री, वैश्य र शुद्र गरी चार वर्णको व्यवस्था अनुसार आफूहरूलाई उच्च स्थानमा राख्दछन् । नेपालको राज्य सञ्चालनमा एकीकरणको पालादेखि नै महत्त्वपूर्ण भूमिका खेल्दै आएका यी दुई जातिमा आफ्नै जातभित्र उपयुक्त कुलघरानका केटा वा केटी खोजी मागी विवाह गर्ने चलन अझै पनि प्रमुख रूपमा नै चलिआएको छ । यिनीहरू आफ्नै जातिभित्र विवाह गर्दछन् तर आफ्नै थर वा एउटै गोत्रमा विवाह गर्दैनन् । विवाह गर्दा ब्रँह्मण-क्षत्रीहरूले नाताले छोएकोमा विवाह गर्दैनन् तर अन्य जातमा मामाकी छोरी विवाह गर्ने चलन छ । मामाकी छोरीलाई दिदीबहिनीसरह पूज्यनीय मान्ने चलन छ ।

### ५.५.१ अध्ययन क्षेत्रमा अन्तरजातीय विवाहको वर्तमान स्थिति

अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरू र उनीहरूका परिवारमा रहेका विवाहित सदस्यहरूको सजातीय वा अन्तरजातीय जोडीहरूबारे प्राप्त विवरण यसप्रकार छ ।

**तालिका नं. ५.५ अध्ययन क्षेत्रमा अन्तरजातीय र सजातीय जोडीको विवरण**

| उमेर समूह | अन्तरजातीय | | सजातीय | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७(२६ | ७ | ९।१ | ७० | ९०।९ | ७७ | १००।० |
| २७(३६ | ८ | ५।२ | १४७ | ९४।८ | १५५ | १००।० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७(४६ | ४ | ४।० | ९६ | ९६।० | १०० | १००।० |
| ४७(५६ | २ | २।४ | ८० | ९७।६ | ८२ | १००।० |
| ५७(६६ | ३ | ४।७ | ६१ | ९५।३ | ६४ | १००।० |
| ६७ भन्दा माथि | ० | ० | १२ | १००।० | १२ | १००।० |
| जम्मा | २४ | ४।९ | ४६६ | ९५।१ | ४९० | १००।० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययन क्षेत्रमा रहेका विवाहित वर्तमान जोडीहरूको वैवाहिक जातीय अवस्थाको अध्ययन गर्दा अधिकांश जोडीहरू (९५.१५) ले आफ्नै जातभित्र (सजातीय) विवाह गरेका छन् भने थोरैले (४.९५) ले मात्र अन्तरजातीय विवाह गरेको देखिन्छ । यसले अझैपनि व्यवहारमा अन्तरजातीय विवाहको चलन उल्लेख्य रूपमा रहेको देखाउँदैन । उमेर समूह अनुसार ६७ वर्ष भन्दा माथिका विवाहित जोडी सबै (१००५) नै सजातीय छन् भने १७-२६ वर्ष समूहमा सजातीय जोडाको सङ्ख्या सबैभन्दा कम (९०.९५) देखिन्छ । अन्तरजातीय जोडीको सङ्ख्या कम उमेर समूहमा बढी र बढी उमेर समूहमा कम छ । सबैभन्दा सानो उमेर समूहमा सबैभन्दा धेरै अन्तरजातीय जोडीहरू देखिन्छन् । यसले युवा पुस्तामा अन्तरजातीय विवाहको प्रचलन विस्तारै बढ्दै गएको देखाउँछ ।

### ५.५.२ अन्तरजातीय विवाह सम्बन्धी धारणाहरू

ब्रँह्मण-क्षत्री समूहमा अन्तरजातीय विवाहको चलन बढ्दै गएको हो भनी गरिएको प्रश्नमा उत्तरदाताहरूले दिएको प्रतिक्रिया यसप्रकार छ ।

**वृत्तचित्र नं. ५.७ अन्तरजातीय विवाह बढेको सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अधिकांश उत्तरदाताहरू (९५.१५) ले अन्तरजातीय विवाहको चलन चलेको छ भन्ने पक्षमा आफ्नो मत जाहेर गरे । उनीहरूका अनुसार अहिलेसम्म सजातीय विवाहको मात्रा बढी रहेको भए पनि अब त्यहाँ अन्तरजातीय विवाह गरे पनि हुन्छ भन्ने मान्यता राख्नेहरू र अन्तरजातीय विवाह गर्ने युवाहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ ।

### ५.५.३ अन्तरजातीय विवाह बढ्नुका कारणहरू

अन्तरजातीय विवाहको चलन बढेको हो भन्ने मत प्रकट गर्नेहरूलाई यसको कारण बताउन आग्रह गर्दा नयाँ पुस्ताले जातभातको चलनलाई अस्वीकर गर्दै गएको, आपसी प्रेम गर्दा जातिलाई भन्दा पनि अरू पक्षलाई बढी जोड दिने, शिक्षा र चेतनाको वृद्धिसँगै सञ्चारका साधनहरू रेडियो, टि.भी. फिल्मजस्ता माध्यमहरूले प्रभाव पारेको र छुवाछुतको चलनमा कमी हुँदै गएको छ । अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नको लागि आर्थिक वर्ष २०६८/०६९ को बजेटमा अन्तरजातीय विवाह गर्ने जोडीलाई रु.१ लाखको प्रैंत्साहन रकमको व्यवस्था गर्नुले पनि अन्तरजातीय विवाहलाई जोड दिएको भन्ने धारणा देखिन्छ ।

यसरी हिजोदेखि चलिआएको स्वजातीय विवाह गर्ने परम्परालाई ब्रँह्मण, क्षत्री समुदायमा चुनौती दिँदै नयाँ पुस्ताले पनि अन्तरजातीय विवाहलाई अवलम्बन गर्दै आएको छ । यो समूहमा अन्तरजातीय विवाहलाई हेर्ने पुरानो दृष्टिकोणमा सकारात्मक सोचाइको विकास हुँदै गएको पाइन्छ ।

आजकल विवाहको जोडी छनौट गर्दा आर्थिक आत्मनिर्भरतालाई पनि हेर्न थालिएको छ । जो आफ्नो खुट्टामा उभिएर आफै आयआर्जन गर्न सक्षम हुन्छन्, त्यस्ता केटा वा केटीलाई आफ्नो जोडा छनौटमा बढी महत्व दिइन्छ । पुरानो पुस्ता र नयाँ पुस्ताको बिचमा जातीय उच्चताको कुरालाई लिएर द्वन्द्व भइरहेको छ । नयाँ पुस्ताको सोचाइमा मानिसको जातभातको आधारमा हुने स्तरीकरण ठीक होइन । नयाँ पुस्ता जातको आधारमा होइन, योग्यता र क्षमताको आधारमा आफ्नो जोडी छनौट गर्नुपर्दछ भन्ने मान्यता राख्दछ भने पुरानो पुस्ता आफ्नो कुलघरान र जातलाई बढी प्राथमिकता दिन चाहन्छ । यी दुई पुस्ताका बीचमा सोचाइको यो द्वन्द्व चलिरहेको छ । छोराले अर्को जातको बुहारी ल्याउँदा घरायसी झगडाको कारण घरभन्दा बाहिर रहनु परेका उदाहरणहरू प्रशस्तै देखिन्छन् ।

## ५.६ दाइजोको चलनमा भएका परिवर्तनहरू

विवाह गर्दा केटी पक्षका मानिसहरूले केटा पक्षकालाई दिने नगद तथा जिन्सी वस्तुलाई दाइजो भनिन्छ । वैदिक कालको विवाहमा दाइजोको रूपमा केही नदिने, मात्र कन्यादान गरिने कुरा उल्लेख छ । समयको विकासक्रममा विवाहको समयमा दाइजो दिने र लिने चलनमा वृद्धि हुँदै आएर आजको अवस्थामा यो विकृतिको रूपमा रहेको पाइन्छ । ब्राह्मण-क्षत्री समाजमा दाइजोको प्रभाव अन्य जातजातिमा भन्दा बढी परेको छ ।

### ५.६.१ अध्ययन क्षेत्रमा प्रचलित दाइजोको वर्तमान अवस्था

यस अध्ययनमा संलग्न उत्तरदाताहरूबाट उनीहरू र आफ्ना सन्तानहरूको विवाहमा उनीहरूले कस्तो प्रकारको दाइजो ल्याउने वा दिने गरे भनी मागिएको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. ५.६ दाइजोको प्रकारहरू सम्बन्धी अवस्था**

| उमेर समूह | दाइजो | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | नगद | | जिन्सी | | केही नल्याएको | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७-२६ | १२ | १५.६ | ५२ | ६७.५ | १३ | १६.९ | ७७ | १००.० |
| २७-३६ | २ | १.३ | १३१ | ८४.५ | २२ | १४.२ | १५५ | १००.० |
| ३७-४६ | १ | १.० | ७९ | ७९.० | २० | २०.० | १०० | १००.० |
| ४७-५६ | ० | .० | ५४ | ६५.९ | २८ | ३४.१ | ८२ | १००.० |
| ५७-६६ | ० | .० | ३९ | ६०.९ | २५ | ३९.१ | ६४ | १००.० |
| ६७ भन्दा माथि | ० | .० | ९ | ७५.० | ३ | २५.० | १२ | १००.० |
| जम्मा | १५ | ३.१ | ३६४ | ७४.३ | १११ | २२.७ | ४९० | १००.० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका दाइजोका विभिन्न रूपहरूमध्ये सबैभन्दा बढी (७४.३५) प्रचलित रूप जिन्सी देखिन्छ । जिन्सीमध्ये ग्रागी, ताउला, दराज, पलङ, सोफासेट र अन्य घरायसी सामानहरू बढी मात्रामा छन् । दाइजोको दोस्रो (३.१५) रूप नगद देखिन्छ भने विवाहमा केही नल्याउने सङ्ख्या (२२.७५) पनि उल्लेख्य रहेको छ । ४७ देखि ६६ वर्ष समूहमा दाइजोको रूपमा केही नलिएर विवाह गर्नेहरूको सङ्ख्या अत्यधिक देखिन्छ । त्यस्तै २७ देखि ४६ वर्ष समूहमा दाइजोको रूपमा जिन्सी सामान

लिनेको सङ्ख्या अत्यधिक (८१५) देखिन्छ भने अहिलेको नयाँ पुस्ता १७-२६ वर्ष उमेर समूहमा दाइजोको रूपमा नगद दिने चलनमा वृद्धि भएको छ । दाइजोको रूपमा जिन्सी सामानको सट्टा नगद दिएमा त्यसलाई आवश्यकता अनुसार प्रयोग गर्न सजिलो हुने भएकोले यो चलन चलेको पाइन्छ । जिन्सी सामान सबै प्रयोगमा नआउन पनि सक्दछ । समग्रमा यसबाट सुरुमा दाइजो लिने चलन नभएको, बीचमा दाइजोको रूपमा जिन्सी सामान लिनेदिने चलन चलेको र अहिले नगद दिनेलिने चलन बढ्न थालेको देखिन्छ । यसबाट दाइजोको रूप फेरिए पनि वर्तमान अवस्थामा दाइजोको चलनमा वृद्धि भएको पाइन्छ ।

## ५.६.२ दाइजोको चलन सम्बन्धी धारणाहरू

विवाहमा दाइजो ल्याउने चलन बढ्दै वा घट्दै हो ? भनी सबै उत्तरदाताहरूलाई गरिएको प्रश्नमा उत्तरदाताहरूको प्रतिक्रिया यसप्रकार रहेको छ ।

**वृत्तचित्र नं. ५.८ दाइजोको चलन सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनका ८२ जना उत्तरदातामध्ये अधिकांश (९३.९५) ले दाइजोको चलनमा वृद्धि हुँदै गएको बताए भने अत्यन्त थोरै (३.७५) ले मात्र नबढेको बताए । यसमा केही (२.४५) तटस्थ रूपमा रहेका थिए ।

## ५.६.३ दाइजोको प्रचलनमा वृद्धि हुनाका कारणहरू

दाइजो ल्याउने तथा दिने चलन बढ्दै गएको हो भन्ने पक्षमा रहेकाहरूलाई यसको करण के होला भनी प्रश्न गर्दा विभिन्न कारणहरू रहेको बताए । उनीहरूका अनुसार दाइजोको चलनमा वृद्धि हुनाको कारण आजकल छोरा र छोरीलाई समान दृष्टिले हेरिने हुँदा छोराले बाबुको सम्पत्ति पाउने हुँदा छोरीलाई पनि दिनुपर्दछ भन्ने मान्यताको विकास हुँदै गएको बताए । व्यक्तिले आफ्नो इच्छा नहुँदानहुँदै पनि बाध्य भएर दिनुपरेको वा छोरीको विवाह राम्रो केटा वा परिवारमा गरिदिएमा सुख हुन्छ भन्ने सोचाइले आफ्नो आर्थिक अवस्थाले नसक्ने भए पनि ऋणै काढेर पनि दाइजो दिने चलन चलेको अवस्था जानकारी गराए । कतिपयले अहिलेको अवस्थाले नदिए पनि बाबुबाजेको कुलघरानको इज्जत, मान, प्रतिष्ठा जोगाउनको लागि पनि दाइजो दिनुपरेको कुरा गरे । कतिपयले देखासिकी र आडम्बरको लागि दाइजो दिने चलन चलेको बताए भने केहीले मानिसको आयआर्जन गर्ने क्षमताको वृद्धि हुँदा आर्थिक हैसियत बढेका कारण दाइजोको चलनमा वृद्धि हुँदै गएको बताए ।

यसरी दाइजोको प्रचलन ब्रँह्मण, क्षत्री समूहमा निरन्तर रूपमा बढ्दै जाँदा गरिब मानिसका छोरीहरूको विवाह हुन नसक्ने अवस्था आएको छ भने विवाहमा पर्याप्त दाइजो दिन नसक्दा विवाहित महिलाले घरमा घृणा र तिरस्कार सहनुपर्ने तथा हिंसाको सिकार हुनुपर्ने घटनाहरू वृद्धि हुँदै गएका छन् । दाइजोको रूप तथा अवस्था समयसमयमा बदलिन्छ । कुनै अवस्थामा दाइजो खुल्ला र प्रतिस्पर्धात्मक अवस्थामा हुन्छ भने कैयौं अवस्थामा यो गुप्त र वैयक्तिक भइदिन्छ । जुनसुकै रूपमा भए पनि ब्रँह्मण, क्षत्री समाजमा दाइजो विकृतिपूर्ण अवस्थामा फैलिरहेको छ र आर्थिक शोषणको माध्यम बनिरहेको छ ।

## ५.७ विवाहको भोजभतेरको तरिकामा आएका परिवर्तनहरू

विवाह एउटा सुखद क्षण हो । यसलाई स्मरणयोग्य बनाउन र औपचारिकता दिनको लागि भोजभतेरको व्यवस्था गरिएको हो । ब्रँह्मण, क्षत्री समूहको विवाहमा विवाह गरेर ल्याएकी नयाँ दुलहीले पहिलो दिनको भोज छोएपछि तथा नवविवाहित दम्पतिले खाएपछि मात्र भोजको औपचारिक सुरुवात हुने मान्यता रहेको छ । सबै इष्टमित्र नातेदार मिलेर भोज खाएपछि वैवाहिक सम्बन्ध औपचारिक हुन्छ ।

### ५.७.१ विवाहको भोजभतेरको तरिकामा परिवर्तन हुनाका कारणहरू

नेपालका ग्रामीण भागहरूमा पनि आर्थिक रूपान्तरणको प्रभाव पर्दै गएको छ । कृषिमा मात्र आश्रित भएर मानिसहरूको जीविकोपार्जन गर्न सक्ने अवस्था नभएकोले उनीहरू आयआर्जनका वैकल्पिक उपायहरूको खोजमा सहरबजार तथा वैदेशिक रोजगारीको क्रममा विदेश जानेहरूको सङ्ख्या बढ्दै छ । यसले गर्दा मानिसको आर्थिक हैसियतमा वृद्धि भएको छ । विवाहको भोजभतेरमा बढी खर्च गर्ने क्षमता प्राप्त हुन्छ । अहिले गाउँ तथा बजारमा मानिसहरूको सामाजिक सम्बन्धमा पनि परिवर्तन भएको छ । पहिलाको कृषिमा पूर्ण आश्रित भएको समाजमा विवाहको बेला मानिसलाई फुर्सद हुने र एकआपसमा सरसहयोग बढी हुन्थ्यो भने अहिले मानिस बढी व्यस्त हुँदा आपसमा सरसहयोगको कमी हुँदै गएको छ । यसले गर्दा भोजमा पनि व्यवसायीकरण भएको छ । सहरबजारबाट दक्ष कामदार ल्याएर भोज तयार गर्न थालिएको छ । शिक्षा, चेतना र बाहिरी प्रभावले गर्दा भोज तयार गर्ने तरिका, बस्ने तरिका, खाने तरिका आदि सबैमा परिवर्तन आएको छ । कृषिमा आश्रित गाउँले परिवेशमा पहिला मानिसहरूको आफ्ना नजिकका खास इष्टमित्रहरू तथा नातेदारहरूसँग मात्र सम्पर्क हुने गरेकोमा अहिले दायरा फराकिलो भएको छ । सञ्चार र यातायातका साधनहरूको पर्याप्त विकासले गर्दा धेरै मानिसहरूसँग सम्पर्क बढ्न थालेको छ । यसले गर्दा विवाहको भोजमा नजिकका इष्टमित्र बाहेकका पेसागत, राजनैतिक र समाजका अन्य व्यक्तिहरू बढी आमन्त्रित हुन्छन् । बस्ती बढ्दै गएकोले बजार क्षेत्रमा खाली ठाउँको अभाव हुन थाल्यो र भोज होटल वा पार्टी प्यालेसमा हुन थाल्यो । शिक्षाको विकासले सामाजिक चेतनामा वृद्धि भई भोजभतेरमा छुवाछुतको चलनमा पनि कमी आउँदैछ ।

## ५.८ पुनः विवाहको अवस्था

एकपटक वैवाहिक बन्धनमा बाँधिएपछि त्यसलाई विच्छेद गरी पुनः अर्को व्यक्तिसँग गरिने विवाहलाई पुनः विवाह भनिन्छ । ब्रँह्मण, क्षत्री समूहको विवाहमा अग्निसाक्षी राखी स्थापित गरिएको सम्बन्ध भएकोले यो जन्मजन्मान्तर कायम रहनुपर्दछ भन्ने मान्यता भए पनि यसमा परिवर्तनहरू देखिन थालेका छन् ।

### ५.८.१ पुनः विवाहको अवस्था सम्बन्धी धारणाहरू

अध्ययनमा संलग्न उत्तरदाताहरूलाई आजकल पुनः विवाहको चलनमा वृद्धि भएको हो भनी गरिएको प्रश्नमा उनीहरूले व्यक्त गरेको प्रतिक्रिया यसप्रकार छ ।

**वृत्तचित्र नं. ५.९ पुन : विवाह सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

उत्तरदातामध्ये धेरै (७४.४५) ले पुनः विवाह गर्ने चलनमा वृद्धि भएको बताए ।

### ५.८.२ पुनः विवाह गर्ने चलनमा वृद्धि हुनाका कारणहरू

पुनः विवाह गर्ने चलन बढ्दै गएको हो भन्नेहरूलाई यसको कारण बताउन आग्रह गर्दा पुनः विवाहलाई हेर्ने सोचमा सकारात्मक परिवर्तन हुँदै जानु, मानिस शिक्षित हुँदै गए अनुसार विवाहमा व्यक्तिगत स्वतन्त्रताको प्रयोग हुनु, बाबुआमाले दिएकासँग आफ्नो इच्छा चाहनामा स्वास्नीमानिसको सम्पर्क अरूसँग हुनु, महिलाहरूको रोजगारीमा वृद्धि भई आर्थिक परनिर्भरता कम हुँदै जानु र कानुनी प्रावधानहरू महिलाको पक्षमा हुनु प्रमुख कारणहरू

भएको बताए भने पुनः विवाह गर्ने चलन घटेको भन्नेहरूले आजकल मानिस शिक्षित हुँदै गएकोले यस्तो नहुने बताए ।

एकपटक स्थापित भएको वैवाहिक सम्बन्ध तोडिनु हुँदैन भन्ने मान्यता राख्ने कट्टर हिन्दू धर्मबाट निर्देशित ब्रँह्मण, क्षत्री समूहमा महिलालाई कम स्वतन्त्रता प्राप्त छ । समय परिवर्तन हुँदै जाँदा पुनः विवाह गर्नै हुँदैन भन्ने सोचाइमा परिवर्तन हुँदै गएर पुनः विवाह पनि भएका छन् । ब्रँह्मण, क्षत्री समूहमा पुनः विवाहको चलन चल्नुका धेरै कारणहरूमध्ये वैदेशिक रोजगारको प्रभाव पनि रहेको छ । वैदेशिक रोजगारीको सिलसिलामा श्रीमान्ले दुःख गरी कमाएको सम्पत्तिलाई दुरूपयोग गरेर अर्कोसँग पुनः विवाह गर्ने प्रवृत्ति पनि बढी रहेको छ ।

## ५.९ जोडी छनौट प्रक्रियामा आएका परिवर्तनहरू

नेपालका ब्रँह्मण, क्षत्री समूहको विवाह गर्ने परम्परागत तरिका मागी विवाह हो । यस किसिमको विवाहमा आफ्ना अभिभावकले आफ्ना छोराछोरीको लागि उपयुक्त जोडी छनौट गरिदिन्छन् । यसरी आफ्ना छोराछोरीको लागि आफ्नै जातभित्र उपयुक्त जोडी छनौट गर्नको लागि छनौटका केही आधारहरू बनाएका हुन्छन् । यस्ता छनौट गर्ने आधारहरूमा समयक्रममा परिवर्तन आएको पाइन्छ । पहिला ब्रँह्मण, क्षत्री समाज कृषिमा आधारित हुँदा खेतीपाती गर्न जान्ने, घरायसी कामधन्दा गर्ने सीप भएकी, शारीरिक बनावट हट्टाकट्टा भएकी, छिटोछरितो चाल भएकी, कुलघरानिया केटीलाई छनौट गरिन्थ्यो भने घरमा सम्पत्ति भएको, कृषि काम गर्ने सीप भएको, शारीरिक रूपमा स्वस्थ र फूर्तिलो केटो हेरिन्थ्यो भने अहिले अभिभावकले छोराछोरीको लागि उपयुक्त जोडीको छनौट गर्ने आधारहरूमा परिवर्तन आएका छन् ।

### ५.९.१ छोरा तथा छोरीको लागि जोडी (बुहारी/ ज्वाइँ) छनौट गर्ने प्रमुख आधार सम्बन्धी धारणाहरू

अध्ययनमा छनौट गरिएका सम्पूर्ण उत्तरदाताहरूलाई तपाईंले छोराको लागि जोडी छनौट गर्दा कुन कुन पक्षलाई बढी महत्व दिनुभयो/ दिनुहुन्छ भनी सोधेको उत्तरमा निम्न अनुसारको प्रतिक्रिया प्राप्त भयो :

**तालिका नं. ५.७ छोराछोरीको लागि जोडी छनौटका प्रमुख आधारहरू**

| आधारहरू | छोराको जोडी (बुहारीको लागि) | | छोरीको जोडी (ज्वाँइको लागि) | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पढाइ | ७५ | ९१।५ | ५७ | ७१।२ |
| शीलस्वभाव | ४४ | ५३।७ | ४९ | ६१।२ |
| कुलघरान | ४४ | ५३।७ | १९ | २३।८ |
| रूपबनोट | ४४ | ५३।७ | ८ | १० |
| व्यवहार | २९ | ३५।४ | १८ | २२।५ |
| जागिर (पेसा) | ८ | ९।८ | ६४ | ८० |
| सम्पत्ति | ४ | ४।९ | १३ | १६।२ |
| अन्य | १६ | १९।४ | १० | १२।३ |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

यो तालिकामा देखाए अनुसार आफ्नो छोराको जोडी (बुहारी) छनौट गर्दा अध्ययन क्षेत्रमा भएका उत्तरदाताहरूमध्ये धेरै (७५५) ले पढाइलाई आधार मानेका छन् । त्यसपछिको दोस्रो प्राथमिकता (५३.७५) शीलस्वभाव, कुलघरान र रूपबनावटलाई प्राथमिकता दिएको पाइन्छ । व्यवहारलाई पाँचौं (३५.४५) प्राथमिकतामा राखेका छन् । त्यसपछिका प्राथमिकतामा जागिर र सम्पत्ति परेका छन् । यसरी पहिलाभन्दा अहिले जोडी छनौटको प्रक्रियामा स्पष्ट भिन्नता देखिन्छ । पहिलाको जोडी छनौट गर्दा जात, बोली, इज्जत कुलघरानलाई बढी महत्त्व दिइन्थ्यो ।

त्यस्तै अध्ययनमा संलग्न उत्तरदाताहरूले छोरीको लागि जोडी छनौट गर्दा सबैभन्दा पहिलो प्राथमिकता पेसालाई दिए । अधिकांश (८०५) ले पेसालाई पहिलो प्राथमिकतामा राखे । दोस्रो प्राथमिकतामा पढाइ र आधाभन्दा बढी (६१.२५) ले शीलस्वभावलाई तेस्रो प्राथमिकतामा राखेको पाइयो । त्यसपछि कुलघरान, सम्पत्ति क्रमश प्राथमिकतामा परेका छन् ।

## ५.९.२ छोराको लागि जोडी छनौट प्रक्रियामा आधारहरूको प्राथमिकरणका कारणहरू

छोराको लागि जोडी छनौट गर्दा माथि दिए अनुसार किन ती पक्षहरूलाई बढी महत्त्व दिनुभयो भन्ने प्रश्नमा पढाइ भए हरेक कुरा बुझ्ने क्षमता हुने, समझदार हुने, बुहारी शिक्षित भए परिवार नै शिक्षित हुने, शिक्षित भए जागिर खाई आत्मनिर्भर हुने छोराछोरीको पालनपोषण हुने बताए । शीलस्वभावले परिवारमा सबैलाई मानमर्यादा गर्ने, सासुससुराको

उचित रेखदेख हुने धारणा व्यक्त गरे । कुलघरानले परिवारको पृष्ठभूमि मिल्दो, आर्थिक अवस्थाबारे बताउँछ । यसले व्यक्तिले देखाउने व्यवहारको पनि प्रतिनिधित्व गर्दछ । 'कुलकी नानी, मूलको पानी' भन्ने उखान धेरै उत्तरदाताहरूले दोहोऱ्याए । यसको मतलब राम्रो कुलघरानकी छोरी मूलको पानी जस्तै शुद्ध र स्वच्छ हुन्छ भन्ने अर्थ लाग्दछ । आकर्षक रूपबनोट भएको मानिस सबैलाई मनपर्दछ । सुन्दरता मनपराउने मानवीय स्वभाव हो, जसले पछि सन्तानमा समेत वंशाणुगत प्रभाव पार्ने कुरा उत्तरदाताहरूले बताए । राम्रो व्यवहार नै परिवारको सभ्यता भएको तथा जागिर भएमा आत्मनिर्भर हुने, परिवारको उचित पालन पोषण हुने धारणा उत्तरदाताले प्रकट गरे । सम्पत्ति भए इज्जत रहन्छ भन्ने मनसाय व्यक्त गरेको पाइयो जुन अप्रत्यक्ष रूपमा दाइजो र दानदक्षिणासँग सम्बन्धित रहेको छ ।

### ५.९.३ छोरीको लागि उपयुक्त जोडी (ज्वाइँ) छनौट गर्ने प्रमुख आधारहरू सम्बन्धी धारणा

छोराको लागि जोडी छनौट गर्ने निश्चित आधारहरू भएजस्तै छोरीको लागि उपयुक्त जोडी (ज्वाइँ) को छनौट गर्दा पनि निश्चित आधारहरू स्थापित गरेका हुन्छन् । आधारहरू मोटामोटी एउटै भए पनि छोराको जोडीको छनौट गर्नेभन्दा छोरीको जोडी छनौट गर्ने प्राथमिकरणहरू फरक हुन्छन् । अध्ययनमा संलग्न उत्तरदाताहरूले छोरीको लागि जोडी छनौट गर्दा निम्न पक्षहरूलाई महत्त्व दिएको पाइयो :

### ५.९.४ छोरीको लागि जोडी छनौट प्रक्रियामा विशेष आधारहरूको प्राथमिकताका कारणहरू

छोरीको लागि उपयुक्त जोडी (वर) को छनौट गर्दा किन माथिका आधारहरूलाई प्राथमिकरणमा राख्नुभयो भनी सोधिएको प्रश्नमा पेसा भयो भने छोरी र जन्मने सन्तानहरूले सुख पाउने तथा जिउने आधार हुने बताए । त्यस्तै पढाइ भएमा पेसा पाउन सजिलो हुने, पढेको मानिसले हरेक कुरा बुझ्ने घरव्यवहारमा सजिलो हुने, इष्टमित्र तथा श्रीमतीको राम्रोसँग कदर गर्न सक्ने बताए । शीलस्वभाव असल भए नराम्रो बानी र कुलतमा फस्ने सम्भावना हुँदैन जसले परिवारमा सुखशान्ति कायम रहन्छ । कुलघरान र सम्पत्ति भए जीवन सुखी हुने, परिवार सभ्य हुने, केटाकेटीहरू (बच्चाहरू) सुसंस्कृत हुने, असल बानी सिक्ने बताए ।

यसरी आफ्ना अभिभावकहरूले आफ्ना छोराछोरीको लागि जोडी छनौट गर्दा निश्चित आधारहरू तयार गरी छानेका हुन्छन् । छोरीको लागि जोडी छनौट गर्दा पहिलो प्राथमिकतामा पेसालाई राख्नुको अर्थ छोरीलाई सुखसमृद्धि प्राप्त होस् भन्ने चाहना हो । पेसाले आर्थिक पक्षसँग सम्बन्ध राखेको हुन्छ तर छोराको लागि जोडी छनौट गर्दा पढाइलाई बढी ध्यान दिनुको अर्थ महिला शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने मान्यता हो । ब्रँह्मण, क्षत्री समूहमा अझै पनि महिला आफ्नै खुट्टामा उभिनुपर्दछ, आफै आयआर्जन गर्ने हुनुपर्दछ भन्ने मान्यताको विकास नभइ सकेको कुरा यसले प्रष्ट पार्दछ । किनकि छोरीलाई पेसा भएको ज्वाँइसँग विवाह गरिदिएर परनिर्भर बनाउने तथा छोराको लागि आयआर्जन गर्ने भन्दा पनि आज्ञाकारी शीलस्वभाव भएकी बुहारीको आवश्यकता सासुससुराले महसुस गर्दछन् । बुहारी छनौट गर्दा जागिर छैठौं प्राथमिकता पर्नुको अर्थ बुहारीले घरबाहिर गएर आयआर्जन गर्नु त्यति आवश्यकता छैन भने ज्वाइँको छनौट गर्दा जागिरलाई पहिलो प्राथमिकता दिनुले आइमाईलाई परनिर्भर गराउने सोचाइ हो । त्यसैले यो मान्यतामा कमी आउँदै समाजमा आफ्नो रुचिचाहना अनुसारको प्रेम विवाहको चलन ब्रँह्मण, क्षत्री समूहमा फस्टाउँदो क्रममा रहेको छ । अहिलेको आधुनिक पुस्ताका युवायुवतीले आफ्नो लागि जोडी छान्दा आयआर्जनलाई जोडी छनौटको प्रमुख आधार बनाउँछन् । परम्परागत पुर्ख्यौली पेसाभन्दा अन्य पेसा अगाल्ने हुनाले आफ्ना अभिभावकको जोडी छनौटमा हस्तक्षेप नहोस् भन्ने चाहन्छन् ।

## ५.१० विधवा विवाहमा आएका परिवर्तनहरू

श्रीमान्को मृत्यु भई उसकै सतीत्वमा बसिरहेकी महिलालाई विधवा भनिन्छ । हाम्रो समाजमा अझै पनि महिलालाई पुरुषको भरमा पराश्रित भएर बाँच्नु पर्ने बाध्यता रहेको छ । यसरी आफ्नो आश्रय रहेको पतिको मृत्यु हुँदा विधवा हुन पुगेकी महिला बेसाहारा भएर अति दर्दनाक जीवन जिउनु परेको अवस्था देख्न सकिन्छ । ब्रँह्मण, क्षत्री समाजमा यो झन् जटिल अवस्थामा रहेको पाइन्छ किनकि सानै उमेरकी बालिकालाई ठूलो (धेरै) उमेरको केटासँग विवाह गरिदिने चलन थियो र भर्खर किशोरअवस्थामा प्रवेश गरेकी महिला विधवा बाँकी जीवन सुखमय गराउनु त कता हो कता उल्टै श्रीमान् टोक्ने बोक्सीको आरोप लगाएर प्रताडित बनाएको अवस्था छ । अझ घटनादुर्घटनामा परी श्रीमान्को अकालमा मृत्यु भएको अवस्थामा यो पीडा बढी दर्दनाक हुन्छ । कतिपय महिलाहरू निःसन्तान

बालविधवा पनि रहेका छन् । सुरुमा विधवाले विवाह गर्ने सोचाई असम्भव तथा कल्पना बाहिरको कुरा मानिथ्यो भने हाल यसको बारेमा धेरै बहस र चर्चा भइरहेका छन् ।

### ५.१०.१ ब्राह्मण-क्षत्री समूहमा विधवा विवाहसम्बन्धी धारणाहरू

अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूलाई तपाईंको गाउँघर वा छरछिमेकमा विधवा विवाह हुन थालेको हो भनी प्रश्न गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भयो ।

**वृत्तचित्र नं. ५.१० विधवा विवाह सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा संलग्न अधिकांश उत्तरदाताहरू (८१.७५) ले आफ्नो गाउँघर वा छरछिमेकमा विधवा विवाह हुन थालेको बताएका छन् । थोरैले (१३.४५) ले मात्र विधवा विवाहको चलन नचलेको बताए ।

## ५.१०.२ ब्राह्मण-क्षत्री समाजमा विधवा विवाह हुनाका कारणहरू

आफ्नो गाउँघर वा छरछिमेकमा विधवाविवाह हुन थालेको छ भन्ने बताउने उत्तरदाताहरूलाई यसको कारण बताउन आग्रह गर्दा विभिन्न विचारहरू व्यक्त गरे । उनीहरूका अनुसार शिक्षाको वृद्धिले गर्दा पुराना मूल्यमान्यतामा परिवर्तन भई विधवालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको बताए । महिलावादी आन्दोलनले गर्दा नारी स्वतन्त्रतामा वृद्धि भएको, विधवाले रातो वस्त्र लगाउने चलन चलेको तथा लोग्ने मानिस विधुर हुँदा विवाह गर्न हुन्छ भने महिलाले पनि विवाह गर्न हुन्छ भन्ने सोचाइ चल्न थालेको बताए । कतिपयले लामो समयसम्म एकल जीवन बिताउन गाह्रो हुने हुँदा विधवा महिलालाई सहाराको जरुरत हुने र विवाह गरेमा बाँकी जीवन काट्न सजिलो हुन्छ भन्ने विचार व्यक्त गरे । समाजमा विधवा विवाहलाई कानुनद्वारा पनि प्रैंत्साहन गरेको विचार पनि व्यक्त भए ।

यसरी हिन्दू धर्मशास्त्रबाट निर्देशित मूल्यमान्यता र परम्परा अनुसार चलेको ब्रैंह्मण, क्षत्री समुदायमा समयअन्तरालमा विधवालाई हेर्ने सकारात्मक सोचाइको विकास हुँदै गरेको पाइन्छ । विधवा महिला सहाराविहीन भएर बाँच्न गाह्रो हुने महसुस गर्न थालिएको छ । नेपालमा चलेको दसवर्षे द्वन्द्वकालमा धेरै महिलाहरू कलिलै उमेरमा विधवा भएकोले यसको बारेमा धेरैको ध्यान केन्द्रित भई सकारात्मक सोचाइमा वृद्धि हुन थालेको पाइन्छ । आफ्नै

विधवा बुहारीको लागि उपयुक्त वर खोजी आफैले कन्यादान गरिदिने ससुरा पनि ब्रँह्मण-क्षत्री समुदायमा देखिन थालेका छन् । यस्तो सोचाई विधवा विवाहको बारेमा आएको महत्त्वपूर्ण परिर्वतनको पाटो हो ।

## ५.११ विवाह गर्ने स्थान/भौगोलिक क्षेत्रमा आएको परिवर्तनका पक्षहरू

ब्रँह्मण, क्षत्रीहरूको विवाह आफ्नै जातभित्र गर्नुपर्ने तर एउटै थर वा गोत्रमा गर्न नहुने हुँदा मागी विवाहको लागि आफ्नो जात कुलघरान मिल्ने परिवारको खोजी गर्नुपर्दछ । खोज्दै जाँदा नजिक वा टाढा जहाँ पनि हुन सक्छ । विशेषतः बिहेवारी गराउन नजिकका इष्टमित्र वा नातेदारहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । पहिलापहिला यातायात र सञ्चारका साधनहरूको अभावमा धेरै टाढा विवाह गर्नु असुविधाजनक मानिन्थ्यो । विवाह गरेपछि सधैं घरमाइत वा मावली बारम्बार गरिरहनुपर्ने हुँदा धेरै टाढासम्म हिँडेर जान गाह्रो हुने गर्दथ्यो । त्यस्तै धेरै टाढा भए मर्दापर्दाको बेला थाहापाउन गाह्रो हुने हुँदा प्राय नजिक नै विवाह गर्ने चलन चलेको पाइन्छ तर अहिले यस पक्षमा पनि परिवर्तन आएको छ । मागी विवाह गर्दा विचार पुऱ्याउनुपर्ने पक्षमध्ये दुरीलाई पनि ध्यान दिने गरिन्छ ।

### ५.११.१ अध्ययन क्षेत्रमा गरिएका विवाहहरूको स्थान/क्षेत्रको अवस्था

अध्ययन क्षेत्रमा भएका उत्तरदाताहरू तथा उनीहरूका परिवारका अन्य विवाहित सदस्यहरूको विवाह कति दूरीमा भएको छ भनी प्रश्न गर्दा प्राप्त भएका विवरणहरू यसप्रकार छन् ।

**तालिका नं. ५.८ माइती/ससुरालीको स्थान (क्षेत्र) सम्बन्धी विवरण**

| उमेर समूह | माइती वा ससुराली स्थान | | | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा भित्र | | गा.वि.स.भित्र | | जिल्लाभित्र | | जिल्ला बाहिर | | देशबाहिर | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७(२६ | ३ | ३।९ | ११ | १४।३ | ४० | ५१।९ | २३ | २९।९ | ० | ।० | ७७ | १००।० |
| २७(३६ | ४ | २।६ | १९ | १२।३ | ८१ | ५२।३ | ५१ | ३२।९ | ० | ।० | १५५ | १००।० |
| ३७(४६ | ७ | ७।० | ७ | ७।० | ६२ | ६२।० | २४ | २४।० | ० | ।० | १०० | १००।० |
| ४७(५६ | ६ | ७।३ | ८ | ९।८ | ६२ | ७५।६ | ६ | ७।३ | ० | ।० | ८२ | १००।० |
| ५७(६६ | २ | ३।१ | १० | १५।६ | ४२ | ६५।६ | ९ | १४।१ | १ | १।६ | ६४ | १००।० |
| ६७ भन्दा माथि | ० | ।० | १ | ८।३ | ८ | ६६।७ | ३ | २५।० | ० | ।० | १२ | १००।० |
| जम्मा | २२ | ४।५ | ५६ | ११।४ | २९५ | ६०।२ | ११६ | २३।७ | १ | ।२ | ४९० | १००।० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको तालिका अनुसार त्यहाँका विवाहितहरूमध्ये सबैभन्दा धेरै (६०.२५) को विवाह जिल्लाभित्र भएका पाइयो । त्यसपछि विवाहितमध्ये दोस्रो स्थान (२३.७५) मा जिल्लाबाहिर विवाह गरेको पाइन्छ । एउटै गा.वि.स. भित्र विवाह गर्नेको सङ्ख्या (११.४५) पनि उल्लेख्य छ भने वडाभित्र र देशभित्र विवाह गर्नेको सङ्ख्या भने थोरै रहेको छ । ४७ वर्ष भन्दा बढी समूहका व्यक्तिहरूमध्ये धेरैले जिल्लाभित्रै विवाह गरेका छन् भने ४७ वर्ष भन्दा थोरै उमेर समूहले जिल्लाबाहिर विवाह गर्ने चलन बढ्दै गएको देखिन्छ । सारांशमा भन्दा अहिलेको नयाँ पुस्ताले केही टाढा (जिल्ला बाहिर) र पुरानो पुस्ताले नजिकै (जिल्लाभित्र) विवाह गर्ने गरेको देखिन्छ । यसमा यातायात, सूचना र सञ्चारको सुविधाले यस्तो भएको हुन सक्छ ।

## ५.११.२विवाह गर्ने दुरी सम्बन्धमा प्राप्त धारणाहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई तपाईंको छरछिमेकमा गाउँ नजिक वा टाढा विवाह गर्ने चलन छ भनी सोधिएको प्रश्नमा उनीहरूले व्यक्त गरेका धारणाहरू यस प्रकार छन् ।

**वृत्तचित्र नं. ५.११ विवाहको टाढा वा नजिक सम्बन्धी धारणाहरूको विवरण**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

माथिको तालिका अध्ययन गर्दा धेरै उत्तरदाता (४२.७५) ले आजकल टाढा विवाह हुने गरेको विचार व्यक्त गरेका छन् । त्यस्तै एकतिहाइ भन्दा बढी (३७.८५) ले आजकल नजिक विवाह गर्ने चलन चलेको बताए । केहीले (१८.३५) आजकल टाढा वा नजिक खास

त्यस्तो नभई बराबरी जसो हुने बताए । यसबाट विवाह नजिक वा टाढा गर्ने चलनमा स्पष्टता आउन सकेन ।

### ५.११.३ टाढा विवाह गर्न मन पराउनुका कारणहरू

आजकल छरछिमेक वा गाउँघरमा टाढा विवाह गर्ने चलन बढी चलेको छ भन्नेहरूलाई यसको कारण किन होला भनी प्रश्न गर्दा उनीहरूले यदि टाढा भयो भने परिवारका सानातिना, राम्रानराम्रा कुराहरू सुन्नु पर्दैन, यसले गर्दा परिवारको बिचमा व्यक्तिगत सम्बन्ध राम्रो रहन्छ भन्छन् । कतिपय एउटा परिवारका आन्तरिक कुराहरू अर्को परिवारमा थाहा पाएमा राम्रो हुँदैन भन्ने मान्यता रहेको छ । त्यसकारण यदि टाढा विवाह भएमा परिवारका आन्तरिक कुराहरू थाहा हुँदैन । टाढा हुँदा इष्टमित्रहरूसँग कहिलेकाहीँ मात्र भेटघाट हुन्छ । यसले गर्दा मानमर्यादा र इज्जत कायम हुन्छ । आजकल पहिलाको जमानामा भन्दा सञ्चारका साधनहरूको राम्रो सुविधा छ । मोबाइल, फेसबुकको माध्यमद्वारा धेरै टाढासम्मका केटाकेटी बिच पनि सम्बन्ध कायम हुन्छ । उनीहरूका अनुसार यातायातका साधनहरूको विकासले गर्दा धेरै टाढासम्म पनि विवाह गर्न जान सम्भव भएको छ ।

यसरी हेर्दा विवाह आजकल टाढाटाढासम्म पनि गर्न थालेको कुरा स्पष्ट हुन्छ । यातायात र सञ्चारका साधनहरूको विकासले टाढा विवाह गर्ने कुरालाई पनि सहजै लिन थालिएको छ । विवाहलाई आजकल जिल्ला, अञ्चल वा राष्ट्रको घेराले रोक्न सक्दैन ।

### ५.११.४ नजिक विवाह गर्न मन पराउनुका कारणहरू

आजकल छरछिमेक वा गाउँघरमा टाढाभन्दा नजिक विवाह गर्ने चलन छ भन्नेहरूलाई यसको कारण के होला भनी प्रश्न गर्दा उनीहरूले नजिक विवाह गर्दा केटाकेटीहरूको आनीबानी, चरित्र, उनीहरूको चाहना, इच्छा बुझ्न सकिन्छ र पारिवारिक जीवन सुखद हुन्छ भन्दछन् । उनीहरूका अनुसार नजिक भए चाडबाडका बेला वा अन्य समयमा भेटघाट गर्न, घरमाइत गर्न सजिलो र सुरक्षित हुन्छ । नजिक भए टाढा जाँदाको जस्तो खर्चिलो हुँदैन, दुर्घटनाको जोखिम पनि रहँदैन । नजिक भए सन्चो बिसन्चो छिटोछिटो थाहा हुने, आवश्यक भए सरसहयोग गर्न सजिलो हुने तथा इष्टमित्रको बिचमा गाढा सम्बन्ध हुने कुरा पनि बताए । यसरी नजिक विवाह गर्दा घरव्यवहारमा सजिलो हुन्छ ।

विवाह इष्टमित्रहरूको पहलमा आपसी प्रेमको आधारमा गरिने पारिवारिक सम्बन्ध भएकोले यसलाई टाढा वा नजिक भनेर दूरीको आधारमा किटान गर्न गाह्रो हुने कुरा पनि उत्तरदाताहरूले बताए । आफ्ना इच्छा, चाहना, रुचि र आफूले विवाहको लागि रोजेका आधारहरू प्राप्त भएमा आजकलको यातायात र सूचना प्रविधिको विकास भएको युगमा नजिक वा टाढा भनेर दूरीको आधारमा विवाह सम्बन्धलाई सीमित गर्न सकिँदैन ।

## ५.१२ विवाह सम्पन्न गर्ने स्थानमा भएका परिवर्तनहरू

ब्रँह्मण, क्षत्रीहरूको विवाह परम्परामा यसको विधिविधानलाई विशेष रूपमा लिएको पाइन्छ । विवाहका सम्पूर्ण विधिविधानहरू हिन्दू धर्मशास्त्रमा उल्लेख भए अनुसार हुन्छन् । पहिला ब्रँह्मण-क्षत्रीहरूको विवाह गर्दा तयारीको लागि पर्याप्त समयको व्यवस्था गरी घरमै जग्गे निर्माण गरी विवाह गरिन्थ्यो । विवाहको लागि चाहिने सम्पूर्ण सामानहरूको व्यवस्था इष्टमित्र, दाजुभाइहरू सबै मिलेर गर्ने चलन रहेको थियो । विवाहको लागि सामानहरू एकआपसमा सरसहयोग ऐँचो, पैँचो गरी गाउँघरमा नै व्यवस्था गरिन्थ्यो । विवाहमा जम्मा हुने इष्टमित्र, नातेदार र जन्तीहरूलाई बस्नको लागि सबै मिलेर सबैको घरमा व्यवस्था गर्ने गरिन्थ्यो । सम्पूर्ण रूपमा कृषिमा आधारित समाज हुँदा खाद्यान्न तथा कृषिजन्य अन्य कृषियोग्य सामग्रीहरू आफ्नै उत्पादन वा सरसापट गरी चलाइन्थ्यो तर समयक्रममा विवाहका यी तरिकाहरूमा परिवर्तन भएको पाइन्छ । मानिसको जीवनयापनका तरिकाहरूमा आएको परिवर्तनले विवाह गर्ने स्थानमा पनि परिवर्तन आउँदै छ । आजकल समयको विकासक्रमसँगै घरमा हुने वैवाहिक कार्यक्रम मन्दिर, होटल तथा पार्टीप्यालेसमा हुने गरेको छ । सहरबजारका मन्दिर, होटल र पार्टीप्यालेसहरू विवाहको समयमा खचाखच हुने गरेका छन् ।

### ५.१२.१अध्ययन क्षत्रीभत्र प्रचलित विवाह सम्पन्न गर्ने स्थान सम्बन्धी अवस्था (तथ्य) हरू

अध्ययन क्षेत्रका उत्तरदाता र उनीहरूका परिवारका सदस्यहरूको विवाह कहाँ कहाँ गरिएको हो भनी प्रश्न गर्दा प्राप्त भएका तथ्यहरू यस प्रकार छन् ।

**तालिका नं. ५.९ विवाह गरेको स्थान सम्बन्धी विवरण**

| उमेर समूह | विवाह गरेको स्थान | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | घरमा | | मन्दिरमा | | अन्य | | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १७(२६ | ४० | ५१।९ | ३६ | ४६।८ | १ | १।३ | ७७ | १००।० |
| २७(३६ | ७९ | ५१।० | ७४ | ४७।७ | २ | १।३ | १५५ | १००।० |
| ३७(४६ | ७६ | ७६।० | २३ | २३।० | १ | १।० | १०० | १००।० |
| ४७(५६ | ७१ | ८६।६ | ७ | ८।५ | ४ | ४।९ | ८२ | १००।० |
| ५७(६६ | ६० | ९३।८ | ३ | ४।७ | १ | १।६ | ६४ | १००।० |
| ६७ भन्दा माथि | १२ | १००।० | ० | ।० | ० | ।० | १२ | १००।० |
| जम्मा | ३३८ | ६९।० | १४३ | २९।२ | ९ | १।८ | ४९० | १००।० |

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययन क्षेत्रमा भएका कूल विवाहमध्ये सबैभन्दा बढी (६९५) विवाह घरैमा भएका छन् भने करिब एक तिहाइ (२९.२५) विवाह मन्दिरमा भएका छन् । होटल, पार्टीप्यालेस वा अन्य कुनै स्थानमा भएका विवाहहरूको सङ्ख्या ज्यादै न्यून रहेको छ । कूल विवाहमध्ये औसतमा घरैमा गरेका विवाहको सङ्ख्या बढी भए पनि घरमा विवाह गर्नेको सङ्ख्या घट्दै गएको छ । ६७ वर्षभन्दा माथि उमेर समूहका सबै (१००५) को विवाह घरैबाट भएको छ भने १७-२६ वर्ष उमेर समूहको विवाह करिब आधा (५१.९५) मात्र घरमा हुने गरेका छन् । यसरी अहिले घरमा हुने विवाहको सङ्ख्या घट्दो क्रममा र मन्दिरमा हुने विवाहको सङ्ख्या बढ्दो क्रममा रहेका छन् ।

## ५.१२.२ विवाह सम्पन्न गर्ने स्थानमा आएका परिवर्तन सम्बन्धी धारणाहरू

अध्ययनमा संलग्न उत्तरदाताहरूलाई आजकल विवाह प्रायजसो कहाँ हुने गरेको छ भनी सोधिएको प्रश्नमा उनीहरूबाट प्राप्त उत्तरहरू यस प्रकार छन् ।

**वृत्तचित्र नं. ५.१२ विवाह गर्ने स्थानसम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

अध्ययनमा संलग्न अधिकांश उत्तरदाताहरू (९३.७५) ले आजकल विवाह मन्दिरमा हुने गरेको बताए भने थोरैको (३.७५) विचारमा मात्र घरमा हुने गरेको पाइयो । यसरी आजकल धेरैजसो ब्रँह्मण-क्षत्रीहरूको विवाह घरको सट्टा मन्दिरमा हुने गरेको देखिन्छ ।

### ५.१२.३ मन्दिरमा विवाह गर्ने चलन बढ्नुका कारणहरू

अधिकांश उत्तरदाताहरूले आजकल मन्दिरमा विवाह हुने गरेको बताएपछि यसको कारणबारे जिज्ञासा राख्दा यसबारे उनीहरूले विभिन्न विचार व्यक्त गरे । उनीहरूका अनुसार विवाह कार्यक्रम सम्पन्न गर्न धेरै मानिसको जरुरत हुन्छ तर गाउँघरमा त्यस्तो काम गर्ने मान्छेहरू पाउन गाह्रो छ । राजेगारीको लागि युवाशक्ति सहर-बजार वा विदेशतिर जाने कारणले गर्दा त्यस्तो भएको हो । मन्दिरको विवाहमा सरसमान जुटाउन सजिलो हुने र कम मानिस भए पुग्दछ । घरमा विवाहको लागि चाहिने पर्याप्त ठाउँको अभाव हुँदै जान थालेको छ । घरको विवाहमा खाना बनाउन तथा त्यसको लागि सामान जुटाउन झन्झटिलो हुने तर मन्दिरमा खाना खुवाउनको लागि होटल तथा क्याटरिङको व्यवस्था गर्न सजिलो हुन्छ । घरको विवाहमा जग्गे बनाउन चाहिने सामग्री जुटाउन गाह्रो हुन्छ तर मन्दिरमा बनिबनाउ जग्गे हुन्छ । मन्दिरको विवाह छोटो र सङ्क्षिप्त हुन्छ । यदि विधिविधान पुगेन भनेपनि पवित्र मानेर पूर्ण मानिन्छ । कतिपयले मन्दिरको विवाह छोटो र छिटो हुने हुँदा कम खर्चालु समेत हुने बताए ।

यसरी विवाह एक बन्धन हो भनेर मान्ने पश्चिमी मुलुकको भनाइ भैँ नेपालमा पनि विवाहलाई संस्कार भन्दा पनि बन्धनको रूपमा लिइने क्रम बढ्दो रूपमा छ । विभिन्न कारणले आजकल घरको भन्दा मन्दिरको विवाह रोज्ने क्रम बढीरहेको छ । सहरीकरणसँगै घरमा विवाह गर्दा सबै साथीभाइलाई अटाउने ठाउँको पनि कमी हुने कारणले घरको विवाह विस्तारै असम्भव बन्दै गयो र घरमै गरिने परम्परागत विवाहलाई पनि मन्दिर र पार्टी प्यालेसमा गर्न थालिएको छ , जहाँ एकमुष्ठ खर्च गरेपछि अनेक प्रकारका भन्भटबाट मुक्त हुन सकिन्छ । त्यस्तै बाँच्नको लागि सङ्घर्ष गर्दै आएका आजका व्यस्त मानिसहरूले पनि घरमा हुने लामो विवाहको विकल्पको रूपमा मन्दिरको विवाहलाई रोज्न थालेका छन् ।

ब्रँह्मण, क्षत्री समूहको विवाह संस्कृतिलाई घरबाट मन्दिर र पार्टीप्यालेसमा सार्ने क्रममा यसभित्र धेरै विकृति र विसङ्गतिहरू भित्रिनुका साथै बढी भड्किलो र खर्चिलो पनि भएको छ । यसले गर्दा विवाहमा परम्परागत रूपमा रहेको जन्तेबाखो र खेतबारीका कुनामा बसेर भतेर खाने चलन भने लोप हुँदै जाने क्रममा रहेको छ ।

## ५.१३ विवाह गर्ने समय (दिन/रात)मा आएका परिवर्तनहरू

नेपालका ब्रँह्मण, क्षत्रीहरूको परम्परागत रूपमा चलिआएको मागी विवाहको क्रममा दुवै पक्षका बिचमा (केटीपक्ष र केटापक्ष) काम कुरो छिनेपछि जसलाई परम्परागत भाषामा 'जनैसुपारी गर्ने' भनिन्छ । केटीका बाबुले केटा पक्षका मानिसहरू समक्ष 'तोकिएको दिनमा तोकिएको समयको लगनमा मेरी कुमारी छोरीलाई लिन तपाईहरूका कुमार छोरालाई यतिको सङ्ख्यामा जन्ती लिएर आउनुहोला' भनी निमन्त्रणा गरेपछि विवाहको दिनमा तोकिएको सङ्ख्यामा जन्तीको लावालस्कर सहित दिनमा जन्ती जाने चलन थियो । त्यस समयमा आजको जस्तो यातायातका साधनहरूको कमी हुँदा टाढा जानुपर्ने जन्ती दिनभरि हिडेर राति अबेर पुग्दथे । रातको विवाह विधि पुऱ्याउँदा भोलिपल्ट अबेला भइसकेको हुन्थ्यो र जन्तेबाखो खाएर दुलही सहित जन्ती फर्कन्थे तर आजकल रातको विवाह अत्यन्त कम हुन थालेका छन् । अहिले विवाह भनेपछि स्वतः दिनको विवाह भनी बुझ्ने गरिन्छ ।

### ५.१३.१ विवाह गर्ने समय (दिन/रात)मा आएको परिवर्तन सम्बन्धी धारणाहरू

यस अध्ययनमा छनौट भएका उत्तरदाताहरूलाई अहिले दिनमा विवाह गर्ने चलन बढ्दै गएको  हो भन्ने प्रश्नमा दिएको प्रतिक्रिया यसप्रकार छ ।

**वृत्तचित्र नं. ५.१३ विवाह गर्ने समयमा आएको परिवर्तन सम्बन्धी धारणाहरू**

स्रोत : क्षेत्रअध्ययन कार्य २०६८

लगभग सबैजसो (९८.८५) उत्तरदाताहरूले आजकल दिनमा विवाह हुने चलन चलेको बताए ।

## ५.१३.२ दिनमा विवाह गर्ने चलन चल्नुका कारणहरू

सबै उत्तरदाताहरूलाई आजकल रातको विवाहको सट्टा दिनमा विवाह गर्ने चलन किन चलेको होला भनी कारण सोध्दा उनीहरूले विभिन्न विचारहरू व्यक्त गरे । यहाँ उल्लेखनीय पक्ष के छ भने अधिकांश घरका ज्येष्ठ सदस्यहरूको विवाह रातमा भएको थियो । उनीहरूका अनुसार रातको विवाहमा मानिसहरूले रक्सी सेवन गरी झैझगडा र कुटामारी हुन्छ । त्यस्तै रातको विवाह लामो भई धेरै समय लाग्ने र धेरै पाहुनालाई पाल्नुपर्ने हुँदा बढी खर्चिलो समेत हुन्छ । रातको विवाहमा रातभरि अनिदो बस्नुपर्ने हुँदा अनिदो बस्न गाह्रो हुन्छ । रातमा इष्टमित्र, जन्तीहरूलाई बासको व्यवस्था गर्न गाऱ्हो हुन्छ । रातिको विवाहमा दोहोरी भतेर खुवाउनु पर्ने हुँदा माइती पक्षलाई बढी आर्थिक भार पर्दछ । रातको विवाह गर्न टाढा जानु पर्दा सुरक्षाको पनि समस्या पर्दछ । त्यस्तै आजकल टाढाटाढासम्म जानको लागि यातायातका साधनहरू पाइने हुनाले धेरै टाढा पनि दिनमा नै जान सम्भव हुन थालेको छ ।

पहिला धेरै प्रचलनमा रहेको रातिमा विवाह गर्ने तरिका अहिले अत्यन्त कम प्रचलित छ । धेरै टाढा जानु पर्दा दिनमा सम्भव नहुने अवस्थामा बाहेक सामान्य अवस्थामा रातको विवाह गरिँदैन । यसमा मुख्य भूमिका खेल्ने तत्त्वहरूमा यातायातका साधनहरूको विकास, मानिसहरूको व्यस्तता बढी भएर लामो समय विवाहको लागि दिन नसक्नु हो । पहिला

विवाहलाई मनोरञ्जनको साधनको रूपमा पनि लिइन्थ्यो भने अहिले मनोरञ्जनका अन्य साधनहरूको विकासले गर्दा पनि यसलाई कम चासोको रूपमा हेर्न थालिएको छ ।

# अध्याय-छ

# अध्ययनको सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

यो अध्ययन नेपालका ब्राह्मण, क्षत्री समूहको विवाह संस्कारसँग सम्बन्धित रहेको छ । नेपालभर र विदेशमा समेत छरिएर रहेका ब्राह्मण, क्षत्री समूहको विवाह संस्थामा आएका परिवर्तनहरूको अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्रमा बसोबास गर्दै आएका ब्राह्मण, क्षत्री समूहमा प्रचलित विवाह संस्थामा आएका परिवर्तनका पक्षहरूको विश्लेषण गरी उक्त क्षेत्रमा रहेका ब्राह्मण, क्षत्री समूहको विवाह संस्थामा परिवर्तन ल्याउन मूख्य भूमिका खेल्ने कारक तत्त्वको पहिचान गरी व्याख्या गर्नु यो अध्ययनको मुख्य उद्देश्य रहेको छ । अध्ययनको लागि उद्देश्यपूर्ण नमुना छनैट विधि अनुसार फेदीखोला गा.वि.स.को वडा नं. २ मा बसोबास गर्ने ब्राह्मण, क्षत्रीहरूका कुल १३४ घरधुरीमध्ये ८२ घरधुरीलाई छनौट गरिएको थियो । छनौटमा परेका घरधुरीहरूको घरमा नै पुगेर घरको जेष्ठ सदस्यहरूबाट तथा जेष्ठ सदस्यले प्रतिक्रिया दिन नसके वा नभेटिएको खण्डमा उपलब्ध जेष्ठ सदस्यबाट संरचित प्रश्नावलीमा भएका तथ्य र धारणाहरू बुझी प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो । संकलन गरिएका तथ्याङ्कहरूलाई तालिकीकरण गर्दा एकचलीय र बहुचलीय तालिका बनाइ त्यसको आधारमा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिएको छ । अधिकांश तथ्याङ्कहरूलाई प्रतिशतको आधारमा व्याख्या विश्लेषण र तुलना गरिएको छ ।

अध्ययनको लागि छानिएको अध्ययन क्षेत्र स्याङ्जा जिल्लाको फेदीखोला गा.वि.स. वडा नं. २ सिद्धार्थ राजमार्ग वरिपरि पर्दछ । राजमार्ग नजिक सहरी परिवेश र राजमार्गबाट केही दुरीपरका स्थानमा गाउले परिवेश पाउने हुँदा यो अर्धसहरी परिवेशमा आधारित छ । पोखराबाट दक्षिण पश्चिम करिब १८ कि.मी. दुरीमा रहेको उक्त क्षेत्र स्याङ्जाको सदरमुकामबाट पनि लगभग त्यति नै दुरीमा उत्तरी दिशामा पर्दछ ।

यो क्षेत्र धेरै जातजातिको बसोबास क्षेत्र हो । यहाँ बसोबास गर्ने जातिहरूमा क्षत्री, ब्राह्मण, गुरुङ, कामी, दमाई, सार्की, नेवार र मुसलमान छन् । यहाँका मानिसहरूले हिन्दू, बौद्ध र मुस्लिम धर्म मान्दछन् । यहाँको आम्दानीको मुख्य स्रोत कृषि हो भने अन्य

स्रोतहरूमा वैदेशिक रोजगारी स्वेदशमा रोजगारी, पेन्सन, व्यापार, व्यवसाय र ज्यालामजदुरी रहेका छन् । आम्दानीको हिसाबले मध्यम र निम्न वर्गका मानिसको बाहुल्यता रहेको छ । यातायात, सञ्चार, स्वास्थ्य, शिक्षाको विकासले गर्दा बजारक्षेत्रमा जनघनत्व बढी र गाउँमा जनघनत्व कम छ । सामुदायिक र निजी शैक्षिक संस्थाहरू रहेको यहाँको शैक्षिक स्थिति पनि मध्यम किसिमको छ । उच्च शिक्षाको लागि एक सामुदायिक उच्च मा.वि. र स्नातक तहको क्याम्पस छन् ।

अध्ययनको क्रममा अध्ययन क्षेत्रमा पाइएका विवाह संस्थामा परिवर्तनका मुख्य पक्षहरू यसप्रकार छन् :

- यहाँका ब्राह्मण, क्षत्रीहरूमा परम्परागत रूपमा चलिआएको मागी विवाह र आधुनिक प्रेम विवाह प्रचलित छन् । पुरानो पुस्तामा मागी विवाह गर्ने चलन बढी भए पनि युवा पुस्तामा प्रेम विवाह बढी प्रचलनमा छ ।
- विवाह गर्दा पहिला रातको विवाहमा सम्पूर्ण विधिविधान पुऱ्याएर घरमा नै गर्ने गरिएकोमा हाल आएर दिनको विवाहमा मुख्य विधिहरू संक्षिप्त रूपमा गरेर मन्दिरमा विवाह गर्ने चलन बढी प्रचलनमा आएको छ ।
- पुरानो पुस्तामा बालककालमा नै विवाह गर्ने र जोडाजोडीको उमेरको अन्तर धेरै हुने गरेकोमा अहिले परिवर्तन भएर उमेर परिपक्व भएपछि आत्मनिर्भर भएर विवाह गर्ने र जोडाजोडीको उमेरको अन्तर कम गरी लगभग बराबरी उमेरका केटाकेटीहरूको बिचमा विवाह गर्ने चलन चल्न थालेको छ । बालविवाह लगभग हटेको पाइन्छ ।
- आफ्नै जातभित्र फरक गोत्रमा विवाह गर्ने चलन ब्राह्मण, क्षत्री समूहमा चल्दै आएको र अन्तरजातीय विवाहको चलन पनि चल्न थालेको छ । युवापुस्तामा अन्तरजातीय विवाहका घटनाहरू वृद्धि हुँदै गएका छन् ।
- पुनः विवाह र विधवा विवाह गर्न हुँदैन भन्ने मान्यता रहेको ब्राह्मण, क्षत्री समूहमा पुनः विवाह र विधवा विवाहलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आई व्यक्तिको इच्छामा गर्न सकिन्छ भन्ने धारणा पाइएको छ । पुनः विवाह र विधवा विवाहका घटनाहरूमा वृद्धि भएको छ ।
- विवाहको समयमा बारीका कुनामा दुनाटपरीमा खाने जन्तेबाखोको चलन हटेर अहिले विवाहको प्रितीभोज क्याटरिङ वा व्यवसायिक कुकले तयार गरी होटल वा

पार्टीप्यालेसहरूमा गर्न थालिएको छ । विवाहमा हुने पैचो सरसापट र सहयोगको तरिकामा परिवर्तन भइ व्यवसायीकरण हुँदै गएको छ ।

- मागी विवाह गर्दा आफ्ना अभिभावकले आफ्ना छोराछोरीको लागि जोडी छनौट गर्ने आधारहरूमा परिवर्तन आएको छ । पहिला खेतीपाती र घरव्यवहारमा आवश्यक पर्ने गुणहरूलाई ध्यान दिने गरिएकोमा अहिले पढाइ, पेसा, सम्पत्ति र सीप भई आफै जीविकोपार्जन गर्न सक्ने भएकालाई बढी प्राथमिकता दिन थालिएको छ ।
- पहिला नजिक चिनेजानेको ठाउँमा आफ्ना आफन्तहरूको सहयोगमा मागी विवाह हुने गरेकोमा अहिले विवाहलाई नजिक, टाढा, देश विदेशजस्ता सीमाहरूले निर्धारण गर्ने परम्परामा परिवर्तन आएको छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने ब्राह्मण, क्षत्री समूहको विवाह संस्थामा आएका माथि उल्लेखित पक्षहरूमा परिवर्तन ल्याउन मुख्य भूमिका खेल्ने तत्त्व (कारण) हरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

- परम्परागत रूपमा चलिआएको मागी विवाहको सट्टा युवापुस्तामा प्रेम विवाहको प्रचलन बढ्नुको कारण शिक्षा र चेतनाको वृद्धि भई आफ्नो जीवनसाथी छान्दा आफ्नो इच्छा चाहना अनुसार आफैले स्वतन्त्रतापूर्वक छान्ने व्यक्तिगत स्वतन्त्रतामा वृद्धि हुनु हो ।
- पहिलाको आर्थिक क्रियाकलापको मुख्य स्रोत कृषि थियो तर अहिले जीविकोपार्जन उपायहरूमा परिवर्तन आई मानिसको व्यस्तता बढेको छ । सामाजिक सम्बन्धहरूमा परिवर्तन आउँदा पहिला जस्तो सरसहयोग गर्ने भावनामा परिवर्तन आई घरमा रातको समयमा लामो विधि अनुसार विवाह नगरी दिनमा, मन्दिरमा छोटो र छिटो विवाह गर्ने चलन चल्न थालेको छ ।
- सानो उमेरमा विवाह गर्दा शिक्षाबाट बञ्चित हुने, आमा र बच्चाको स्वास्थ्यमा नराम्रो असर पर्ने र आत्मनिर्भर भएर मात्र विवाह गर्नुपर्छ भन्ने मान्यताले गर्दा विवाह गर्ने उमेर बढ्दै गएको पाइन्छ । यसलाई जीविकोपार्जनको उपायले पनि असर गरेको छ । पहिला कृषि पेसा गर्नको लागि मानिसको आवश्यकता पर्ने हुँदा छिटो विवाह गर्ने चलन थियो भने अहिले आत्मनिर्भर हुनको लागि शिक्षा र सीप सिक्दा स्वतः विवाह गर्ने उमेर बढ्दै जान्छ ।

- विवाह गर्ने जोडीको उमेरमा असमानता हुँदा उनीहरूका इच्छा, चाहना, रुचिमा फरक पर्ने, लामो समय एकल जीवन जिउनुपर्ने, रुची, इच्छा, चाहना नमिल्दा पारिवारिक जीवन विच्छेद हुने भएकोले जोडा जोडीको उमेरको अन्तर कम हुने गरेको छ । यसमा कानुनी बन्देज पनि एउटा कारण हो ।
- लैङ्गिक स्थितिमा आएको परिवर्तन, महिला स्वतन्त्रतामा वृद्धि, महिलाले घरभन्दा बाहिर निस्केर आयआर्जन गरी आत्मनिर्भर हुन थालेकोले पहिला जस्तो पारिवारिक दबाब र हिंसा सहेर बस्ने प्रवृत्तिमा कमि आएको छ । यसले गर्दा विवाह विच्छेदका घटना र विधवा विवाहका घटनामा वृद्धि भएको छ । शिक्षा र चेतनाले गर्दा विधवालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । विवाह विच्छेदलाई पश्चिमी प्रभावले पनि केही असर गरेको छ ।
- दाइजोको रूपमा जिन्सी सामानको सट्टामा नगदको चलन विस्तारै बढ्दै गएको छ । जिन्सी सामान दिँदा तिनीहरू सबैको उचित प्रयोग नहुने तर नगद भएमा आफ्नो आवश्यकता अनुसार जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने हुँदा यसको प्रयोग बढ्नु स्वभाविक देखिन्छ ।
- परम्परागत रूपमा रहेको पुर्ख्यौली पेसाले नयाँ पुस्ताको जीवन निर्वाह कठिन बन्दै गएकोले बाबुआमाले आफ्ना छोराछोरीको विवाह गर्दा घरभित्रको धन्दा गरिखाने भन्दा घरबाहिर आयआर्जन गर्न सक्ने बुहारीको छनौट गर्न थालेका छन् । सामान्तवादी अर्थराजनीति अन्तगर्तको मागी विवाह पद्धति आफै कमाइ गरी खाने पुँजीवादी अर्थराजनीतिको प्रेम विवाह पद्धतिमा रूपान्तरणको क्रममा रहेकोले यस्तो परिवर्तन देखा पर्दैछ ।
- यातायात, सञ्चार तथा विभिन अनलाइन मिडियाहरूको प्रभावले पहिला नजिक विवाह गर्ने चलनमा परिवर्तन भएकोले विवाहलाई दूरीको आधारमा निर्धारण गर्ने चलन हट्दै गएको छ ।
- आजका युवापुस्तामा शिक्षा, चेतना, सञ्चारका माध्यमहरूको प्रभावले जातभात र छुवाछुतको भावनामा कमी आउँदैछ । यसले अन्तरजातीय विवाह गर्ने प्रवृत्ति बढ्दै गएको छ । सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गरेकोले पनि यसमा वृद्धि भएको हो ।

) सामाजिक सम्बन्धमा आएको परिवर्तन, युवाशक्ति रोजगारीको क्रममा विदेश वा सहरतिर आकर्षित हुनु, बजारक्षेत्रमा पर्याप्त मात्रामा विवाह तथा भोज गर्ने जग्गाको अभावले गर्दा आजकलका विवाह मन्दिर, होटल र पार्टी प्यालेसमा हुन थालेका छन् ।

## ६.२ अध्ययनको निष्कर्ष

नेपालका ब्राह्मण, क्षत्रीहरूको विवाह संस्थामा धेरै परिवर्तनहरू आएका छन् । परम्परागत रूपमा चलिआएको मागी विवाह गर्ने परम्परामा परिवर्तन आई आफैले इच्छा अनुसार जोडी छान्ने प्रेमविवाहको चलन बढ्दो रूपमा छ । सानै उमेरमा विवाह गर्ने चलनमा परिवर्तन भई शिक्षा सीपआर्जन गरी परिपक्व भएर मात्र विवाह गर्ने चलन चल्दै गएको छ भने विवाहित जोडीको उमेरको अन्तर पनि कम हुँदैछ । रातमा घरैबाट लामा विधिविधानहरूद्वारा गरिने विवाहको सट्टा दिनमा, मन्दिरबाट गरिने संक्षिप्त र आवश्यक विधिविधानहरू मात्र गरिने छरितो विवाह पद्धतिहरू प्रयोगमा आउन थालेका छन् । ब्राह्मण-क्षत्री समूहमा अग्नि साक्षी राखी गरिएको विवाह जन्मजन्मान्तरको सम्बन्ध मानी सम्बन्धविच्छेद हुनै नसक्ने मान्यता रहेकोमा सम्बन्ध विच्छेदका घटनाहरू बढेका छन् । त्यस्तै विधवालाई हेर्ने दृष्टिकोण र विधवा विवाहको बारेमा पनि सकारात्मक सोचाइ आइरहेको छ । युवापुस्तामा जातभात र छुवाछुतको चलन हट्दै जाँदा अन्तरजातीय विवाहको चलनपनि बढ्दै गएको छ । विवाहमा दाइजोको चलन बढ्दै गइरहेको छ । पहिला घरमा नै गरिने वैवाहिक कार्यक्रम र विवाह भोज अहिले मन्दिर र पार्टी प्यालेसहरूमा हुने गरेको छ । वैवाहिक भोजमा हुने सरसहयोग सरसापटको तरिकामा परिवर्तन आई व्यवसायीकरण हुन थालेका छन् । छोरा र छोरीको लागि उपयुक्त जोडी छनौट गर्दा ध्यान दिइने पुराना मापदण्डहरूमा परिवर्तन आई विवाहलाई आर्थिक आयआर्जनको लागि पेसा गरि आत्मनिर्भर हुन सक्ने मापदण्डलाई छनौटको प्रमुख आधार मान्न थालिएको छ । विवाहलाई नजिक, टाढा र राष्ट्रियताको साँघुरो घेराबाट हर्ने चलनमा क्रमशः ह्रास आउँदै छ । आफ्नो इच्छा, चाहना, रुचि मिल्ने जीवनसाथी जहाँ पाइन्छ त्यही विवाह गर्ने परिपाटीको थालनी हुँदै गएको छ ।

ब्राह्मण, क्षत्री समूहमा परम्परागत रूपले चलि आएका विवाहका रूपहरूमा धेरै परिवर्तनहरू आएका छन् । पुरानो कृषि प्रणालीमा आधरित समाज विस्तारै परिवर्तन भई गैर कृषि समाजमा रूपान्तरण हुने क्रममा रहेकोले समाजमा स्थापित पुराना मूल्य र

मान्यताहरू परिवर्तन भइरहेका छन् । कृषिमा आधारित जीविकोपार्जनको रूपमा फेरिएको छ । शिक्षा, सूचना र संचारको विकासले पनि पुराना मूल्य र मान्यताहरूमा परिवर्तन ल्याइरहेका छन् । समाजमा रहेका हरेक संरचना र मान्यताहरूमा अन्तरविरोधहरू कायम छन् । पुरानो पुस्ता र नयाँ पुस्ताको बिचमा पुस्तागत र वैचारिक द्वन्द्वहरू चलेका छन् । त्यसको असर ब्राह्मण, क्षत्री समूहको विवाह संस्थामा परेको छ । विवाहमा स्थापित पुराना मूल्य र मान्यताहरू समयसँगै परिवर्तन हुने क्रममा छन् । आजको युवापुस्ताले लामो समयसम्म आफ्नो काँधमा जिम्मेवारी बहन गर्न नचाहदा विवाह गर्ने उमेरमा वृद्धि भएको छ । कृषिमा आधारित जीविकोपार्जनका उपायहरूमा परिवर्तन आउँदा जोडी खोज्ने तरिकामा पनि परिवर्तन भएको छ । पुराना सामाजिक सम्बन्धहरूमा परिवर्तन भएर पहिला जस्तो गाउँघरमा भोजभतेर लगायत मर्दापर्दा गरिने सरसहयोगको भावनामा कमी आएको छ । सामूहिक स्वार्थ भन्दा व्यक्तिवाद र व्यवसायीकरण हावी हुँदै गएको छ । महिला स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रता र आयआर्जनमा महिलाको पहुँच बढ्दा विवाहमा हुने लैङ्गिक अवस्थामा परिवर्तन भइरहेका छन् ।

# सन्दर्भ सामग्री

Acharya, Bala Ram (1997/ 98). *Sociological Analysis of Divorce*; A case study from Pokhara Nepal an Enprical Study (Unpublished Masters Degree Dissertation)

Bennett, Lynn (1983), *Dangerous wives and sacred sisters*; Social & Symbolic roles of highcast women in Nepal. New York : Columbia University Press, USA.

Bhattachan K.B., and Mishra Chaitanya (2000), *Development practices in Nepal*; Central department of sociology and antropology Tribhuvan University Kathmandu.

Bhushan Vidhya and D.R. Sachdeva (2008), *An Introduction to Sociology;* Allahabad : Kitab Mahal, India.

Bohannan, Paul and Mark Glazer (1988). *Highpoints in anthropology*, Second Edition, New York. USA.

Cameron Mary, *Negotiating Marriage in Nepal bride price and untouchable women in work.*

Doshi, S.L. and P.C. Jain (2002). *Social Antropology;* Jaipur : Rawat Publication, India.

Ember, Carol R. and Melvin Ember (2002). *Antropology;* New York : Printice Hall, USA.

Gidden, Anthony (2001). *Antropology;* Polity Press, USA.

Jha, Makhan (1994). *An introduction to anthropological thoughts*; New Delhi: Vikas publishes house, India.

Jong A.J. Julie, Dirgha J. Ghimire Arland Thornton, and Lisa Pearce (2006). *Developmental Idealism and changing model of marriage;* Population Studies Centre, University of Michigon, USA.

Khatiwada, Suman (2008). *Wedding Customs in Nepal;* Rice University, USA.

Kothari, C.R. (1990). *Research Methodology;* New Delhi: Wishwa Prakashan, India.

Marshall, Gorden (1998). *Dictionary of sociology;* Second Edition, Oxford University press.

Matouschek, Niko and Imran Rasault (2006). *The economics of marriage contract: Theories and evidence;* Cornel Evolvins Family Conference.

Minja Kim Choe, Shyam Thapa and Vinod Mishra (2004). *Early Marriage and Early Motherhood in Nepal;* Cambrige University Press.

Mishra, Chaitanya (2007). *Eassays on the sociology of Nepal;* Kathmandu : Fine print Inc.

Regmi, Rishikeshab Raj (1999). *Dimensions of Nepali Society and Culture;* Kathmandu : SAAN Research insititue.

Regmi, Rishikeshab Raj (2003). *The essentials of sociology;* Kathmandu : Buddha Academic Publication.

Ritzer, George (1992). *Sociological Theory;* Third Edition. New Delhi : Mc Graw Hill.

Thapa, Shyam (1996). *Child marriage in Nepali, It's Prevalence and correlates;* CNAS (volume 23 No. 2, July).

Tylor, E.B. (1999). *Dictionary of anthropology*; New Delhi: W.R. Goyal Publishers and distributer, India.

Unicef (2001). *Early Marriage and child spouses;* Florence: Innocent research centre, Italy.

अधिकारी, रेशराज (२०६४). *समाजशास्त्र र मावशास्त्रको परिचय ;* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

एन्गोल्स फ्रेडरिख (१९८६). *परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति ;* मास्को : प्रगति प्रकाशन ।

विष्ट, डोर बहादुर (२००५). *सबै जातको फूलवारी ;* ललितपुर : हिमाल किताब ।

गुरुङ, गणेशमान, डिक बहादुर राई (२०६७). *समाजशास्त्र ;* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

*फेदीखोला गा.वि.स.को वस्तुस्थिति विवरण २०६८* ; फेदीखोला : फेदीखोला गा.वि.स.को कार्यालय, स्याङ्जा ।

भण्डारी, कृष्ण प्रसाद (२०५८). *शारीरिक मानवशास्त्रको परिचय ;* काठमाडौं : एम.के. पब्लिकसर्स ।

मिश्र, चैतन्य (२०६५). *बदलिँदो नेपाली समाज ;* काठमाडौं : फाइनप्रिन्ट आइएनसी ।

सुवेदी, मघुसुदन (२०५६). *हिन्दू विवाहको इतिहास ;* सानेपा : श्रीमती सानुमाया सुवेदी, ललितपुर ।

क्षत्री, गणेश र रामचन्द्र रायमाझी (२०६१). *मानवशास्त्र र समाजशास्त्रको परिचय ;* काठमाडौं, एशिया पब्लिकेशन ।

अनुसूची '१'

## ब्राह्मण-क्षेत्री समूहको विवाह संस्कारमा आएका परिवर्तनहरु
## स्याङ्गजा जिल्लाको फेदीखोलामा आधारित एक अध्ययन

**सहभागीका नाम :** **गा.वि.स.** **वडा.नं.:**

खण्ड 'क'

| **क.सं.** | **विवरण** | **सूचकहरु** |
|---|---|---|
| १. | टोल | |
| २. | जति | १. ब्राम्हण २. क्षत्री |
| ३. | धर्म | १. हिन्दू २. बौद्ध ३. अन्य ...... |
| ४. | आम्दानीको मुख्य श्रोत | १. कृषि २. वैदेशिक रोजगारी<br>३. स्वदेशमै रोजगार<br>४. व्यापार व्यवसाय ५. पेन्सन |
| ५. | परिवार संख्या | |
| ६. | परिवारको प्रकार | १. एकल २. संयुक्त ३. वृहत |
| ७. | उत्तरदाता बसाइँ सरी आएको भए कति वर्ष अघि | |
| ८. | उत्तरदाता तथा उसको छोरा वा दाजुभाइको कुल परिवार संख्या (अध्ययन स्थलमा भएका मात्रै) | |

खण्ड 'ख'

**जनसांख्यिक विवरण**

क) अविवाहित

| **क.सं.** | **नाता** | **उमेर** | **लिङ्ग** | **शिक्षा** | **पेसा** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# v08 ‘u’

## ख) विवाहित सदस्य विवरण

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | नाता | उमेर | लिङ्ग | शिक्षा | पेसा | विवाहको भएको उमेर | जोडा वा जोडीको उमेर | विवाह को प्रकार | सजातीय अन्तर जातीय | वैवहिक अवस्था | विवाह गरेको स्थान | माइती/ससुराली स्थान | छनौट प्रक्रिया | विधि | दाइजो |
| १ | आफै | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | | | | |

## खण्ड 'घ'

१. तपाईंको गाउँमा कस्तो खालको विवाह प्रचलनमा छ ?

क) मागी ख) प्रेम ग) प्रेम मार्फत मागी

२. किन यस्तो विवाह बढी प्रचलनमा आएको होला ?

.........................................................................

३. पहिले र अहिले विवाह गर्ने उमेरमा परिवर्तन आएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

४. यदि आएको छ भने यसको कारण के होला ?

.........................................................................

५. पहिले र अहिले हुने विवाहका विधि विधानमा फरक छ ?

क) छ ख) छैन ग) थाहा छैन

६. यदि छ भने केमा परिवर्तन भएको छ ?

.........................................................................

७. यसरी विवाहका विधि विधानमा परिवर्तन हुनाका कारणहरु के होलान् ?

.........................................................................

८. तपाईंको विचारमा विवाह विच्छेदका घटनाहरु बढेका छन् ?

क) बढेका छन् ख) बढेका छैनन् ग) थाहा छैन

९. यदि बढेका छन् भने यसको कारण के होला ?

.........................................................................

१०. कस्तो किसिमको विवाहमा सम्बन्ध विच्छेदका घटनाहरु बढी छन् ?

क) मागी ख) प्रेम ग) प्रेम मार्फत मागी

११. यस्तो हुनाको कारण के होला ?

.........................................................................

१२. अन्तरजातीय विवाहको चलन बढ्दै गएको हो ?

क) हो ख) होइन ग) थाहा छैन

१३. यदि बढ्दै गएको हो भने यसको कारण के होला ?

...........................................................................

१४. विवाहमा दाइजो ल्याउने चलन बढेको वा घट्दै गएको हो ?

क) बढेको हो ख) घटेको हो ग) थाहा छैन

१५. यदि दाइजो ल्याउने चलन बढेको हो भने यसको कारण के होला ?

...........................................................................

१६. यदि दाइजो ल्याउने चलन घट्दै गएको हो भने यसको कारण के होला ?

...........................................................................

१७. विवाहमा हुने भोजभतेरको तरिकामा परिवर्तन आएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

१८. यदि छ भने केमा परिवर्तन भएको छ ?

...........................................................................

१९. पुनः विवाह गर्ने प्रचलन बढेको छ ?

क) बढेको हो ख) घटेको हो ग) थाहा छैन

२०. पुनः विवाह गर्ने चलन किन बढेको होला ?

...........................................................................

२१. तपाईंले छोराको विवाह गर्दा कुन कुन पक्षलाई बढी महत्व दिनुभयो/ दिनुहुन्छ ?

क) ................... ख) ................... ग) ................... घ) ...................

२२. यसको कारण के होला ?

...........................................................................

२३. तपाईंले छोरीको विवाह गर्दा कुन कुन पक्षलाई बढी महत्व दिनुभयो/ दिनुहुन्छ ?

क) ................... ख) ................... ग) ................... घ) ...................

२४. यसको कारण के होला ?

.........................................................................

२५. विवाह गर्ने जोडीमा उमेरको अन्तर बढेको छ कि घटेको छ ?

क) बढेको छ ख) घटेको छ ग) थाहा छैन

२६. बढेको वा घटेको छ भने किन ?

.........................................................................

२७. तपाईंको गाउँघर वा छरछिमेकमा विधवा विवाह हुन थालेको छ ?

क) हो ख) होइन ग) थाहा छैन

२८. यदि हुन थालेको छ भने यसको कारण के होला ?

.........................................................................

२९. तपाईंको छरछिमेकमा गाउँ नजिकै वा टाढा विवाह गर्ने चलन छ ?

क) नजिकै ख) टाढा ग) बराबरी जसो

३०. यदि नजिकै गर्ने चलन भए किन होला ?

.........................................................................

३१. यदि टाढा गर्ने चलन भए किन होला ?

.........................................................................

३२. आजकल विवाह प्रायजसो कहाँ हुने गरेको छ ?

क) घरैमा ख) मन्दिरमा ग) अन्य ठाउँमा ...........

३३. किन होला ?

.........................................................................

३४. अहिले दिनमा विवाह गर्ने चलन बढ्दै गएको हो ?

क) हो ख) होइन

३५. यदि दिनमा विवाह गर्ने चलन बढ्दै गएको हो भने यसको कारण के होला ?

.........................................................................